




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७०
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

बुधबार साउन ३०, २०७५ | Wednesday, August 15, 2018 | www.newsofnepal.com | नेस ११३८ गुंलाथ्व ४ | वर्ष २४, अंक २१७ | पृष्ठ १२ | मूल्य रु १०/-



२ { भूकम्प पीडितलाई राज्यले भुक्यायो

५ { 'उद्योग स्थापनामार्फत रोजगारी सिर्जना गर्नुपर्छ'

८ { शान्ति सन्धिमा हस्ताक्षर गर्न आह्वान

९ { नापी कार्यालयमा शक्तिशाली बम विस्फोट


### बन्दको मारमा विद्यालय

# ३५ हजार विद्यालयका ७० लाख विद्यार्थी प्रभावित

ईश्वरराज ढकाल, काठमाडौं

विप्लव निकट माओवादीद्वारा आह्वान गरिएको बन्दको प्रत्यक्ष प्रभाव विद्यालयमा परेको छ। बन्दका कारण देशभरका सरकारी र निजी विद्यालय बन्द भएका छन्।

सरकारले विद्यालयलाई शान्तिक्षेत्र घोषणा गरेको ७ वर्ष पुगिसके पनि कार्यान्वयनमा ल्याउन नसक्दा जसले बन्द घोषणा गरे पनि विद्यालय बन्द हुने गरेका छन्। नियमनकारी निकाय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बन्द विद्यालय खुला गर्ने विषयमा कुनै चासो नदेखाउँदा अधिकांश बन्दको मारमा विद्यालय परेका छन्।

विप्लव निकट नेकपा माओवादीको विद्यार्थी संगठनले गएको वैशाख २२, जेठ २१ र असार ३ गरी तीन पटकसम्म विद्यालय बन्द गरिसकेको छ। विद्यालय बन्द भएको यो वर्षमा यो चौथो पटक हो।

पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) पक्राउ गरेको विरोधमा पार्टीले देशव्यापी आम हड्ताल आह्वान गरेको थियो। अन्य क्षेत्रमा बन्दको खासै असर नपरे पनि मंगलबारको बन्दको प्रत्यक्ष असर शिक्षा क्षेत्रमा परेको छ।

सरकारले विद्यालय शान्तिक्षेत्र निर्देशिका जारी गरेलगत्तै सबै पार्टीका अध्यक्षले कुनै पनि बन्दमा विद्यालय बन्द नगर्ने प्रतिबद्धता जनाउँदै हस्ताक्षरसमेत गरेका थिए। तर अहिले बन्दमा विद्यालय ठप्प हुँदा सबै पार्टी चुपचाप बसेका छन्। शिक्षा मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालले निर्देशिकालाई कडाइका साथ लागू गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी यो विषयमा गम्भीर छौं, विद्यालय बन्द भएको विषयमा गहन छलफल गर्नेछौं।'

मंगलबार बिहानी कलेज र विद्यालय पुगेका लाखौं विद्यार्थी बन्दको हल्ला भएपछि फर्किएका थिए। बन्दको कारण मुलुकभरका ३५ हजार सरकारी र निजी विद्यालयका करिब ७० लाख विद्यार्थी पढ्नबाट वञ्चित भएका छन्। अभिभावक संघ नेपालका पूर्व अध्यक्ष सुप्रभात भण्डारी सरकार आफैले जारी गरेको निर्देशिका लागू गर्न नसकेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'सबै क्षेत्र बन्द भए पनि विद्यालय खुला गर्नुपर्छ। खै सरकारले पहल गरेको? कसैले बन्द भन्यो कि विद्यालय बन्द हुन्छन्, लाखौं विद्यार्थीहरू पढ्नबाट वञ्चित हुन्छन्।

प्याब्सनका वरिष्ठ उपाध्यक्ष डीके ढुंगानाले बन्दका कारण लाखौं विद्यार्थीमा गम्भीर असर परेको बताउनुहुन्छ। सधैं बन्दको मारमा विद्यालय पर्ने गरेका छन्।

उहाँले सरकारले सुरक्षाको बन्दोबस्त गरे आफूहरू विद्यालय खोल्न तयार रहेको बताउनुभयो। 'खै सुरक्षा? सरकारले विद्यालयलाई सुरक्षा दिने प्रतिबद्धता जाहेर गरे देशैभरका निजी विद्यालय खुला गर्नेछौं।' - उहाँको भनाइ थियो।

विप्लव निकट अनेरास्ववियुका पूर्व अध्यक्ष पूर्णबहादुर सिंहले बिनाकारण आफ्ना नेतालाई पक्राउ गरेको विरोधमा बन्द गरेको जानकारी दिनुभयो। विद्यालय बन्द गरेको विषयमा उहाँको भनाइ थियो- 'बन्द भनेपछि सबै निकाय बन्द हुन्छन् यो वा त्यो भन्ने विषय नै हुँदैन।'

## बन्दको प्रभाव न्यून

काठमाडौं, (नेस)

नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आयोजना गरेको नेपाल बन्दको सामान्य प्रभाव परेको छ। पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड)सहित अन्य केन्द्रीय नेताहरूको रिहाइको माग गर्दै मंगलबार नेपाल बन्द आह्वान गरिएको थियो।

राजधानीलगायत देशको विभिन्न भागमा आगजनी, बम विस्फोटलगायत आतंक मच्चाउने घटनाले आम जनजीवन त्रसित भए पनि बन्दको अवज्ञा भएको छ। बन्दको आह्वानका साथ राजधानीलगायत विभिन्न ठाउँमा बमलगायत शंकास्पद वस्तु राखेर जनजीवनलाई त्रसित बनाइएको थियो। कतिपय जिल्लामा आन्दोलनकारीले स्कुल बस तथा सार्वजनिक बसमा आगजनीसमेत गरेका थिए। बन्दको कारण अधिकाशं शैक्षिक संस्था बन्द गरिएको कारण विद्यार्थीहरू प्रभावित भएका छन्।

काठमाडौं, भक्तपुर, ललितपुरलगायत उपत्यकाबाहिरका जिल्लामा फेला परेका बम तथा शंकास्पद वस्तुलाई सुरक्षाकर्मीले निस्क्रिय परेका थिए। बन्दको दिन सुरक्षा व्यवस्था मजबुत बनाउन काठमाडौंमा २ हजारभन्दा बढी प्रहरी परिचालन गरिएको काठमाडौं प्रहरी प्रमुख एसएसपी विश्वराज पोखरेलले बताउनुभयो।

अज्ञात व्यक्तिहरूले नैकाप सुन्दरीजलमा भेटिएको बमलाई सेनाले डिस्पोज गरेको थियो। कतिपय ठाउँमा बम भन्दै शंकास्पद वस्तुमात्र राखिएको थियो। भक्तपुरको सूर्यविनायक, आदर्श चोक र लोकन्थलीमा राखिएका प्रेसर कुकर बम सेनाले निस्क्रिय पारिएको थियो। अज्ञात समूहले ललितपुरको ग्वार्को, थसिखेल र बटुकभैरवमा फोहोरको थुप्रोमा राखिएका शंकास्पद वस्तु सुरक्षाकर्मीले निस्क्रिय पारेका थिए। प्रधानमन्त्री केपी शर्मा ओलीको गृह जिल्ला झापामा पनि बम विस्फोट गराइएको थियो।

बन्दको आह्वान गर्दै हिँडेको अवस्थामा काठमाडौं प्रहरीले नेकपाका २ जना कार्यकर्तालाई जमलबाट बमसहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा नेत्रविक्रम चन्दनिकट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य उषाकिरण आजाद र काठमाडौं जिल्ला सचिव तारा सञ्ज्याल रावल रहेको बताइएको छ।

स्कुल, कलेज बन्दका कारण उपत्यकामा सवारी साधनको चाप भने तुलनात्मक रूपमा मंगलबार केही कम भएको देखिन्थ्यो। उपत्यकाबाहिर लामो दूरीमा चल्ने सवारी साधानको संख्यामा पनि कमी आएको थियो। मकवानपुरको टिस्टुङमा एक स्कुल बसमा आगजनी भएको थियो। भन्सार छुटाएर काठमाडौं ल्याउँदै गरिएको स्कुल बसमा आगजनी भएको प्रहरीले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# मुद्दा दर्ता कसरी गर्ने श्रीमान् ?

प्रशान्त वली, काठमाडौं

नयाँ मुलुकी ऐन लागू हुन केही दिनमात्रै बाँकी रहँदा उक्त ऐनअनुसार मुद्दा कसरी दर्ता गर्ने, अदालतीय शुल्क कति लाग्ने? भन्ने जस्ता विषयमा सर्वसाधारण नागरिक अलमलमा परेको पाइएको छ। उनीहरूले यसबारे सरकार र सम्बन्धित निकायबाट आफूहरूलाई कुनै जानकारी नदिइएको गुनासो गरेका छन्।

काठमाडौं, कीर्तिपुर निवासी अनिल महर्जनले भन्नुभयो- 'नयाँ कानुन त आउँदै छ रे तर मुद्दा दर्ता कसरी गर्ने होला, कसैले भनेको छैन।' दाङ घर भएका नारायण पोखेलले भन्नुभयो- 'मेरो घरजग्गासम्बन्धी मुद्दा सर्वोच्चमा चलिरहेको छ। नयाँ ऐन आएपछि पनि फेरि दर्ता पो गर्नुपर्ने हो की कसो?' धादिङका युवराज अधिकारीको भनाइ पनि यस्तै छ। उहाँले अनभिज्ञता प्रकट गर्दै भन्नुभयो- 'नयाँ ऐन त आयो मुद्दा दर्ता गर्न नै धेरै पैसा लाग्छ रे। हो र हजुर? गरिबका मुद्दा दर्ता गर्ने दिन गए त अब?'

यद्यपि भदौ एकदेखि दर्ता हुने मुद्दा मात्र नयाँ ऐनअनुसार चल्ने बताउँदै यसबारे सर्वोच्चका प्रवक्ता भद्रकाली पोखरेलले भन्नुभयो- 'मुद्दा दर्ता गर्ने व्यक्तिले स्पष्ट प्रमाण बोकेर लैजानुपर्छ। केही अदालतीय शुल्कहरू साविकको कानुनभन्दा भिन्न भएको चाहिँ छ।' न्यायाधीशहरूले भने नयाँ ऐन कार्यान्वयनमा चुनौती हुनु स्वाभाविक रहेको बताए। उच्च अदालत विराटनगरका न्यायाधीश जनक पाण्डेले भदौ एकअघि दर्ता भएका मुद्दाहरू पुरानै ऐनअनुसार अघि बढ्ने बताउनुभयो। धनुषा जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाले संहिता कार्यान्वयनमा चुनौती देखिए पनि कार्यान्वयन गर्दै जाँदा सहज हुने तर्क गर्नुभयो।

पर्सि शुक्रबारदेखि लागू हुने देवानी संहिताअनुसार मुद्दा दोहोऱ्याउने आदेश भएमा अदालती शुल्क (कोर्ट फी) लाग्नेछ। परिच्छेद ६ मा रहेको अदालती शुल्कसम्बन्धी व्यवस्थामा भनिएको छ- 'कुनै मुद्दा पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई पाऊँ भनी दिएको निवेदनमा पुनरावलोकन गर्ने वा दोहोऱ्याउने आदेश भएमा अदालतीय शुल्क लाग्नेछ।'

### मुद्दा दर्ताका लागि के के चाहिन्छ ?



भद्रकाली पोखरेल
**प्रवक्ता, सर्वोच्च अदालत**

अदालतमा मुद्दा दर्ता गराउँदा आवश्यक पर्ने विभिन्न कागजात, नागरिकता सहितका प्रमाण लैजानुपर्छ। फिरादपत्रका लागि लाग्ने दस्तुर बढाइएको छ। दस्तुर मुद्दाको प्रकृतिअनुसार फरक फरक हुन सक्छ।

नयाँ मुलुकी ऐनअन्तर्गत रहेर प्रमाण किटान गरिनुपर्छ। निवेदनमा भाषा शुद्ध हुनुपर्छ र, अदालतले हदम्याद सकिए नसकिएको, हकदैया खुले नखुलेको हेर्दछ। मुद्दाको ढाँचा संहिताले निर्धारण गरेबमोजिमको हुनुपर्छ।

अदालतीय शुल्क दाखिला नगरी मुद्दाको कारबाही हुन नसक्ने व्यवस्थामा भनिएको छ- 'अदालती शुल्क दाखिला नगरी अदालतमा कुनै फिरादपत्र वा पुनरावेदनपत्र दिन, प्रतिवादी लिन वा कुनै मुद्दा पुनरावलोकन गरी वा दोहोऱ्याई हेर्न त्यसउपर कुनै कारबाही हुन सक्नेछैन। अदालती शुल्क दाखिल नगरी दर्ता भएको फिरादपत्र, पुनरावेदनपत्र वा पुनरावलोकन गरी वा दोहोऱ्याई हेरिने मुद्दा खारेज गरिनेछ।'

उक्त ऐनअनुसार अबदेखि अदालतले वादी र प्रतिवादी दुवै पक्षको प्रमाण बुझिसकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमतिपत्र लिई तारिखमा नराख्न पनि सक्नेछ। परिच्छेद १२को तारिखसम्बन्धी व्यवस्थामा भनिएको छ- 'अदालतले तारिख तोक्दा के कारण र प्रयोजनका लागि तारिख तोकेको हो र त्यस्तो तारिख तोकेको दिन कुन काम सम्पादन हुने हो त्यस्तो बेहोरा तारिख पर्चा र तारिख किताबमा उल्लेख गर्नुपर्नेछ।'

(क्रमशः पृष्ठ ९ मा)

## एनसेलसँग कर असूली गरेरै छाड्छौं : अर्थमन्त्री

काठमाडौं, (नेस)

अर्थमन्त्री डा. युवराज खतिवडाले एनसेल प्राइभेट लिमिटेडसँग कर उठाएरै छाड्ने बताउनुभएको छ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको मंगलबारको बैठकमा उहाँले निजी मोबाइल सेवा प्रदायक कम्पनी एनसेल प्राइभेट लिमिटेडको

सम्पत्ति तथा दायित्व मूल्यांकन (डीडीए) गरी ६१ अर्ब रुपियाँ कर उठाएरै छाड्नै दाबी गर्नुभएको हो।

अर्थमन्त्री खतिवडाले एनसेलले विदेश लैजाने लाभांश नरोक्न सर्वोच्च अदालतबाट आदेश आएकाले अघिल्लो सरकारले बाटो खोलिदिएको बताउँदै आयकर ऐन र मूल्य अभिवृद्धि कर ऐनको कार्यान्वयनपछि स्वयं घोषणामा आधारित कर प्रणाली कार्यान्वयनमा रहेकाले कर फछ्र्योट आयोग बनाउनुपर्ने आवश्यकता नै नरहेको तर्क गर्नुभयो।

सोही बैठकमा पूर्व अर्थमन्त्रीसमेत रहेका कांग्रेस सांसद ज्ञानेन्द्रबहादुर कार्कीले देशमा कर आतंक बढेको आरोप लगाउनुभयो।

नेकपाका सांसद महेश बस्नेतले अर्थ परिचालन र विकास निर्माणमा भइरहेको ढिलाबारे मन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

नेकपाका अर्का सांसद घनश्याम भुसालले स्थानीय तहमा भएको कर आतंकबारे सरकारले धारणा स्पष्ट पार्न सुझाव दिनुभयो। अर्का सांसद रामबाबु यादवले जन्मदर्ता र मृत्यु दर्तामा १ हजार रुपियाँ शुल्क लिइएकोमा विरोध जनाउनुभयो।

### ३ दशकपछि राहदानी ऐन संशोधन हुँदै

# नाबालकले सीधै राहदानी पाउने

गंगा बराल, काठमाडौं

विद्यमान राहदानी ऐन संशोधन हुने भएसँगै नाबालकले सीधै राहदानी पाउन सक्ने व्यवस्था नयाँ विधेयकमा प्रस्ताव गरिएको छ। संसद्मा दर्ता भएको 'राहदानी ऐन, २०७५' ले नाबालकलाई सीधै राहदानी उपलब्ध गराउने व्यवस्था गर्न लागेको हो।

राहदानीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको यो विधेयक ३१ वर्षपछि संशोधन हुन लागेको हो। विधेयकको दफा १० मा 'राहदानीका लागि निवेदन दिनुपर्ने' व्यवस्था छ। यो दफामा राहदानी लिन चाहने नेपाली नागरिकले नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि वा नेपाल सरकारबाट जारी राष्ट्रिय परिचयपत्रको सक्कल र सोको प्रतिलिपि तथा तोकिएबमोजिम कागजात बुझाउनुपर्ने उल्लेख छ।

१६ वर्षभन्दा कम उमेरका नाबालकको हकमा निवेदकसहित निजको बाबु, आमा, संरक्षक वा माथवरले तोकिएबमोजिमका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ। नाबालकको राहदानी जारी गर्न निवेदन नदिएको भए पनि तोकिएबमोजिमको अन्य अवस्थामा पनि राहदानी पाउने सक्ने व्यवस्था गरिएको छ। सरकारले अहिले कूटनीतिक (रातो), विशेष (नीलो), साधारण (हरियो) र यात्रा अनुमतिपत्र (ट्राभल डकुमेन्ट) (कालो) गरी ४ प्रकारका राहदानी वितरण गर्दै आएको छ।

विदेशमा रहेका नेपाली नागरिकको राहदानी बहाल रहेको अवधि समाप्त भएमा, हराएमा, नासिएमा वा झुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयाँ राहदानी बनाउनका लागि नियोगमा निवेदन दिएमा नयाँ राहदानी नहुन्जेलसम्मका लागि बढीमा ९ महिना अवधिका लागि नियोगले अस्थायी राहदानी जारी गर्न सक्नेछ।

सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिएबमोजिमका पदाधिकारीलाई सम्बन्धित मन्त्रालय, संवैधानिक निकाय वा सचिवालयबापत मनोनयन भई निर्णयसहित लेखी आएमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछ। विशेष राहदानी सरकार, प्रदेश सरकार वा कुनै सरकारी निकायबाट मनोनयन भई सरकारी काम, अध्ययन, अध्ययन भ्रमण वा तालिमको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिएबमोजिमका पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित निकायबाट निर्णायसहित लेखी आएमा विशेष राहदानी पाउनेछन्।

कूटनीतिक, विशेष र सर्भिस राहदानी जारी गर्दा कुनै शुल्क लाग्नेछैन। साधारण राहदानी सर्वसाधारण नेपालीले पाउनेछन्। नयाँ विधेयकले थप २ प्रकारका राहदानी दिन सकिने व्यवस्था गरेको छ। जसमा सर्भिस राहदानी र सिम्यान्स पासपोर्ट रहेका छन्। नियोगमा खटिई जाने राजदूत, स्थायी प्रतिनिधि, विशेष प्रतिनिधि, महावाणिज्यदूत तथा राजपत्रांकित तहका कर्मचारीका साथ जाने निजी सहयोगी र श्रेणीविहीन कर्मचारीलाई मन्त्रालयबाट लेखी आएमा विभागले सर्भिस राहदानी जारी गर्ने भनिएको छ।

पानीजहाजमा काम गर्न जाने नेपाली नागरिकले 'सिम्यान्स पासपोर्ट' पाउनेछन्। गैरनेपाली नागरिक, राहदानी तथा अध्यागमनसम्बन्धी कसूरमा कानुनबमोजिम मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेका व्यक्तिले राहदानी पाउँदैनन्। त्यसै गरी बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानुनबमोजिम कालोसूचीमा परेको, भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणको अभियोगमा मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेकाले पनि राहदानी लिन सक्दैनन्।

मानव बेचबिखन, अपहरण, लागूऔषध वा अवैध हातहतियार कारोबार, संगठित अपराध वा आतंकवादसम्बन्धी कसूरमा मुद्दा चलिरहेको वा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेका व्यक्तिले पनि राहदानी पाउँदैनन्। राहदानी नपाउनेसम्बन्धी अन्य व्यवस्था पनि छन् तर अदालतबाट सफाइ पाएमा वा सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिले राहदानी पाउनेछ।

विभागले राहदानी जारी गर्न इन्कार गरेमा वा राहदानी रद्द गर्ने निर्णय गरेमा चित्त नबुझ्ने व्यक्तिले सोको सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र विभाग रहेको जिल्लाको जिल्ला अदालतमा पुनरावेदन दिन मिल्नेछ। दफा १४ मा राहदानीको बहाल अवधि १ वर्षभन्दा बढी भए ६ वटा अवस्थामा नयाँ राहदानी बनाउन सकिने व्यवस्था छ। कूटनीतिक वा विशेष राहदानीवाहकले साधारण राहदानी प्राप्त गर्न निवेदन दिएमा वा साधारण राहदानीवाहकले प्रचलित कानुनबमोजिम कूटनीतिक वा विशेष राहदानी प्राप्त गर्न निवेदन दिएमा राहदानीको बहाल अवधि बाँकी रहँदा पनि १ भन्दा बढी राहदानी जारी गर्न सकिनेछ।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

गणेशमान सिंह मार्गका लागि पानीघाटदेखि चन्द्रागिरि भञ्ज्याङसम्म बाटो खन्दा निस्केका ढुंगा, माटो र ग्राबेललाई सोही सडकमा उपयोग गर्न पनि नगरपालिकाले उक्त आयोजनालाई निर्देशन दिएको छ।

ब्याजदर २ प्रतिशत, ताकेता १६ प्रतिशत

# ‘भूकम्पपीडितलाई राज्यले झुक्यायो’





सुनील महर्जन, ललितपुर

बैंकले अरू ऋणीलाईझैं साढे १४ देखि १६ प्रतिशत ब्याज लिने कुराले भूकम्पपीडित रमेश महर्जनलाई भूकम्पको पीडामाथि नुनचुक दलेझैं पीडा भएको छ। भूकम्पले ढलेको घर बनाउन उनले नेपाल क्रेडिट एन्ड कमर्स बैंकबाट गत पुसमा १५ लाख रुपियाँ ऋण लिएका थिए।

कर्जा लिएका पीडितलाई २ वर्षपछि बैंकले बजारमा प्रचलित ब्याजदर तिर्न भनिरहेका छन्। यसले उनलाई निकै पिरोलिइएको छ। ‘१० वर्षका लागि भनेर सहुलियत ऋण लिएको थिएँ। २ वर्ष नहुँदै यस्तो भनेपछि ऋण कसरी तिर्ने ?’ -ललितपुर च्वबु गाहिटीका महर्जनले भने।

बैंकले ४ किस्ता गरी १५ लाख रुपियाँ दिने महर्जनसँग सम्झौता गरिसकेको छ। सम्झौताअनुरूपले उनले ३ किस्ता लिइसकेका छन्।
हरेक किस्ताको रकम नेपाल राष्ट्र बैंकले स्वीकृत नगरेसम्म बैंकले भूकम्पपीडितबाट साढे १४ प्रतिशत ब्याज लिइरहेका छन्। कम्तीमा १ सातादेखि १ महिनासम्म साढे १४ प्रतिशत ब्याजदरमा ऋण तिरिसक्दासम्म नेपाल राष्ट्र बैंकले स्वीकृत दिइसक्छ। ‘भूकम्पले लडेको घर बनाउन सकेको छैन। त्यसमाथि यस्तो भार आइलागेछ’ -महर्जनले भने।

यो सहुलियत दरको आवास कर्जाबारे सरकारको अस्पष्ट नीतिले गर्दा भूकम्पपीडित मर्कामा परेकामध्ये उनी एक उदाहरण हुन्। कलंकीका सन्दीप खड्काका पीडा पनि महर्जनकोभन्दा फरक छैनन्। कलंकीको खड्कागाउँमा घर बनाउन खड्काले २ प्रतिशत ब्याज तिर्ने सर्तमा प्राइम बैंकबाट २५ लाख रुपियाँ ऋण लिएका थिए। उनले ब्याज र साँवा गरी अहिले महिनाको २५ हजार रुपियाँ तिरे पुग्छ।

बैंकको ताकेताले पनि उनी पनि झस्किएका छन्। १ वर्षपछि त अरू ऋणीझैं १४ प्रतिशत ब्याजदरमा ऋण तिर्ने हो भने ४८ हजार रुपियाँ तिनुपर्ने हुन्छ, भूकम्पपीडित खड्काले भने- ‘कस्तो योजना गरेर यति त तिर्न सकूँला भनेर ऋण लिएको थिएँ। बैंकको कुरोले सारा योजना चौपट हुने भयो।’

भूकम्प जानेबित्तिकै नेपाल राष्ट्र बैंकले भूकम्पपीडितलाई घर बनाउन २ प्रतिशत ब्याजमा बैंकबाट ऋण उपलब्ध गराउने घोषणा गरेको थियो। राष्ट्र बैंकको यो घोषणाले भूकम्पपीडितमा आशा पलाएको थियो। नपलाओस् पनि कसरी ? बैंकले १३ र १६ प्रतिशत ब्याजमा मात्रै घर बनाउन कर्जा दिइरहेका बेला सरकारले २ प्रतिशतमै कर्जा दिने बताएको थियो। यहीअनुरूप गत असारसम्म १ हजार ११ पीडितले विभिन्न बैंकबाट १ अर्ब ७० करोड रुपियाँबराबर यस्ता कर्जा लगिसकेका छन्।

शुरूको १ वर्ष ग्रेस अवधि हुने गरी कर्जा अवधि न्यूनतम ५ देखि १० वर्ष तोकिएको थियो। यसैका आधारमा भूकम्पपीडितले अनेक प्रक्रिया झन्झट पार गरी ऋण लिएका थिए। तर अहिले आएर बैंकको बोली फेरिएकोमा उनीहरू आक्रोशित छन्। ‘बल्लतल्ल स्थायी नक्सा पास गरेर बैंकमा किस्ता बुझाउन जाँदा सहुलियत ऋण खारेज हुने कुरो सुनें। एकछिन त छाँगोबाट खसेझैं भयो’ -ललितपुर वडा नं २० का अमितराज शाक्यले भने। मासिक करिब २५ हजार रुपियाँ बुझाउने सम्झौता गरी ऋण लिएको उनले बताए। ‘अहिले आएर ब्याजदर १४/१५ प्रतिशत भन्न थालेपछि परिवारको त उठिबास हुने स्थिति आएको छ, सरकार, बैंकले पीडितमाथि निकै मजाक गर्‍यो, अब सुकुम्बासी हुने विकल्पबाहेक अरू के बाँकी छ र?’ - पीडित शाक्यले भने।

‘बैंकहरूले १३ देखि १५ र १६ प्रतिशतसम्म ऋण ब्याजदर उठाउन पत्राचार गरिरहेका छन्’, पकनाजोल -१६ काठमाडौंका महेशबहादुरराना मगरले गुनासो पोखे- ‘भूकम्पले ध्वस्त भएका घरको निर्माण अझै सकिएको छैन, यस्तो अवस्थामा त्यत्रो ब्याज तिर्न कसरी सक्नु ?’

### नेपाल राष्ट्र बैंकको प्रावधान

राष्ट्र बैंक ऐनमा भएको व्यवस्थाअनुसार हाल १ वर्षका लागि पुन:कर्जा सुविधा दिन सकिन्छ । यसरी दिइएको पुन:कर्जा थप एक वर्षलाई नवीकरण गर्ने व्यवस्था पनि ऐनको उपदफा-३ मा छ । कानुनले नदिएको भन्दै राष्ट्र बैंकले १ वर्षमा १ पटकभन्दा बढी पुन:कर्जा नवीकरण गरेको छैन।

‘बल्लतल्ल स्थायी नक्सा पास गरेर बैंकमा किस्ता बुझाउन जाँदा सहुलियत ऋण खारेज हुने कुरो सुनें। एकछिन त छाँगाबाट खसेझैं भयो’ -ललितपुर वडा नं २० का अमितराज शाक्यले भने। उनले मासिक करिब २५ हजार रुपियाँ बुझाउने सम्झौता गरी ऋण लिए पनि अहिले आएर ब्याजदर १४/१५ प्रतिशत भन्न थालेपछि परिवारको त उठिबास हुने स्थिति आएको उनले गुनासो गरे। शाक्यले थपे- ‘सरकार, बैंकले पीडितमाथि निकै मजाक गर्‍यो। अब सुकुम्बासी हुने विकल्पबाहेक अरू के बाँकी छ र?’

यही व्यवस्थाअनुसार भूकम्पपीडितलाई प्रवाह गरिएको सहुलियत ब्याजदरको कर्जामा २ वर्षभन्दा बढी उनीहरूले पुन:कर्जा नपाएका हुन्। आफूले पुन:कर्जा सुविधा नपाउने भएपछि ऋण प्रवाह भएको २ वर्ष पुगिसकेका ऋणीलाई बैंकले प्रचलित ब्याजदरमा तिर्न भनिरहेका छन्।

### बैंकको विवशता

भूकम्पपीडितप्रति संवेदनशील भएर शुरूमा सहुलियत ऋण प्रवाह गरेको प्राइम बैंकका प्रबन्धक राजु महर्जनले जानकारी दिए। ‘तर अहिले आएर राष्ट्र बैंक यो विषयमा मौनता साधेको छ’ -प्रबन्धक महर्जनले भने। प्राइमले ललितपुरको भित्री बस्तीमा ४० भन्दा बढी भूकम्पपीडितलाई सहुलियत ऋण दिएको छ। ‘ऐन संशोधन नभएसम्म हामीले चाहेर पनि यो समस्या समाधान गर्न नसक्ने अवस्था छ’ -प्रबन्धक महर्जनले भने।

कर्जा लिएकाहरू मिलेर नीतिगत तहमा दबाब दिनुको विकल्प नभएको पनि उनको भनाइ रहेको छ। ब्याज बढाउने समस्या बैंकबाट आएको नभई नेपाल राष्ट्र बैंकको कारणले आएको नेपाल इन्भेष्टमेन्ट बैंकका प्रतिनिधि विद्या श्रेष्ठले बताइन्।

### भूकम्पपीडित विरोधमा उत्रिए

यसैबीच सहुलियत ब्याजदरको सम्बन्धमा सरकारको अस्पष्ट नीतिले आफूहरूलाई अन्याय परेको भन्दै भूकम्पपीडित विरोधमा उत्रन थालेका छन्। भूकम्पपीडित २ प्रतिशत ऋण उपभोक्ता पीडित समन्वय समितिमार्फत उनीहरू विरोधमा उत्रिएका हुन्। शनिबार ललितपुरमा भएको समितिको बैठकले विभिन्न किसिमका विरोधका कार्यक्रम तय गरेको पीडित प्रज्ञारत्न बज्राचार्यले बताए । समितिले मंगलबार राष्ट्र बैंकमा ज्ञापनपत्र बुझाएको थियो। उनीहरूले २ प्रतिशत ब्याज सम्बन्धमा तिर्नुपर्ने कुनै पनि ब्याज तथा किस्ता भुक्तानी नगर्ने र सरकार तथा राष्ट्र बैंकलाई दबाब दिने निर्णय गरेका छन्। ‘हाम्रो विषयमा सरकारले ठोस निर्णय नगरेसम्म कुनै पनि पीडितले बैंकको साँवा ब्याज तिर्ने छैनन्’ -उनले भने।

भूकम्पपीडितका लागि सरकार जवाफदेही तथा जिम्मेवार नभएको भन्दै विरोधमा उत्रनुपरेको रूपेश चित्रकार बताउँछन्। राष्ट्र बैंक ऐन संशोधन सम्बन्धमा पनि केही प्रक्रिया अघि नबढेसम्म भूकम्पपीडितको समस्या समाधान हुन कठिन हुने पनि बताइएको छ। यस विषयमा राष्ट्र अघि बढेको छैन। तत्कालका लागि उक्त ऋणको धितो लिलाम नगर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलले बताए।

२ प्रतिशत ब्याज तिर्ने क्षमता नभएका पीडितसँग १६ प्रतिशत तिर भन्नु न्यायसंगत नभएकाले अर्को व्यवस्था नभएसम्मका लागि सहुलियतपूर्ण ऋणको साँवा तथा ब्याज नतिरिने पनि उनले बताए। ‘हामीले ऋणको साँवा तथा ब्याज नतिर्दा बैंकलाई पर्न जाने नोक्सानीको जिम्मा सरकार तथा राष्ट्र बैंकको हुनेछ’, उनले भने- ‘राष्ट्र बैंकले हामीलाई झुक्यायो, यसको जिम्मेवार ऊ आफैं हुनुपर्छ।’



# थानकोट-चित्लाङ सडकमा कामभन्दा गफ धेरै

हेटौंडा, (नेस)

तराई-काठमाडौं जोड्ने सबैभन्दा छोटो सडकका रूपमा रहेको थानकोट-चित्लाङ सडक निर्माणमा कामभन्दा पनि गफ धेरै हुँदा निर्माण कार्यले तीव्रता पाउन सकेको छैन। सडक निर्माण गर्न यस वर्ष प्रदेश-३ सरकारले केन्द्रीय सरकारलाई आग्रह गरेको छ। उक्त सडक हाल प्रदेश सरकारको नाममा आए पनि केन्द्रीय सरकारमार्फत बजेट विनियोजन भएर निर्माण जारी छ।

उक्त आयोजनाका लागि नेपाल सरकारबाट १२ करोड ६९ लाख ७९ हजार प्रदेश सरकारलाई सशर्त अनुदान प्राप्त भएको छ। जबकि, उक्त सडकको अनुमानित लागत १ अर्ब १३ करोड छ। अनुमानित लागतको तुलनामा प्राप्त रकम अत्यन्त कम छ। यसमध्ये करिब २६ करोडको काम सम्पन्न भएर सडक विभागबाट भुक्तानी भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ।

यसबाट अझै करिब ८८ करोडबराबरको काम हुन बाँकी छ। सरकारले चित्लाङ-थानकोट सुरुङमार्ग निर्माण गर्ने गरी प्रारम्भिक कार्य शुरू गरेको अवस्थामा थानकोट-चित्लाङ सडक पनि केन्द्रीयस्तरले बजेट विनियोजन गरी निर्माण गर्न उपयुक्त देखिएको भन्दै प्रदेश सरकारले केन्द्रीय सरकारलाई पत्र पठाएको छ।

सडक पूरा गर्न प्रदेशस्तरको बजेटबाट ८८ करोड विनियोजन गर्न सकिने स्थिति नरहेको तर, प्रदेशका लागि निकै महत्त्वपूर्ण उक्त सडक केन्द्रीयस्तरबाटै निर्माण कार्य सम्पन्न गरिदिन मुख्यमन्त्री डोरमणि पौडेलको निर्णयअनुसार भौतिक पूर्वाधार मन्त्रालयलाई लिखित आग्रह गरिएको हो। गत कात्तिकमा बसेको बैठकले चित्लाङ-थानकोट गणेशमान मार्गको स्तरोन्नति गर्ने निर्णय गरेको थियो। गणेशमान मार्ग उत्तरी मकवानपुरलाई काठमाडौंसँग जोड्ने सबैभन्दा छोटो सडक मार्ग हो।

रिब ३ दशकअघि निर्माण शुरू गरिएको सडकको महत्त्वलाई ध्यानमा राखेर सरकारले छुट्टै आयोजना गठन गरी प्राथमिकताको सूचीमा राखेको छ। यसअघि काठमाडौं सडक विभागले थानकोट-चित्लाङ गणेशमान मार्गको सुस्तगतिमा निर्माण गर्दै आएको थियो।

थानकोट-चित्लाङ सडकमा रहेका ढुंगा, गिटी लिलाम रोक्का राख्न चन्द्रागिरि नगरपालिकाले थानकोट-चित्लाङ सडक निर्माण आयोजना कार्यालयलाई पत्राचार गरेको छ। थानकोटस्थित नगरपालिका-४ को गणेशमान सिंह मार्गका लागि पानीघाटदेखि चन्द्रागिरि भञ्ज्याङसम्म बाटो खन्दा निस्केका ढुंगा, माटो र ग्राबेललाई सोही सडकमा उपयोग गर्न पनि नगरपालिकाले उक्त आयोजनालाई निर्देशन दिएको छ।

उक्त सडकको लम्बाइ २२.५ किलोमिटर छ। आयोजनाले सडक स्तरोन्नतिका लागि २०७१/०७२ देखि काम शुरू गरेको हो। नगरपालिकाले आयोजनालाई लेखेको पत्रमा सडक निर्माण पूर्ण भएपछि बाँकी रहेका ढुंगा, माटो र ग्राबेल स्थानीय सरोकारवालासँग सल्लाह गरेरमात्र बिक्रीवितरण गर्न सकिने उल्लेख गरिएको छ।

थाहानगरका सरोकारवाला तथा चन्द्रागिरि सचेत महिला सामुदायिक वन उपभोक्ता समितिले संयुक्तरूपमा नगरपालिकामा निवेदन दिएका थिए। यसअघि काठमाडौं र मकवानपुरका स्थानीय सरोकारवालाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा निवेदन पेस गरेका थिए।

सडकमा रहेका ती वस्तु लिलाम बिक्रीका लागि जिल्ला वन कार्यालयले जेठमा बोलपत्र आह्वान गरेकोमा उक्त सडक निर्माण गर्दै आएको किराँतेश्वर निर्माण प्रालिले ठेक्का पाएको छ। उक्त स्थानमा रहेका ती वस्तुको मूल्य ७३ लाख ८३ हजार १ सय ५९ रुपियाँका दरले बिक्री गर्न लागिएको छ। गणेशमान सिंह मार्ग बचाऊ संघर्ष समितिका १ सदस्यका अनुसार ती वस्तुको अनुमानित बजार मूल्य १४ करोड रुपियाँसम्म हुनसक्छ।


GAJABKO.COM
OFFERS FOR YOU
Car Mobile Holder
Rs 1,500
Foldable Colander Sink Drain Vegtable Washer
Rs 1,500
Knife Sharpner
Rs 1,600
20 MINUTE
SMILE
20 Minutes Dental White
Rs 1,000
Shoe Organizer
Rs 299 per piece
Cosmetic Organizer
Rs 1,600
Cosmetic Organizer
Rs 2,000
Shoe Rack
Rs 600
Bike / Scooter Cover
Rs 550
Water Pipe with Spray
75 Feet Pipe
Rs 1,200
Portable Hammock
Rs 1,600
Foldable Backpack
Rs 600
Travel Mesh Storage
6 pieces Set
RS 950
Ceiling Flower Pot
Rs 500
Anti-lost Harness
Rs 650
Baby Situp Cushion
Rs 1,500
Baltra Mixer Grinder
Cozy 3 Jar
Rs 3,325
Portable BBQ Compact
Rs 1,500
INDUCTION BASED
SUPER COOKER (3L)
Rs 3,509
OPAL 38 PCS
DINNER SET
Rs 8,000
www.facebook.com/gajabko
www.twitter.com/gajabko
www.instagram.com/gajabko
9840171355
gajabko
.com
soon to be
Nepal's largest online store.

# विचार

सुख स्वभावैले
अल्पकालीन हुन्छ भने
दुःख दीर्घकालीन।
– वाण भट्ट

तपतप चुहिने पानीका
थोपाहरूले पनि आखिरमा
ढुंगालाई खियाउँछन्।
– लुक्रेटियस

## सम्पादकीय

नेपाल समाचारपत्र

## कर्मचारीतन्त्रमा देखिएको उद्दण्डता रोक

निजामती सेवालाई स्थायी सरकारको रूपमा लिइन्छ । राजनीतिक दलबाट निर्वाचित जनप्रतिनिधिहरू फेरबदल हुने गरे पनि निजामती सेवाका कर्मचाहरू भने फेरिने गरेका छैनन् । सरकारले अगाडि सारेको 'सुखी नेपाली समृद्ध नेपाल'को अभियानलाई सार्थक बनाउनको लागि कर्मचारीहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ । समृद्धिको सपना त्यति बेला मात्र साकार हुन्छ, जुन बेला निजामती कर्मचारीहरूले सरकारको योजना कार्यान्वयन गर्न मन, बचन र कर्मबार्ट काम गर्छन् ।

निजामती सेवामा प्रवेश गरेपछि कर्मचारीको मुख्य दायित्व र कर्तव्य भनेको देश र जनताको पक्षमा काम गर्नु हो । कर्मचारी नागरिकको सेवक पनि हो । ऊ जनताकै सेवा गर्नको लागि निजामती सेवामा प्रवेश गरेको हुन्छ । कर्मचारीतन्त्र कामभन्दा पनि गफमा बढी रमाएको गुनासो व्याप्त छ । सहजै हुने कामको लागि पनि नागरिकहरूलाई अनावश्यक हैरानी र दुःख दिने गरेका दृष्टान्तहरू धेरै छन् । यसको अर्थ सबै कर्मचारीहरू गलत छन् भन्ने होइन । तर केही गलत प्रवृत्ति बोकेका कर्मचारीहरूको कारण सिंगो कर्मचारीतन्त्रप्रति नै नकारात्मक प्रश्न उठ्ने गरेको छ ।


देश र जनताको पक्षमा काम गर्छु र राष्ट्रको सेवा गर्छु भनेर निजामती सेवामा प्रवेश गरेका कर्मचारीहरू काम गर्नभन्दा पनि राजनीति गर्न बढी तल्लीन देखिएका छन् । राजनीतिक दलका भ्रातृ संगठनमा बस्ने, राजनीतिक दलको शक्तिको दुरूपयोग गर्दै सरकारले खटाएको ठाउँमा नजाने, भनसुन गरेकै भरमा जागिर खाने प्रवृत्ति पनि देखिन्छ । राजनीति गर्ने हो भने जागिरबाट राजीनामा दिएर आउने आँट गर्नुपर्छ । होइन भने सरकारले खटाएको ठाउँमा जान आनाकानी गर्ने संस्कार गलत छ ।

सिंहदरबारभित्रै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालमा कर्मचारी सरुवाको विषयलाई लिएर हातपातको प्रयास भएको छ । यो सुन्दा पनि लाजमर्दो विषय हो । कर्मचारीहरूले आफू अनुकूलको जागिर खानको लागि विभिन्न कर्मचारी संगठन खोलेर बसेका छन् । सरकारी कर्मचारी भए पनि कर्मचारी संगठन सञ्चालन गरेर सरकारलाई नै चुनोती दिने गलत प्रवृत्ति हो । सरकारले खटाएको ठाउँमा गएर सेवा गर्ने आँट हरेक कर्मचारीहरूले गर्नुपर्छ । सरकारले पनि कर्मचारीतन्त्रमा देखिएको उद्दण्ड खालको संस्कार रोक्नका लागि कडा कदम चाल्नुपर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# न्यायपालिकामा नयाँ गोविन्द केसीको आवश्यकता



बालकृष्ण मैनाली

अब देशमा स्वतन्त्र न्यायपालिकाको लागि स्वतन्त्र वकिल र सरोकारवालाहरूको जन्म गराइनु वा हुनु आवश्यकता देखिइसकेको छ। अन्यथा नेपालको न्यायपालिकाले निकास पाउन गाह्रो छ। यसलाई मूर्तरूपमा प्रक्रियामा ल्याउन र जरैदेखि देखिएका समस्याहरूलाई निराकरणको लागि मेडिकल शिक्षा सुधारको पक्षमा डा. केसी जसरी ज्यानको बाजी लगाएर उभिए, त्यसै गरी न्यायपालिका सुधारका लागि न्यायिक क्षेत्रमा ज्यानको बाजी लगाएर उभिन सक्ने नयाँ गोविन्द केसीको जन्म आवश्यक छ।

मेडिकल शिक्षाको विषयलाई लिएर डा. गोविन्द केसीमार्फत ज्यान हत्केलामा राखी गरिएको भोक हडतालले अन्ततः सरकारलाई सहमतिमा ल्याउन व्यापक दबाब सिर्जना गरिछाड्यो। वास्तविकरूपमा यो माग र विषयलाई यति लम्ब्याइनु कतै आवश्यक छँदै थिएन। केसीले चालेको विशुद्ध उपचारसँग मात्र सम्बन्धित विषयलाई आफ्नो सीमित राजनीतिक स्वार्थ र केही व्यक्तिगत रुचिका लागि उनको आमरण अनशनलाई भरमार दुरूपयोग गरियो। यस मामिलामा एकातिर सरकार गम्भीर बन्न नसकेको अवस्था त छँदै थियो, प्रतिपक्षीलगायत अन्य राजनीतिक दलहरूले पनि यस अवस्थामा आफ्नो राजनीतिक उपस्थिति रहेको भान पार्न सक्दो प्रयास गरे, केसी निर्मल मनलाई भजाउन चाहे। अरू त अरू, केसीको मागले आफ्नो स्वार्थमा अवरोध ठान्नेहरूले भोक हडतालमा रहेकै अवस्थामा डाक्टर गोविन्द केसी मर्दाखेरि पनि केही फरक पर्दैन भन्नेसमेतको सञ्चारमाध्यममा सीधा अभिव्यक्ति प्रकट गराइयो। तथापि बुद्धिमतापूर्वक भोक हडताललाई भजाएर कोही कसैका स्वार्थ पूरा गर्ने कार्य र षड्यन्त्रलाई तोड्दै समझदारीमा पुग्न सफल भयो। अब सम्झौता कार्यान्वयनको सिलसिलामा यो विषय विधयक निर्माणको क्रममा संसद्मा पुगेको छ। आशा गरौं, मेडिकल शिक्षामा देखिएका बेथिति अब दोहोरिँदैनन्, चाँडोभन्दा चाँडो सहमतिका बुँदाहरू कार्यान्वयनमा आउनेछन्।

देश संघीयतामा गएदेखि नै नेपालमा थरी-थरीको द्वन्द्वले आफ्नो मार्गप्रशस्त गर्ने प्रयास गरिरहेको छ। संघीयताअगाडि तत्कालीन माओवादी विद्रोही र राज्य पक्षको मात्र द्वन्द्व देखिन्थ्यो। त्यति बेला दुबै द्वन्द्वकारीहरूले आ-आफ्नो आँखामा पट्टी बाँधेका कारण देश दशकौं द्वन्द्वमा धकलिएको तथ्य जगजाहेर भैसकेको छ। त्यति बेला दुबै पक्षबाट नागरिकका अधिकारहरू हनन गरिएका थिए र जुन अहिले संघीयता सरकार स्थापना भइसकेको अवस्थामा पनि स्थापित हुन सकिरहेका छैनन्। दुबै द्वन्द्वकारीहरूका मारमा सर्वसाधारण जनता, महिला, बालबालिका, वृद्धवृद्धा, विद्यार्थी, उद्योगी, व्यवसायी अनि कर्मचारी सबै घानमा परेको अवस्थालाई नियाल्दा र विश्लेषण गर्दा अहिले पनि आङ जिरिङ्ग भएर आउँछ। द्वन्द्वसँग सरोकार नरहेका जनताप्रति दुबै द्वन्द्वरत पक्षहरूको सहानूभूति थिएन। न त राज्यपक्षको सहानुभूति थियो, न त विद्रोही पक्षकै। तर भन्ने बेलामा र भाषण गर्ने बेलामा चाहिँ दुबै पक्ष जनताकै लागि संघर्ष गरेको भनिटोपल्थे। त्यो बेलामा पनि देशमा न्याय हराएकै थियो। अर्थपूर्णरूपमा संघीयताको सवाललाई सुसंस्कृत र बलियो बनाउने हो भने देशमा रहने स्वतन्त्र न्यायपालिकाको महत्वपूर्ण भूमिकालाई कदापि गौण देखिनु र मान्नुहुन्न। विडम्बना, न्यायपालिकाको विषयलाई न त द्वन्द्वकालका बेला हृदयङ्गम गरियो, न अहिले गरिने प्रयास गरिएको छ। त्यसको बदला झन् उल्टो बेला-बेलामा न्यायपालिकाभित्र द्वन्द्व निम्त्याउने प्रयास भैरहेको छ।

कुनै पनि देशका जनताले न्यायालयलाई आफ्नो आस्थाको धरोहरका रूपमा हेर्ने गर्दछन्। सबैबाट बहिष्कृत र तिरष्कृत हुँदा पनि न्यायालयमा पुग्न सकियो भने न्याय प्राप्त हुन्छ भन्ने मान्यता राखिन्छ न्यायालयलाई। न्याय प्राप्त गर्ने भएकाले नै न्यायालयलाई न्याय प्राप्त हुने मन्दिरको रूपमा पुजिन्छ। न्यायालयमा विकृति र विचलन आयो भने जनताको आस्था र भरोसा टुट्न जान्छ। न्यायालयमाथि जनताको आशा र भरोसा टुट्न गयो भने त्यो देशमा अराजकताले स्थान ओगट्छ। अराजकताले ओगटेको देशमा कानुन र विधिको शासन भनेर मुखले मात्रै वकालत गर्नुको अर्थ केही रहँदैन। राज्यको महत्वपूर्ण अंग मानिएको अदालतमाथि जनताको आशा र भरोसा कहिल्यै नटुट्ने गरी स्थिर राख्न राज्य सञ्चालकहरूले जिम्मेवारीसहित कर्तव्य निर्वाह गर्नुपर्दछ।

सबैका मुखारविन्दबाट प्रस्फुटित भैरहने वाक्य हो कानुनी शासनको स्थापना, विधिको शासनको स्थापना। यो वाक्य न्यायिक कर्मचारी, न्यायाधीश र वकिलको मुखबाट मात्र निस्कने वाक्य होइन, यो सर्वसाधारण जनतादेखि स्वतन्त्र विश्लेषक एवम् राजनीतिक व्यवसायमा रुचि राख्ने सबै वर्ग, तह, तप्काका मुखबाट सुनिने वाक्य हो। राजनीतिक व्यवसायमा रुचि राख्ने विभिन्न वर्गहरूमध्ये वकिल, पत्रकार, न्यायाधीश, प्राध्यापक, डाक्टर, विद्यार्थी, शिक्षक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कर्मचारी तथा पदाधिकारी, विदेशी नियोगहरू पनि छन्। तिनीहरूका पनि आ-आफ्नै रुचिअनुसार सबैबाट सुनिने र व्यक्त गरिने वाक्य हो विधिको शासन। व्यवहारमा केही वर्गले गर्ने कानुनी शासनको परिभाषाचाहिँ संविधान र कानुनमा जे लेखिएको भए तापनि त्यसको छेउ-टुप्पो समातेर ती वर्गहरूले जे-जस्तो व्याख्या गर्छन् त्यो नै कानुनी शासनको परिभाषा हो भन्ने गर्छन् भने सर्वसाधारणहरू संविधान र प्रचलित कानुनमा जे-जति लेखिएको हुन्छ त्यसलाई नबङ्ग्याई सरलरूपमा जे भनेको छ त्यही अनुसार क्रियाकलाप भएमा कानुनी शासन मानिएको र कानुनी शासनको स्थापना भएको अर्थमा बुझ्ने गर्छन्। यहाँ विभेद देखिएको यत्ति नै हो। वास्तवमा जबसम्म राज्यको संविधान र प्रचलित कानुनमा जे-जति लेखिएको हुन्छ, त्यसलाई नबङ्ग्याई सरलरूपमा जे भनेको छ, त्यही मर्मअनुसार क्रियाकलाप सञ्चालन हुने गरी कार्यको शुरूवात हुँदैन तबसम्म कानुनी शासनको नारा खोक्रो मात्र साबित भएको मान्नुपर्ने हुन्छ।

हाम्रो देशमा पहिलो जनआन्दोलनपश्चात् न्यायिक विचलनको शृङ्खला गहिरो रूपबाट प्रारम्भ भएको हो। यसबारे थुप्रै टिकाटिप्पणी, लेख, आलेखमार्फत आ-आफ्ना भनाइ सार्वजनिक भएका छन् र गरिएका छन्। कसैका तुष्टिहरू व्यक्तिगत निजी स्वार्थमा आएका होलान्, कसैको आफ्नो गुटको प्रतिनिधित्व गर्ने स्वार्थमा मात्र आएका होलान्। तथापि यससँगसँगै कतैबाट नगद वा पद प्राप्त गर्ने स्वार्थबाट पनि आएका होलान्। त्यससँगसँगै छुट्टै विनास्वार्थ पनि न्यायलयभित्र भइरहेको र हुने विसंगतिको अन्त्य होस् भन्ने अवधारणाले पनि भनाइहरू सार्वजनिक भएका छन्। यसरी यथार्थ धरातलमा टेकी सार्वजनिक भएका सकारात्मक आलोचनालाई हृदयंगम गरी राज्यका कुनै पनि निकायले आत्मसात् गर्दा र लागू गर्दा हलुका होइँदैन, झन् त्यसले राज्यलाई परिष्कृत गराउन मद्दत गर्दछ। यसले गर्दा सबै पक्षको हित हुन जान्छ।

यता पुनः केही समयदेखि फेरि प्रधानन्यायाधीश नियुक्तिको सवालमा बखेडा उत्पन्न भएको छ। पूर्वप्रधानन्यायाधीश गोपाल पराजुलीको बखेडाको निरन्तरता अझै कायम रहेको देखिन्छ। सञ्चारमा एकातिर पूर्वप्रधानन्यायाधीश पराजुलीका समाचारहरूले प्राथमिकता पाउन छाडेका छैनन्, अर्कोतिर केही समयदेखि नै विचलनको भूमरीमा रुमल्लिरहेको नेपालको न्यायपालिकाभित्र वर्तमान प्रधानन्यायाधीशका बारेमा संसदीय सुनुवाइमा भएको सुनुवाइ अनि त्यससम्बन्धमा सार्वजनिक भएका र भइरहेका उनीबारेका पक्ष र विपक्षका समाचारले सञ्चार क्षेत्र तातिइरहेको छ। यसबाहेक यो विषयलाई लिएर शक्तिकेन्द्रहरूमा भैरहेको दौडधुप र सन्दर्भ अनि तथ्यले झनै देशको न्यायपालिका थप विचलनतिर अभिमुख भैरहेकोमा न्यायसँग सरोकार राख्ने सबै सरोकारवालाहरू चिन्तित देखिएका छन्। यो आलेख प्रकाशित हुन्जेलसम्म वर्तमान कार्यवाहक प्रधानन्यायाधीशको नाम प्रधानन्यायाधीशमा अनुमोदन भएर बहाली हुन्छ वा हुँदैन, समय र परिस्थितिको जिम्मामा पुगेको छ।

देशको प्रधानन्यायाधीश नियुक्तिसम्बन्धमा बारम्बार विशेष गरी नियुक्ति हुने प्रधानन्यायाधीशको शैक्षिक प्रमाणपत्र र उमेरसम्बन्धी विवादले प्राथमिकता पाइरहनु भनेको राज्यलाई सुहाउँदो विषय हुँदै होइन। प्रधानन्यायाधीश नियुक्त सिफारिस अनुमोदनसम्बन्धमा अहिले पुनः देखिएको लफडाबाजीलाई विश्वले कसरी हेरिरहेको होला ? नेपालको न्यायपालिकासम्बन्धी अवधारणा उनीहरूको कस्तो होला भन्ने कुरामा न त सरकार चिन्तित देखिएको छ, न अन्य सरोकारवालाहरू नै। यस्ता विषयमा सरकारको चासो नपुगे पनि सरकारलाई झकझक्याउने दायित्व बोकेका सर्वोच्च बार र नेपाल बार मूकदर्शक बनेर बसेका छन्। वकिलहरू डीएलए र पीएलमा विभाजित भएर वसेका छन्। यही प्रधानन्यायाधीश नियुक्ति प्रसंगमा एकथरी आइदे हुन्थ्यो भन्छन् भने अर्को थरी गइदिए हुन्थ्यो भन्छन्। कहाँनिर त्रुटि भएको छ ? त्यो त्रुटिलाई कसरी सम्बोधन गर्ने ? कसैको पनि चासोको विषय बन्दैन। न्यायालयभित्र छिराइएको राजनीतिक घूसपैठको परिणति हो यो। देशको न्यायपालिका राजनीतिक व्यवसायीहरूको चक्रव्यूहमा फसेको छ। कठिन र डरलाग्दो चक्रव्यूहमा फसेको न्यायपालिका त्यहाँबाट उम्किन लरतरो प्रयासले हुँदैन। कुनै पनि दल या सरकारले अदालतलाई आफ्नो प्रभावमा पारेर शासन सत्ता सञ्चालन गर्ने सपना बुनेको छ र सोही अनुसार आफ्नो कदमलाई अगाडि बढाउँदै लाने धृष्टता गरिरहेको छ र गर्दछ भने भविष्यमा त्यसको प्रतिफल सुखदायी हुँदै हुँदैन। यसबारेमा बेलैमा सोच्नु र हेक्का राख्नु राजनीतिक दलहरू र सरकारका लागि फाइदाजनक एवम् बुद्धिमानी हुनेछ।

आजसम्मको न्यायिक क्षेत्रलाई नियाल्दा यो अनिवार्य देखिइसकेको छ कि अब देशमा स्वतन्त्र न्यायपालिकाको लागि स्वतन्त्र वकिल र सरोकारवालाहरूको जन्म गराइनु वा हुनु आवश्यकता देखिइसकेको छ। अन्यथा नेपालको न्यायपालिकाले निकास पाउन गाह्रो छ। यसलाई मूर्तरूपमा प्रक्रियामा ल्याउन र जरैदेखि देखिएका समस्याहरूलाई निराकरणको लागि मेडिकल शिक्षा सुधारको पक्षमा डा. केसी जसरी ज्यानको बाजी लगाएर उभिए, त्यसै गरी न्यायपालिका सुधारका लागि न्यायिक क्षेत्रमा ज्यानको बाजी लगाएर उभिन सक्ने नयाँ गोविन्द केसीको जन्म आवश्यक छ। जुनै अदालतका इमानदार न्यायाधीश, दलविहीन वकिल र इमानदार तथा स्पष्ट वक्ता न्यायिक कर्मचारी कसैले पनि यो विषयलाई मसक्क आँटेर अगाडि आउने हो भने व्यापक जनसमर्थन ओइरिने कुरामा एकातिर विमति त छँदै छैन, अर्कोतिर आ-आफ्नो क्षेत्रबाट यो विषयलाई सहयोग गर्न र निष्कर्षमा पुर्‍याउन समर्थकहरूको खाँचो देखिँदैन। यदि त्यसो हुन सक्यो भने न्यायपालिका सुध्रिने दिशातिर अघि बढ्न समय लाग्दै लाग्दैन।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### सरकारको ध्यान सुशासनमा जान जरूरी

देशमा सुशासन कायम गर्नु वर्तमान सरकारको प्राथमिक जिम्मेवारी हो। सुशासन लोकतन्त्रको सुन्दर र महत्वपूर्ण पक्ष पनि हो। सुशासनको जगमा टेकेर नै देशले समृद्धिको बाटो पहिल्याउँछ। समृद्धिको सपनालाई मूर्तरूप दिन पहिलो सर्त भनेकै सुशासन हो। सुशासनविना लोकतन्त्र, विकास र समृद्धि हासिल हुन सक्दैन। जनताको अपेक्षा पनि सुशासन रहेकाले सरकारले प्राथमिकताका साथ जनताको अपेक्षा पूरा गर्नुपर्छ। तर पछिल्लो समय अन्याय, अत्याचार, बेथिति, भ्रष्टाचार र अनियमितता झनै विस्तारित हुँदै गएका छन्। समृद्धिको सपना तुहाउने यस्ता विकृतिहरू वृद्धि हुँदै जाँदा सरकार सुशासनको अनुभूति गराउन कमजोर साबित भएको छ।

अहिले भ्रष्टाचार कुन हदसम्म बढेको छ भन्ने दृष्टान्त हालै सार्वजनिक एक अधिकृतले जागिर खाएको साढे दुई वर्षभित्रै ७ करोड रुपियाँ भ्रष्टाचार गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अभियोगबाटै प्रस्ट हुन्छ। कटारी नगरपालिकाका लेखा अधिकृत रविनचन्द्र ढकालले सामाजिक सुरक्षा भत्ताबापत वृद्धवृद्धा, एकल महिला, असहाय, अशक्त, विपन्न, दलित र अपांगता भएका व्यक्तिलाई वितरण गर्न छुट्याइएको रकम आफ्नी पत्नी, सासू र काकीको खातामा सारेको अख्तियारको छानबिनबाट फेला परेपछि यस विषयले नेपालको कर्मचारीतन्त्र कतिसम्म भ्रष्ट रहेछ भन्ने देखाउँछ।

यतिसम्म कि ढकालले इलामको माई नगरपालिकाबाट कटारीमा सरुवा भएको डेढ महिनामै ४ करोड रुपियाँ निजी खातामा राखेको खुलासा भएको छ। यसले कतिपय इमानदार कर्मचारीमाथि नै आघात पुर्‍याएको छ। नेपालका कति सरकारी कार्यालयमा यस किसिमको भ्रष्टीकरण भइरहेको होला ? अख्तियारले छानबिन गर्नै पर्छ। जनताले तिरेको करको कसरी दुरूपयोग भइरहेको छ भन्ने दृष्टान्त पनि हो यो। सरकारी निकायहरू अपेक्षितरूपमा पारदर्शी बन्न सकेका छैनन्। सरकार गठनपश्चात् कुन-कुन क्षेत्रमा सुधार भए, जनताले के-कति राहतको अनुभव गर्न सके ? त्यो पारदर्शी हुन सकेको छैन। सरकारका मन्त्रीहरू जवाफदेही बन्न सकिरहेका छैनन्। कति निर्णय भए, के-कति कार्यान्वयनमा आए ? त्यो सरकारको जवाफदेहिताबाट मापन हुने विषय हो। जनतालाई प्रभावकारी सेवा प्रवाह गर्न नसक्नु सरकारको अर्को असफलता हो।

अहिले देशभर कर्मचारी व्यवस्थापन हुन सकिरहेको छैन। यति बेला तीनै तहमा राज्य संरचनाअनुरूप कर्मचारी समायोजन भइसक्नुपर्ने हो। तर, विभिन्न जिल्लाका कार्यालयहरू भंग हुँदा कर्मचारी कहाँ, कसरी व्यवस्थापन गर्ने भन्ने सवालमा ढिलासुस्ती भइरहेको छ। प्रदेश र स्थानीय सरकार आफैं अलमलमा परेका छन्। सरकारले गर्नुपर्ने आधारभूत जिम्मेवारी पनि पूरा गर्न सकिरहेको छैन।

समृद्धिका लागि सबै पक्षको उत्तिकै साथ र सहयोग चाहिन्छ। त्यसैले, सर्वप्रथम सुशासन स्थापित गर्न सरकारले जिम्मेवारी बहन गर्नुपर्छ। सरकारको नेतृत्वले आलोचना सुन्ने सामर्थ्य राख्नुपर्छ, सुधार गर्नुपर्ने विषयमा प्रतिपक्षीको आलोचना प्रशस्त ऊर्जा बन्न सक्छ। सरकारले दुई तिहाइको दम्भ देखाएर होइन, जनसरोकारका विविध विषयमा संवेदनशील भई सबै प्रकारका अनियमितताविरुद्ध कडारूपमा प्रस्तुत हुनुपर्छ। जनताले सरकारका कामकारबाही पारदर्शीरूपले थाहा पाउनै पर्छ। सरकारी कार्यालयबाट विनाझन्झट नियमित कार्यसम्पादन, जनउत्तरदायी प्रशासन र जनप्रतिनिधिका स्वार्थरहित सेवा प्रवाहबाटै सुशासनको अनुभूति गर्न सकिन्छ।

*- प्रविन शर्मा, भक्तपुर।*

### तीजमा रत्यौली कि वेदनाका गीत ?

यति बेला नेपाली सांगीतिक बजारमा दिनकै दर्जनभन्दा धेरै तीजका गीतहरू सार्वजनिक भैरहेका छन्। २०७५ सालको तीज पर्वको अवसर पारेर गीत सार्वजनिक गर्ने होड नेपाली सांगीतिक बजारमा चलेको छ। अडियो क्यासेट तथा भिडियोका सीडी-डिभीडीको बजारमा माग नरहेको भए पनि आधुनिक डिजिटल माध्याम युट्युबमार्फत गीतहरू सार्वजनिक भैरहेका छन्।

सांगीतिक बजारमा गीत सार्वजनिक गर्नेको लर्कोमा पुराना तथा नयाँ कलाकार सबै छन्। चलेका कलाकार तथा नवोदित कलाकार एउटै मैदानमा प्रतिस्पर्धामा रहेको सांगीतिक बजारमा नयाँ-नयाँ स्वादका गीतहरू त आएका छन् तर तीनको प्रभावका विषयमा भने निकै कम मूल्याङ्कन हुने गरेको छ। पछिल्लो समय शिव अँखेलीको शब्द, विनोद भण्डारी तथा सम्झना भण्डारीको स्वरमा बजारमा अएको गीतलाई मात्रै आधार मान्ने हो भने पनि नेपाली गीत संगीतको यात्रा कतातिर मोडिँदै छ भन्ने कुरा प्रस्ट हुन्छ। तीजजस्तो पर्वमा पनि रत्यौली र ठट्यौली गीतहरूलाई प्राथमिकता दिएर गाइएका गीतहरूलाई व्यंग्य गर्दै उनीहरूले गीत तयार पारेका छन्।


तीज पर्व नारी वेदनासँग जोडिएको पर्वको रूपमा मानिदै आएको छ। तीजको बेला नारीका वेदनामा आधारित रहेर गीत गाउने र आफ्नो भरिएको मन हलुंगो बनाउने प्रचलन छ। तर पछिल्लो समय तीजका गीतमा आएको विकृतिको विषयमा तीजकै अवसर पारेर बजारमा आएको गीतले खबरदारी गरेको छ। नेपाली लोक संस्कृतिको विषयमा विद्यावारिधि गरेका डा. कुसुमाकर न्यौपानेको भनाइलाई आधार मान्ने हो भने रत्यौली भनेको बिहेको रातमा रतिक्रीडामा आधारित रहेर महिलाहरूले गाउने गीत हो। तर पछिल्लो समय तीजको अवसरमा रत्यौलीकै झल्को दिने खालका गीतहरू निर्बाध बजारमा आइरहेका छन्। गीत तथा संगीतले समाजको रूपान्तरणमा निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ। गीत संगीतको माध्यमबाट समाजमा रहेका विकृति, विसंगतिको अन्त्यको बिगुल फुक्न सकिन्छ भने जनचेतनाको विस्तारका लागि पनि गीत संगीत महत्वपूर्ण माध्यम हो।

पर्यटनको प्रवर्द्धन, प्रचार-प्रसार र विकास निर्माण तथा हरेक क्षेत्रको विषयमा जानकारीका लागि लयबद्ध तरिकाले चेतना जगाउन गीत संगीतलाई माध्यम बनाउन सकिन्छ। यी र यस्ता प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि नेपाली गीत संगीत पछिल्लो समय विकृतिको बाटोमा लागिरहेका छन्। नेपालमा गीत बनाउन वा गाउनका लागि कुनै परीक्षा उत्तीर्ण गर्नुपर्दैन, बनाइएका र गाइएका गीतहरूको प्रभावको विषयमा खोजी गर्ने निकाय पनि नेपालमा छैन। र, बनेका गीतमा प्रयोग भएका शब्द, लय र स्वरको अनुगमन, नियमन र नियन्त्रण तथा कार्वाही गर्ने निकायसमेत मौन अवस्थामा छ।

त्यसैले पछिल्लो समय तीज, दशैंजस्ता महत्वपूर्ण चाडपर्वको अवसर पारेर बजारमा आउने र सिजन तथा बाह्रै महिना चल्ने हिसाबले बजारमा आउने गीतको विषयमा सम्बन्धित निकायको ध्यान जान जरुरी छ। यदि समयमा नै ध्यान पुर्‍याउन नसकेमा सकारात्मक सन्देश बोकेर जान सक्ने गीत संगीतको नकारात्मक प्रभावले समाजलाई गलत बाटोमा लैजान बेर लाग्दैन। तीजमा रत्यौली हैन, वेदना पोख्ने गीत गाउने, तिहारमा ठट्यौली हैन देउसी गाउने वातावरण सिर्जना गरौं।

*- सावित्रा केसी, पुल्चोक ललितपुर।*

## सामाजिक सञ्जाल




'दाइजो मागे ३ वर्ष जेल र ३० हजार' जरिबाना रे ! यो त ठीक छ कि तर यै कानुन बनाउने सोल्टीहरुले सम्पत्ति विवरणमा 'दाइजोबाट प्राप्त' लेखे भने चैं के गर्ने नि ज्यूहरु?

**Anamol Mani**
**@anamolmani**



पूर्वमाओवादीले संघीयताको बीउ रोप्यो। एमाले-कांग्रेसले मलजल गरे। संघीयता फस्टायो, सबैको टाउको दुखाइ बन्यो। वीषवृक्ष रोपेर अमृत फल्दैन।


**Kedar marasini**
**@kedarmarasini**



पूर्वमन्त्रीदेखि करोडपतिसम्मले आफूलाई गरिबको सूचीमा राखे। म त भन्छु- यस्तालाई त्यही गरिबको सूचीमै राखौं, किनकि यिनीहरु मानसिकरुपमा गरिब हुन्। सम्पत्तिमा गरिब हुनु नराम्रो होइन तर यसरी मानसिकरुपमा गरिब बन्नु जति बेइज्जती अरु केही हुनै सक्दैन।

**दीपेन्द्र विष्ट**
**@rock_7up**

{ रुख-बिरुवाका अतिरिक्त काष्ठजन्य फर्निचर र अन्य वस्तु पनि वातावरणमैत्री हुन् भन्ने सन्देश बुझाउन काठमाडौंको वसन्तपुर डबलीबाट शुरुआत भएको छ।



# नेपाल

# उद्योग स्थापनामार्फत रोजगारी सिर्जना गर्नुपर्छ : प्रम

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले देशमा उद्योगको स्थापनामार्फत रोजगारी सिर्जना गर्नुपर्ने बताउनुभएको छ।

सार्क चेम्बर अफ कमर्सको प्रतिनिधि मण्डलसँग मंगलबार सिंहदरबारमा भेटघाट गर्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री ओलीले नेपाल उद्योगको स्थापनामार्फत नेपालमा अविकास, गरिबी र पछौटेपन हटाउनुपर्ने बताउनुभएको छ। 'यो अभियान हामीले नेपाल मात्र होइन दक्षिण एसियामा नै सञ्चालन गर्नुपर्दछ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'गरिबी र पछौटेपनबाट अब दक्षिण एसियालाई नै मुक्त गर्नुपर्दछ।'

प्रधानमन्त्री ओलीले अब स्थापना हुने उद्योगहरू प्रविधिमैत्री हुनुपर्ने बताउनुभयो। उहाँले उद्योगमा काम गर्ने मजदुर पनि प्रविधिमा पोख्त हुनुपर्ने बताउनुभएको छ।

केही तत्त्वहरूले नेपालमा केही भएको छैन भनेर जनतामा निराशा छर्न खोजेको प्रधानमन्त्री ओलीको भनाइ छ। निराश जनता देशका लागि



सबभन्दा खतरनाक हुने भन्दै प्रधानमन्त्री ओलीले भन्नुभयो- 'आम जनतामा आत्मविश्वास बढाउनु र आशालाग्दो भविष्य देखाइदिनु सरकारको काम हो। जसले जनतामा आशावादी बढेर जान्छ।'

देश विकासका लागि अहिले उपयुक्त समय भएकाले यसलाई सदुपयोग गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। 'देशको जनसंख्यामा काम गर्न सक्नेहरूको बाहुल्यताको अवस्था छ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'यो जनशक्तिलाई उपयोग गरेर देश निर्माणको काम गर्नुपर्दछ।'

प्रधानमन्त्री ओलीले विश्व समुदायलाई नेपालमा लगानीमैत्री वातावरण भएको कुरा प्रचार गर्न नेपाली उद्यमीहरूलाई आग्रह गर्नुभएको छ।

## वादविवादमा पञ्चकन्या र वागिश्वरी प्रथम

भक्तपुर, (नेस)।


सार्वजनिक मावि संयुक्त परीक्षा समिति भक्तपुरको वार्षिक कार्यतालिकाअनुसार देवी मावि सौडोलको आयोजनामा मावि स्तरीय वादविवाद प्रतियोगिता सम्पन्न भएको छ। वादविवाद प्रतियोगितामा छात्रतर्फ विद्यार्थीका लागि 'फेसबुक उपयुक्त होइन' र छात्रातर्फ 'धनभन्दा मन ठूलो' भन्ने विषय दिइएको थियो।

प्रतियोगितामा छात्रतर्फ वागिश्वरी माविका उज्ज्वल सुवेदी प्रथम, पञ्चकन्या माविका राम दुलाल द्वितीय र चाँगुनारायण माविका नन्दराम दाहाल तृतीय भएका छन् भने छात्रातर्फ पञ्चकन्याकी करुणा तिमिल्सिना प्रथम, जोरपाटी माविकी सुष्मा खत्री द्वितीय र चाँगुनारायणकी सन्ध्या ढुङ्गेल तृतीय भएकी छिन्।

प्रतियोगितापश्चात् भएको पुरस्कार वितरण कार्यक्रममा समितिका अध्यक्ष कृष्णप्रसाद धन्छाले यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी व्यावहारिकरूपमा जीवनोपयोगी हुने विचार व्यक्त गर्नुभयो भने गणेश मावि छालिङका प्रअ इन्द्रबहादुर फोंजु फेसबुकको महत्त्वमाथि प्रकाश पार्दै त्यसको प्रयोग गर्दा सचेतता अपनाउन नसके दुरुपयोग हुने कुरा प्रस्ट पार्नुभयो।

कक्षा ९ र १० का छात्रछात्राको उत्साहजनक उपस्थितिमा भएको उक्त प्रतियोगिता देवी माविका प्रअ राजाराम छुकांको सभापतित्वमा भएको थियो। कार्यक्रममा तारा माविका प्रअ रामगोपाल त्वायनाले पनि बोल्नुभएको थियो।

## सार्वजनिकस्थलमा पृथक शैलीको विश्राम सिट



काठमाडौं, (नेस)

रुख-बिरुवाका अतिरिक्त काष्ठजन्य फर्निचर र अन्य वस्तु पनि वातावरणमैत्री हुन् भन्ने सन्देश बुझाउन काठमाडौंको वसन्तपुर डबलीबाट शुरुआत भएको छ। करिब एक टन काठबाट निर्मित 'कार्बन सिट' को व्यवस्था गरिएको छ।

'एक टन कार्बनमा बस्नुहोस्' भन्ने अभियानका साथ आम सर्वसाधारण बस्न मिल्ने सार्वजनिक सिटको व्यवस्था गरिएको हो। डेनिस फरेस्ट्री एक्स्टेन्सनसँगको आर्थिक सहकार्यमा पारिवारिक निजी वन संघ नेपालले सार्वजनिकस्थलमा पृथक शैलीको विश्राम सिटको व्यवस्था गरेको हो। वातावरणमैत्री अभियानको शुभारम्भ वन तथा वातावरणमन्त्री शक्ति बस्नेतले गर्नुभयो।

मौलिक र रचनात्मक अभियानलाई अन्य सार्वजनिकस्थलमा पनि विस्तार गर्न सकिने सम्भावना औंल्याउँदै मन्त्री बस्नेतले वन मन्त्रालय र मातहतका निकायले यस्तो अभ्यासलाई अघि बढाउने बताउनुभयो। सरकार र निजी क्षेत्रको सहकार्य भएको खण्डमा फलाम, आल्मुनियम र प्लास्टिकका फर्निचर प्रतिस्थापन गर्न सकिने उहाँको भनाइ थियो।

मन्त्री बस्नेतले भन्नुभयो- 'सन्तुलितरूपमा वनको विस्तार, संरक्षण एवं उपयोगमा विचार पुर्‍याइयो भने विदेशबाट हुने काठ आयातमा प्रतिबन्ध लगाउन सकिन्छ, कार्बन व्यापार बढाउन सकिन्छ।' सामुदायिक वन उपभोक्ता महासंघका पूर्वअध्यक्ष घनश्याम पाण्डे, वर्तमान अध्यक्ष गणेशबहादुर कार्की, पारिवारिक वन संघका अध्यक्ष जोगराज गिरीलगायतले वातावरणमैत्री अभ्यास अपरिहार्य रहेकोमा जोड दिनुभयो।

## गृह सचिवद्वारा प्रहरी अस्पतालको निरीक्षण

नेपाल समाचारपत्र

काठमाडौं

गृह सचिव प्रेमकुमार राईले नेपाल प्रहरी अस्पताल महाराजगन्जको मंगलबार निरीक्षण तथा अवलोकन भ्रमण गर्नुभएको छ। सो अवसरमा उहाँले अस्पतालको नयाँ तथा पुरानो वार्ड भवन, ओपीडी, पुस्तकालय, प्याथोलोजीलगायतको निरीक्षण गर्नुभयो।

भ्रमणको क्रममा अस्पतालमा कार्यरत प्रहरी अधिकृत तथा जवानलाई सम्बोधन गर्दै गृहसचिव राईले प्रहरी अस्पतालले अन्य अस्पतालसरह उत्कृष्ट स्वास्थ्य सेवा सुविधा प्रदान गरेको चर्चा गर्दै प्रहरी अस्पताललाई मेडिकल कलेज बनाउनका लागि आवश्यक पहल गर्ने बताउनुभयो। सेवाग्राहीलाई समानरूपमा गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने उल्लेख गर्दै उहाँले अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सुविधा वृद्धि गर्दै लैजानुपर्नेमा जोड दिनुभयो।

अस्पतालमा कार्यरत प्राविधिक जनशक्तिलाई अझै दक्ष बनाउने र वृत्ति विकासमा ध्यान दिई प्रोत्साहित गर्नुपर्नेमा जोड दिँदै गृहसचिव राईले यसका लागि स्वास्थ्य मन्त्रालयसँग आवश्यक समन्वय गरिने बताउनुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले निरीक्षण भ्रमणबाट प्रहरी कर्मचारीमा थप उत्साह तथा जागरुकता थपिएको चर्चा गर्दै प्राप्त निर्देशन तथा सुझावहरू अक्षरश: पालना गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रहरी अस्पताललाई नमुना अस्पतालका रूपमा विकास गर्न अझै उत्कृष्ट र बिरामीमैत्री सुविधा सेवा प्रदान र वातावरण उपलब्ध गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उक्त अवसरमा स्वागत मन्तव्य व्यक्त गर्दै अस्पतालका मेडिकल डाइरेक्टर प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखरेलले विविध समस्याका बाबजुद अस्पतालको सेवालाई थप प्रभावकारी बनाउन भौतिक पूर्वाधार, अस्पताल व्यवस्थापन, बिरामीलाई गर्ने व्यवहार, औषधि वितरणलगायतका विषयमा सकारात्मक परिवर्तन गर्दै आएको बताउनुभयो।

अस्पतालका डिपुटी मेडिकल डाइरेक्टर प्रहरी नायव महानिरीक्षक डा. दुर्गा थापाले अस्पतालको काम कारबाही तथा हालको गतिविधिबारे प्रस्तुतीकरण गर्नुभएको उक्त कार्यक्रममा अस्पतालमा कार्यरत प्रहरी नायव महानिरीक्षकहरू, प्रहरी वरिष्ठ उपरीक्षकहरूलगायतका प्रहरी अधिकृत तथा जवानहरूको उपस्थिति रहेको थियो।



## १४औं वाइवाइ नेसनल एजुकेसन अवार्ड सम्पन्न

नेपाल समाचारपत्र

काठमाडौं

शिक्षालयले हरेक वर्ष प्रदान गर्दै आएको १४औं वाइवाइ नेसनल एजुकेसन अवार्ड सम्पन्न भएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा यस वर्षको नेसनल एजुकेसन अवार्डअन्तर्गत १३ विधामा १६ वटा पुरस्कार प्रदान गरिएको छ।

यस वर्षको राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार शिक्षा पत्रकारद्वय रोशन क्षत्री 'गाउँले' र विनोद घिमिरेलाई प्रदान गरिएको छ। आजको शिक्षा साप्ताहिकका गाउँले र काठमाडौं पोस्टका घिमिरेलाई शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि




पोखरेलले १० हजार राशीको सो पुरस्कार प्रदान गरेका हुन्।

स्कुल अफ दिन इयर पुरस्कार सामुदायिक विद्यालयतर्फ विश्व निकेतन मावि त्रिपुरेश्वर, काठमाडौं र संस्थागत विद्यालयर्फ मदरल्यान्ड स्कुल पोखरालाई प्रदान गरिएको छ। उत्कृष्ट शिक्षक पुरस्कार सुरेन्द्र घिमिरेलाई प्रदान गरिएको छ।

कलेज एक्सिलेन्स अवार्ड गोल्डेनगेट कलेज पुरानो बानेश्वर, कन्ट्रिब्युसन अवार्ड ब्रिटिस काउन्सिल नेपाललाई प्रदान गरिएको छ। डेडिकेसन अवार्डबाट शैक्षिण गुणस्तर मापन केन्द्र डा. लेखनाथ पौडेल सम्मानित भएका छन्। गुडविल एचिभमेन्ट अवार्डबाट सेन्ट जेभियर्स स्कुल, गोदावरी क्रियटिभ अवार्ड नामी कलेज जोरपाटीलाई प्रदान गरियो।

एजुकेसन भिजन अवार्ड डा. भोला दाहाललाई र प्रिन्सिपल अफ दि एयर अवार्डबाट लिटिल एन्जेल्स स्कुलका प्रिन्सिपल, मुकुन्द शर्मालाई सम्मानित गरिएको छ। एसईई परीक्षामा सामुदायिक विद्यालयका छात्रामध्ये उत्कृष्ट नतिजा ल्याएबापत प्रदान गरिने २५ हजार नगद राशीको ज्ञान उदय छात्रवृत्ति पुरस्कार शीतलादेवी सामुदायिक विद्यालय कास्कीका अर्चना सापकोटा र पोखरिया मावि विराटनगरका समीक्षा नेपाललाई प्रदान गरिएको छ। उनीहरूले एसईई परीक्षामा सर्वोकृष्ट नतिजा जीपीए ४ ल्याएका थिए।

यसै गरी, नेसनल एजुकेसन लाइभटाइम एचिभमेन्ट अवार्ड बुटवलका शिक्षाप्रेमी लोकनाथ उपाध्यायलाई प्रदान गरियो। सबैलाई शिक्षामन्त्री पोखरेलले पुरस्कार एवं सम्मान प्रदान गर्नुभएको थियो।

कार्यक्रम सम्बोधन गर्दै मन्त्री पोखरेल सम्वृद्धिका लागि जन्मभूमिमा फर्कन सबै नेपालीलाई आग्रह गर्नुभयो। मन्त्री पोखरेलले भन्नुभयो- 'सिक्न जहाँ गए नि हुन्छ तर देशको विकास समृद्धिका लागि केही गर्न र आफ्नो जन्मभूमिमा मर्न नेपाल नै आउनुस्।'

'हाम्रो देश गरिब छैन, हरेक दृष्टिकोणले हामी नेपाली धनी छौं। हाम्रो पृष्ठभूमिलाई हेर्ने हो भने हामीले चीन, कोरियालाई अन्न बेच्ने गर्थ्यौं। आज हामीले खाने चामल विदेशबाट मगाउनुपर्ने अवस्था छ।' -उहाँले भन्नुभयो।

कार्यक्रममा शिक्षालय मासिक पत्रिकाका प्रधान सम्पादक श्याम तण्डुकारले विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने भएकाले सामुदायिक र निजी भनेर विभेद गर्न नहुने बताए। शैक्षिक क्षेत्रका क्रियाशील र सफल व्यक्ति र संस्था दुवै सम्मानका हकदार रहेको कार्यक्रमका निर्देशक बालमुकुन्द आचार्यले बताउनुभयो।

## भक्तपुरमा एकाबिहानै दुई वटा बम भेटियो

भक्तपुर, (नेस)

भक्तपुरको लोकन्थली र सूर्यविनायकमा मंगलबार बिहानै भेटिएको प्रेसर कुकर बम नेपाली सेनाको बम डिस्फोजल टोलीले डिस्फोज गरेको छ।

भक्तपुरको सूर्यविनायक नगरपालिका-६ आदर्श बस स्टप नजिकै झोलामा हालेर राखिएको प्रेसर कुकर बम भेटिएको थियो। त्यसै गरी मध्यपुरथिमि नगरपालिका-१ लोकन्थलीमा ६ लेन सडकको सर्भिस ट्र्याकको डिलमा झोलामा हालेर राखिएको प्रेसर कुकर बम भेटिएको थियो।

दुवै ठाउँको बम नेपाली सेनाको डिस्फोज टोलीले डिस्फोज गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले जानकारी दिनुभयो। दुई ठाउँमा बम भेटिएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोली सुरक्षाका लागि खटिएको थियो।

दुवै बम सामान्य खालको भएको दाबी गर्दै उहाँले शान्ति सुरक्षाका लागि प्रहरी गस्ती र सादा पोसाकका प्रहरी परिचालन गरिएको बताउनुभयो।

सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शत्रु विजय, खेलकुद, परीक्षा, मुद्दामामिला आदिमा सफलता।
**वृष** : धन-सम्पत्ति प्राप्ति, कार्यसिद्धि, सन्तान-सुख, विविध लाभ।
**मिथुन** : दिनचर्या अस्तव्यस्त, अपच, दौडधुप, विवाद, चिन्ता।
**कर्कट** : मान-सम्मान, उन्नति-प्रगति हुने, द्रव्य लाभ हुनेछ।
**सिंह** : प्रसन्नता, सुख-सन्तोष, धनलाभ, उपलब्धिमूलक लगानी हुनेछ।
**कन्या** : कोसेली, पुरस्कार, धन प्राप्ति, कार्य सफल, मिष्ठान्न भोजन।
**तुला** : चोटपटकको सम्भावना, अस्वस्थता, इष्टमित्रसँग विवाद।
**वृश्चिक** : वस्तु वा सेवाको प्राप्ति, मिष्ठान्न भोजन, पैसा हात पर्ने।
**धनु** : कार्यसिद्धि, निरोगिता, सुख-सन्तोष, दिमाग स्वच्छ हुनेछ।
**मकर** : राजनीति एवं व्यापारमा सफलता, ऐश्वर्य वृद्धि, कार्य सफल।
**कुम्भ** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धनहानि, कष्ट।
**मीन** : सम्पत्ति प्राप्ति, समस्या समाधान, पढाइ-लेखाइमा सफलता।



# प्रदेश-३

{'एमआरपी शुरु भएदेखियता ३ सय जति पासपोर्ट कार्यालयमै छन्, कोही लिन नै आएनन्' -प्रशासनका एक कर्मचारीले भने।

# एक महिनापछि प्रदेशसभा बैठक सुचारु

**नेपाल समाचारपत्र**

हेटौंडा

करिब १ महिना स्थगित भएको ३ नम्बर प्रदेशको प्रदेशसभाको बैठक सुचारु भएको छ।

बैठकमा ४ वटा विधेयकमाथि दफाबार छलफल शुरू भएको छ। बैठकमा दर्ता भएका विधेयकमाथि सांसदले सैद्धान्तिक धारणा राख्न शुरू गरेका हुन्। बैठकमा 'मुख्यन्यायाधीवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवासुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक', 'प्रदेश दुग्ध विकास बोर्डको स्थापना गर्न बनेको विधेयक', 'प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' तथा प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' पेस भएको थियो।

बैठकमा प्रदेश मामिला समितिका सभापति माधवप्रसाद पौडेलले 'मुख्यन्यायाधीवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवासुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको समितिले बनाएको प्रतिवेदन पेस गर्नुभएको थियो। ३ नम्बर प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री दावा दोर्जे लामाले 'प्रदेश दुग्ध विकास बोर्डको स्थापना गर्न बनेको विधेयक' तथा ३ नम्बर प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जमकट्टेलले 'प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' तथा 'प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' पेस गर्नुभएको थियो।

नेपाली कांग्रेसकी सांसद राधा घले र विवेकशील साझा पार्टीका सांसद रमेश पौड्यालले आन्तरिक मामिला तथा कानुनमन्त्री जमकट्टेलले संसद्मा दर्ता गराएको 'प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को विरोध प्रस्ताव सदनमा दर्ता गराए पनि बहुमतले अस्वीकृत गरिदिएको थियो।

'प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको सैद्धान्तिक छलफलको क्रममा सांसद विरोधीका रूपमा प्रस्तुत भएका थिए। सांसदले सदनलाई बिजनेसविहीन बनाउन र सरकारले आफूसँग भएको बहुमतको दम्भ देखाएर संसद्मा 'प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' ल्याएको भन्दै टिप्पणी गरेका थिए। केही सांसदले भने देशमा अझै संक्रमणकालमा रहेको, प्रदेश सरकारले ल्याएका नीति तथा कार्यक्रमलाई लागू गर्नका लागि उक्त विधेयक ल्याएको भन्दै बचावट गरेका थिए।

'प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि आफ्नो धारणा राख्ने क्रममा सांसद् सुरेन्द्रराज गोसाईं, रिना गुरुङ, प्रभात तामाङ, पुकार महर्जन, नरुत्तम वैद्य, रिता माझी, जीवन डंगोल र बिजुला बर्माले विरोध जनाउनुभयो।

# प्रकोपबाट विस्थापित हुने ४ सय पुगे

नुवाकोट, (नेस)

नुवाकोटमा भूप्रकोपबाट विस्थापित भएका परिवारको संख्या ३ सय ७७ रहेको आत्मनिर्भर केन्द्र नुवाकोटले जनाएको छ।

आत्मनिर्भर केन्द्रको आयोजना र यूके एडको सहकार्यमा सोमबार भएको भूप्रकोपका कारण विस्थापित भएका वा जोखिममा परेका घरधुरीका लागि दिगो समाधानका सहजीकरण परियोजनाअन्तर्गत सरोकारवालासँग छलफल कार्यक्रममा केन्द्रले विस्थापित भएका ३ सय ७७ परिवारमध्ये १ सय ९० परिवारले घडेरी प्राप्त गरेको जनाएको छ। केन्द्रले जनाएअनुसार ११ परिवारले अरूको जग्गामा घर निर्माण गरेको, ५७ परिवारले सुरक्षित घडेरी भएर आफ्नै जग्गामा घर बनाएको, ६४ परिवारले पुरानो जोखिम स्थानमा घर निर्माण गरेर बसेको, १६ परिवारले भूकम्पपछि आफैंले घडेरी किनेर घर बनाएर बसेको र ३९ परिवारले घडेरी खरिद गर्न बाँकी नै रहेको आत्मनिर्भर केन्द्रका कार्यक्रम संयोजक विश्वास नेपालीले प्रस्तुत गरेको प्रतिवेदनामा उल्लेख गरिएको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले भूप्रकोपबाट विस्थापित भएका परिवारको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गरेको कार्यप्रति असन्तुष्ट रहेको धारणा व्यक्त गर्नुभयो। सरकार परिवर्तन भएसँगै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख पनि परिवर्तन हुने प्रवृत्तिका कारण भूप्रकोपकाट विस्थापित परिवारका लागि राज्यले स्थिर नीति नियम निर्माण गरी कार्यान्वायन गर्न नसकेको जिल्ला समन्वयन समिति नुवाकोटका प्रमुख तामाङले बताउनुभयो। तामाङले केन्द्रबाट भूगर्भविद्हरू जिल्लामा पहिरो जोखिमको अवलोकन गर्न आए पनि जोखिमपूर्ण बस्तीको पहिचान गर्न नसकेको र कृषि उपज फाँट केन्द्रित स्थानमा विस्थापितलाई पुनर्बास बसाउन पहल गर्नाले जिल्लामा कृषिजन्य सामग्रीको उत्पादन घट्दै जाने र खाद्यान्न संकटको स्थिति आउने सम्भावना रहेको भन्दै चिन्ता व्यक्त गर्नुभयो।

कार्यक्रममा नुवाकोटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले भूप्रकोपका कारण विस्थापित परिवारको पहिचान गरी सरकारको कार्यविधि र पुनर्निर्माण प्राधिकरणको निर्देशनअनुसार कार्य गर्नु आवश्यक रहेको बताउनुभयो। भूमिहीन र भूकम्पबाट क्षति भएका घरपरिवारलाई प्राथमिकताका साथ सुरक्षित स्थानमा समयमा नै स्थानान्तरण गर्नुपर्ने भन्दै नुवाकोटका प्रमुख जिल्ला अधिकारी थापाले सरकारको एक्लो प्रयासले मात्र सम्भव नहुने र भूमिहीन नागरिकका लागि स्थानीय क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको पनि उत्तिकै सहयोग आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले पहिलो चरणमा सरकारले भूप्रकोप नागरिकका लागि बनाएको कानुनमा आफू नै अन्योलमा परेको बताउनुभयो । मेयर पण्डितले नीति नियममा नै अस्पष्टता रहेको भन्दै भूमिहीनहरू वास्तवमै गरिब रहेकाले उनीहरूको सुरक्षित बस्तीका लागि वातावरण सिर्जना गर्नु आवश्यक रहेको बताउनुभएको छ। उहाँले भूप्रकोपबाट विस्थापित परिवारका लागि जिल्लामा काम गर्न आएका संघसंस्थाले नुवाकोटका ग्रामीण भेगका जनप्रतिनिधिसमक्ष समन्वय गरी उनीहरूले प्राप्त गर्ने अधिकारबारे जानकारी गराउन सुझाव दिनुभएको छ।

# ग्राहकलाई पार्किङ, व्यवसायीलाई 'नो पार्किङ'

हेटौंडा, (नेस)

हेटौंडा बजार बन्द गरेर 'नो पार्किङ'विरुद्ध आन्दोलन गरिरहेको मकवानपुर उद्योग वाणिज्य संघ र हेटौंडा उपमहानगरपालिकाबीच सहमति भएको छ। हेटौंडा उपमहानगरपालिकामा आइतबार भएको वार्ताले सहमति गरेको हो।

दुवै संस्थाले जित्ने गरी सहमति कायम गरिएको छ। न 'नो पार्किङ' पूर्णरूपमा हटेको छ, न त 'नो पार्किङ' कायम भएको छ। दुवै पक्षलाई मध्यनजर गरेर सहमति कायम गरिएको मकवानपुर उद्योग वाणिज्य संघ कार्यबाहक अध्यक्ष माधव न्यौपानेले बताउनुभयो।

वार्तामा भएको सहमतिअनुसार अब 'नो पार्किङ' क्षेत्रमा ग्राहकले सामान किनमेल गर्दा आफ्नो मोटरसाइकल रोक्न पाउने भएका छन् भने व्यवसायीलाई सोही क्षेत्रको एक स्थानमा पार्किङ गर्न दिइने भएको छ। उपभोक्ताले पार्किङ गरेको स्थानमा व्यवसायी र घरधनीले पार्किङ गरे १ हजार जरिवाना लाग्ने सहमति भएको छ। 'नो पार्किङ' लागू गरिएका सबै स्थानमा एकतर्फी दुईपांग्रे सवारीसाधन उपभोक्ताले मात्र रोक्न पाउने सहमति भएको छ।

सामान खरिदको १५ देखि २० मिनेटसम्म पार्किङ गर्न दिने गरी सहमति गरिएको संघ कार्यबाहक अध्यक्ष न्यौपानेले बताए। व्यवसायीको हकमा भने 'नो पार्किङ' क्षेत्रकै फराकिलो स्थानमा पार्किङको प्रबन्ध मिलाइने सहमति भएको उहाँको भनाइ छ। 'नो पार्किङ' क्षेत्रमा व्यवसायीले समेत पार्किङ गर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै उनीहरूको मोटरसाइकलमा स्टिकर टाँस्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

'नो पार्किङ'का विषयमा सहमतिपछि उपमहानगरका ४ वडा अध्यक्षसहित मकवानपुर उद्योग वाणिज्य संघको टोली राप्तिरोडसहित क्षेत्रमा व्यवसायीका लागि पार्किङस्थल पहिचान गर्ने भएको छ। मकवानपुर उद्योग वाणिज्य संघले आन्दोलनका सबै कार्यक्रम स्थगित भएको बताएको छ।

# विस्थापित परिवारलाई केन्द्र र नगरको सहयोग

**मोतीराम तिमल्सिना, काभ्रे**

मण्डनदेउपुर नगरपालिका-१० मा गएको पहिरोका कारण मृत्यु भएका बालकको परिवारलाई जिल्ला विपद् व्यवस्थापन समिति काभ्रेले किरिया खर्च उपलब्ध गराएको छ।

समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले हेमबहादुर तामाङलाई नगद १ लाख रुपियाँ हस्तान्तरण गरेका थिए। उनका छोरा दीपक तामाङको पहिरोले घरको टहरा पुरिंदा १८ महिनाकै उमेरमा निधन भएको थियो। साउन २३ गते राति वर्षाका कारण बस्तीमाथिबाट गएको पहिरोले घर बगाउँदा बालक दीपक तामाङको मुत्यु हुनाका साथै अन्य २ जना घाइते भएका थिए। ५ जनाको परिवार बस्दै आएको हेमबहादुर तामाङका परिवारको कान्छो छोराको सुतिरहेको अवस्थामा पहिरो खस्दा पुरिएर मृत्यु भएको हो।



हेमबहादुरको परिवारलाई मण्डनदेउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइवाले मृतकको किरिया खर्चका लागि नगद २५ हजार र अस्थायी आवास निर्माणका लागि १५ हजार हस्तान्तरण गरेका थिए। नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठकले मृतकको परिवारलाई २५ हजार, अस्थायी आवास निर्माण गर्न १५ हजार तथा भैंसी, गाई, सुँगुर, बाख्रा मरेमा क्रमस १० हजार, ५ हजार, २ हजार र १५ सय दिने निर्णय गरेअनुसार रकम हस्तान्तरण गरिएको नगरप्रमुख वाइवाले बताए। पीडितलाई गाउँमै पुगी प्रजिअ राउत, नगरप्रमुख तामाङले रकम हस्तान्तरण गरेका हुन्।

पहिरोका कारण विस्थापित कारसाङ लामा र पदमबहादुर लामाको परिवारलाई नगद १५/१५ हजार नगरप्रमुख वाइवाले अस्थायी आवासका लागि हस्तान्तरण गरेका थिए। राहत हस्तान्तरण तथा परिवारलाई समवेदना व्यक्त गर्न प्रदेश सांसद लक्ष्मण लम्साल, जिल्ला प्रहरी प्रमुख रविराज खड्का, नेपाल पत्रकार महासंघका अध्यक्ष मोतिराम तिमल्सिना, सशस्त्र प्रहरी प्रमुख डीएसपी रवि केसी, राष्ट्रिय अनुसन्धानका डीएसपी हरिश्चन्द्र श्रेष्ठ तथा मण्डन देउपुर नगरपालिकाका वडाध्यक्षको सहभागिता रहेको थियो। वडाध्यक्ष विष्णुमणि नेपालले एउटै बस्तीका १९ घरपरिवार जोखिममा रहेको बताए। त्यस्तै मंगलबार राति नै परेको अविरल वर्षाका कारण भुम्लु गाउँपालिकाका-१ सापिङका ४३ परिवार विस्थापित भएको प्रहरीले जनाएको छ।

# १२ बन्दकर्ता प्रहरीको नियन्त्रणमा

**कृष्ण आचार्य, चितवन**

विप्लव समूहले आह्वान गरेको नेपाल बन्दको प्रभाव चितवनमा पनि परेको छ। चितवनबाट लामो दूरीका सवारीसाधन सञ्चालनमा आउन सकेनन् भने स्थानीय रुटका सवारीसाधन सामान्यरूपमा सञ्चालनमा आए। पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको विरोधमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आज नेपाल बन्द आह्वान गरेपछि लामो दूरीका गाडी सञ्चालनमा प्रभाव परेको हो।

बन्द आह्वानका कारण चितवनका अधिकांश शैक्षिक संस्थामा भने बन्दको प्रभाव परेको छ। बिहानै खुल्ने विद्यालय तथा क्याम्पसमा पढाइ हुन सकेको छैन। यसले गर्दा विद्यार्थीको पठनपाठन प्रभावित भएको छ।

**पराल बोकेको ट्रकमा आगजनी**

नवलपुरको गैंडाकोटमा २ वटा ट्रकमा मंगलबार बिहानै आगजनी गरिएको छ। कपिलवस्तुको चनौटाबाट पराल बोकेर हेटौंडातर्फ जाने क्रममा भृकुटीचोकमा रोकिएका ना२ख ८४८७ र ना२ख २५४८ नम्बरका ट्रकमा आगजनी गरिएको इलाका प्रहरी कार्यालय गैंडाकोटले जनाएको छ। आगजनीबाट ट्रकमा सामान्य क्षति पुगेको छ भने पराल जलेर नष्ट भएको छ।

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका प्रवक्ता खड्कबहादुर विश्वकर्मा प्रकाण्डको पक्राउको विरोधमा मंगलबार नेपाल बन्द आह्वान गरिएको थियो। बन्दको पूर्वसन्ध्यामा आगजनी गरेकाले उक्त काम त्यही पार्टीका कार्यकर्ताले गरेको



आशंका प्रहरीले गरेको छ।

शंकास्पद वस्तु सेनाद्वारा डिस्पोज

भरतपुरको रिजाल चोकमा भेटिएको शंकास्पद वस्तुलाई नेपाली सेनाको बम डिस्पोजल टोलीले डिस्पोज गरिएको छ। मंगलबार बिहान ९: ३० बजे भेटिएको शंकास्पद वस्तुलाई ११: २५ मा डिस्पोज गरिएको हो। विप्लव समूहले बन्द आह्वान गरेको दिन देशका विभिन्न क्षेत्रमा बम र शंकास्पद वस्तु भेटिएका छन्। थर्मसको बट्टामा भेटिएको शंकास्पद वस्तु बम नभएर सामान्य विस्फोटक वस्तुमात्र भएको सेनाले जनाएको छ।

**विभिन्न स्थानबाट १२ जना प्रहरीको नियन्त्रणमा**

जिल्ला प्रहरी कार्यालय चितवनले जिल्लाका विभिन्न स्थानबाट १२ जनालाई नियन्त्रणमा लिएको छ। प्रहरी प्रमुख सुशील सिंह राठौरका अनुसार सोमबार राति १२ बजेदेखि बिहान ४ बजेको बीचमा शंकास्पद गतिविधिमा संलग्न उनीहरूलाई नियन्त्रणमा लिइएको हो। प्रहरीले केहीलाई ढुंगा, लाइटसहित समातेको राठौरले बताए।

विप्लव माओवादीले आह्वान गरेको बन्दमा अप्रिय घटना हुन नदिन प्रहरीले सुरक्षा चेकजाँचलाई कडा पारेको उनले बताए। जिल्लाका मुख्य नाकामा प्रहरी परिचालन गरी कडाइका साथ चेकजाँचका साथै निगरानी गरिएको प्रमुख राठौरको भनाइ छ।

# बन्द प्रभावहीन

**नेपाल समाचारपत्र**

काभ्रे

मंगलबार नेकपा माओवादी विप्लव समूहले आह्वान गरेको बन्द सफल बनाउन विभिन्न स्थानमा शंकास्पद वस्तु राखिएको फेला परेको छ। सेनाले उक्त वस्तु निस्तेज बनाएको छ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार विद्यालयबाहेक सार्वजनिक यातायातका सवारीसाधन सञ्चालनमा आएका छन्। पनौतीमा राति सिलिन्डर बम पड्काएका छन्। गाडीको टायरभित्र सिलिन्डर राखेर आगो लगाई पड्काएको प्रहरीले बताएको छ। त्यसको बेवास्ता गरी स्थानीयले निर्बाध जनजीवन सामान्य बनाएका थिए।

त्यस्तै पाँचखालको चामुण्डा पेट्रोल पम्पनजिकै राखेको सकेट बम सेनाको टोलीले डिस्पोज गरेको छ। विष्णुदल गण धुलिखेलका गणपति रामहरि केसीका अनुसार जिल्लाका विभिन्न स्थानमा राखिएका बमलाई सेनाको डिस्पोजल टोलीले डिस्पोज गरेको हो।



**विष्णुदल गण धुलिखेलस्थित सेनाको टोली पाँचखालमा सुतली बम डिस्पोज गर्दै।**

त्यस्तै मेलम्ची जाने सडकमा कुकर बम फेला परेको थियो। कुकर बम फेला परे पनि जनजीवन आतंकित भएन। समान्य अवस्थामा रहेको जनजीवनलाई प्रहरीको नियमित गस्तीले झनै सामान्य बनाउने प्रयास गरेको प्रहरी प्रमुख एसपी रविराज खड्काले बताए। नेकपा माओवादीका नेताले विद्यालयमा फोन गरेर विद्यालय सञ्चालन नगर्न धम्की दिएपछि विद्यालय सबै बन्द रहे। यातायात व्यवसायीलाई समेत धम्की दिएका माओवादीका कार्यकर्ताले जे पनि हुन सक्ने बताएका थिए। तर यातायात व्यवसायीले सवारीसाधन सञ्चालनमा ल्याए।

माओवादीको बन्द प्रभावहीन भएको छ। यसअघि जिल्ला प्रहरी कार्यालय काभ्रेले केन्द्रीय सदस्यद्वयलाई धुलिखेलमा हिरासतमा राखेको छ। ट्रिपर र क्रसरमा आगजनी गरेको अभियोगमा प्रहरीले पक्राउ गरी मुद्दा चलाइरहेको बताएको छ।

# दराजमै थन्किए तीन सय राहदानी

**नानीराम नेपाल, सिन्धुपाल्चोक**

६ वर्षअघि राहदानीको फारम बोकेर सदरमुकाम आएकी साविक भोटेचौर गाउँ विकास समितिकी सन्तोषी नेपालीको राहदानी बन्यो। २०१२ को जुलाई २४ मा जारी भएको उनको राहदानी ६ वर्षदेखि जिल्ला प्रशासन कार्यालयको दराजमै थन्किएर बस्यो। प्रशासन कार्यालयमा उनको राहदानी छ, तर उनी कहाँ छिन् पत्तो छैन।

उनीजस्तै साविक बाँसबारीका पवनकुमार नेपालीको पनि आजभन्दा ६ वर्षअघि नै राहदानी बनेर आयो। राहदानीका लागि जिल्ला प्रशासन कार्यालयमा फारम बुझाएर गएका उनी राहदानी लिनै आएनन्। २०१२ को जुलाईमै उनका नाममा राहदानी जारी भएर आयो तर उनको राहदानी पनि प्रशासन कार्यालयको दराजमै थन्किएर वस्यो।

यी त केही प्रतिनिधि मान्छे हुन्, राहदानी बनाउने र विदेश जानेहरूको संख्या अधिक देखिए पनि राहदानीको फारम बुझाएर लिन नै नआउनेहरूको संख्या पनि उत्तिकै देखिएको छ। सरकारले ०६७ सालमा 'मेसिन रिडेबल पासपोर्ट' एमआरपीको व्यवस्था गरेयता जिल्ला प्रशासनमा राहदानीको फारम बुझाएर जानेमध्ये झन्डै ३ सय जना त लिन नै आएनन्। जिल्ला प्रशासन कार्यालय राहदानी फाँटका अनुसार फारम बुझाएर गएकाहरूको पासपोर्ट बनेर आयो तर उनीहरू हालसम्म लिन नै आएनन्। लिन नआउँदा ३ सय हाराहारी पासपोर्ट कार्यालयको दराजमै थन्किएर बसेको जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ। 'एमआरपी शुरू भएदेखियता ३ सय जति पासपोर्ट कार्यालयमै छन्, कोही लिन नै आएनन्' -प्रशासनका एक कर्मचारीले भने। २०७२ वैशाखअघि राहदानीका लागि फारम बुझाएर फर्किएका कतिपयको विनाशकारी भूकम्पमा मृत्यु भएको हुँदा पनि उनीहरूको पासपोर्ट 'स्टक' बसेको हुन सक्ने बताइन्छ। 'उनीहरू पासपोर्ट लिन किन आएनन् भन्ने यसै भन्न सकिँदैन, कतिपयको चाहिँ भूकम्पमा मृत्यु भएको भन्ने पनि सुनियो' -एक कर्मचारीले भने।

**राहदानीका लागि लर्को**

जिल्ला प्रशासन कार्यालयका अनुसार जिल्लामा राहदानी बनाउनेको संख्या बढ्दो देखिएको छ। आर्थिक वर्ष ०७४/०७५ मा राहदानीका लागि झन्डै ९ हजार जना जिल्ला प्रशासन कार्यालयमा आए। यसवर्ष ४ हजार १ सय ८३ जनाको राहदानी फारम संकलन भएको छ भने ४ हजार ७ सय ४७ जनालाई राहदानी लागि काठमाडौंमा सिफारिस गरी पठाइएको छ। यसवर्ष ४ हजार ३ सय १७ जनालाई जिल्ला प्रशासन कार्यालयबाट राहदानी वितरण नै गरिएको राहदानी फाँटले जानकारी दियो।

२०७५, साउन
बुधबार
३०

संकलित कुहिने र नकुहिने फोहोर व्यवस्थापन गर्न कुस्मा नगरपालिका-११ सिल्मीमा ७ रोपनी जग्गा भाडामा लिएको छ।

# नेपाल

# नगरवासीलाई राहत प्रदान

## ३० हजार लाग्ने काम ५ हजारमा हुने

**यमलाल भुसाल, बुटवल**

प्रदेश ५ को राजधानीमा रहेको बुटवल उपमहागरपालिकाले नगरभित्रका नागरिकले घर बनाउँदा कार्यालयभित्रैबाट घरको नक्सा तथा डिजाइनका सेवा पाउने भएका छन्।

नगरवासीलाई घर निर्माणका लागि चाहिने नक्सासम्बन्धी सबै काम अब एकै ठाउँबाट हुनेछ। अब नयाँ घरको नक्सा तथा डिजाइनका लागि सेवाग्राहीले बाहिर धाइरहनुपर्ने छैन।

उनीहरूलाई घर बनाउने स्वीकृतिदेखि त्यसको डिजाइन बनाउनेसम्मका कामहरू अब उपमहानगरभित्रै हुनेछन्। यो नयाँ अभियानका लागि विशेषज्ञ अर्थात् प्रविधिकहरू उपमहानगरभित्रै व्यवस्था गरिएका छन्।

यसका लागि न्यूनतम शुल्क तोकिएको छ, जुन बाहिरभन्दा धेरै सस्तो पनि छ। 'नगरवासीलाई नक्साको कामका लागि अनावश्यक रकम खर्चिनुपरेको र अनेक झन्झट खेप्नुपरेका गुनासा आएपछि यस्तो काम शुरू गरिएको हो' -नगर प्रमुख शिवराज सुवेदीले भन्नुभयो।

आर्थिक वर्ष ०७५/७६ को बजेट, नीति तथा कार्यक्रममा यसलाई समावेश गरिएको छ। नगर कार्यपालिकाले नगरभित्र निर्माण गरिने एकतलामा १ हजार वर्गफिट क्षेत्रफल ओगटेका घरका लागि ३ तलासम्मको नक्सा न्यूनतम शुल्क ५ हजारदेखि अधिकतम ८ हजार रुपियाँ लिएर तोकेको प्राविधिज्ञले सेवाग्राहीले चाहेअनुरुपको बनाइदिने गरी मापदण्ड बनाइएको प्रमुख सुवेदीले जानकारी दिनुभयो।

भवनसंहिताको सही पालना नभएको, मापदण्ड मिच्ने काम भइरहेको र अतिरिक्त रकममा मिलेमतो हुने गरेको चौतर्फी गुनासो आएपछि जनप्रतिनिधिले यस्तो निर्णय गरेका हुन्।

बाहिर कन्सल्टेन्सी खोलेर बसेका इन्जिनियरले न्यूनतम ३० हजार शुल्क लिने गरेका छन्। तोकिएको मापदण्डअनुसार घर बन्ने, नक्सा स्वीकृति लिँदा र दिँदा कुनै समस्या नआउने र न्यूनतम शुल्कमा आफ्नै नगर सरकारभित्र सहज सेवा लिन मिल्ने गरी यस्तो प्रावधानको व्यवस्था गरिएको उपमहानगरपालिकाका प्रवक्ता रामप्रसाद रेग्मीले बताउनुभयो।

नयाँ कार्यक्रमअनुसार साउन २९ गते मंगलबारदेखि नै यो सेवा उपलब्ध गराइएको प्रमुख प्रशासकीय अधिकृत राजनकुमार बीसीले बताउनुभयो।

नगरपालिकाले सार्वजनिक गरेको सूचनाअनुसार सेवाग्राहीले घर नक्सा निर्माणका लागि जग्गाधनी पूर्जा, राजीनामा, चालू आर्थिक वर्षको सम्पत्ति कर तिरेको रसिद, नेपाली नागरिकताको प्रतिलिपी, नापी नक्सा, फाइल नक्सा, घरधनीको फोटो र चारकिल्ला विवरणसहितका कागजात आवश्यक पर्दछन्।

# बोक्सीको आरोपमा दुई महिला पक्राउ

पाल्पा, (नेस)

जिल्लाको निस्दी गाउँपालिका-४ मित्यालमा १ वृद्धालाई बोक्सीको आरोपमा मानसिक यातना दिने २ जना महिलालाई जिल्ला प्रहरी कार्यालय पाल्पाले नियन्त्रणमा लिएको छ। नवलपरासी त्रिवेणी गाउँपालिका-३ की १६ वर्षीया तमसरी सिंजाली, नवलपरासी मध्यविन्दु नगरपालिका-१४ की १८ वर्षीया गीता कामुलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

पीडित वृद्धाले शनिबार प्रहरीमा उजुरी दिएकी थिइन्। उजुरीका आधारमा प्रहरीले उनीहरूलाई पक्राउ गरी मुद्दा दर्ता गरेको हो। विश्वासी धर्मका समर्थक बताउने उनीहरूले वृद्धा महिलामाथि बोक्सीको आरोप लगाउँदै चरम मानसिक यातना दिएका थिए। उनीहरूले वृद्धा महिलालाई बोक्सी भएको आरोप लगाएका हुन्। आफूहरूलाई इसाई धर्मका समर्थक भएको भन्दै उनीहरूले ती वृद्धामाथि बोक्सी भएको स्वीकार गर्न दबाबसमेत दिएको स्थानीयले बताएका छन्।

# बन्दको प्रभाव पाल्पामा पनि

पाल्पा, (नेस)

सडक कलकारखाना, उद्योगधन्दा सवै ठप्प, मानिसको चहलपहल पनि निकै कम, कार्यालयमा पनि मानिस छैनन्, यातायात बन्द छ। यी सबै मंगलबार पाल्पा जिल्ला सदरमुकाम तानसेन र आसपासमा देखिएको दृश्य हुन्।

नेकपा माओवादी विप्लप गरेको नेपाल बन्दको प्रभाव पाल्पामा पनि परेको छ। बन्दका कारण पाल्पाको बजार कलकारखाना, उद्योगधन्दा पूर्णरूपमा बन्द भए। सडकमा सवारीसाधन गुडेनन्। विद्यालय, कलेजसमेत पूर्णरूपमा बन्द रहे। पाल्पा बसपार्कबाट छुट्ने लामो तथा छोटो दूरीका कुनै पनि सार्वजनिक सवारी साधन सञ्चालन भएनन्। केही यात्रु भने सवारीसाधनको प्रतीक्षामा देखिन्थे। जिल्लामा रहेका श्रीनगर यातायात व्यवसायी समिति र पश्चिम नेपाल बस व्यवसायी समितिको टिकट काउन्टर बन्द गरिएको थियो।

यातायात बन्दका कारण दैनिक उपभोग्य वस्तु तरकारी दूधसमेत गाउँ-गाउँबाट बजारमा आएका छैनन्। बन्दको कारण कतै अप्रिय घटना नघटोस् भनी तानसेनका चोक-चोक तथा गल्ली गल्लीमा प्रहरी सशस्त्र प्रहरी परिचालन गरिएको थियो। एसईईको मौका परीक्षा दिने विद्यार्थीलाई समेत यातायातका सवारीसाधन नचल्दा टाढा-टाढाबाट आउने परीक्षार्थीका लागि समस्या भएको थियो। बन्द सफल बनाउन भन्दै सोमबार साँझ जिल्लामा माओवादी कार्यकर्ताले मसालजुलुससमेत निकालेका थिए। बन्दका क्रममा कुनै अप्रिय घटना भने नभएको प्रशासनले जनाएको छ।

# शंकास्पद वस्तु फेला

इलाम, (नेस)

मेची राजमार्गअन्तर्गत इलामको सूर्योदय नगरपालिकास्थित फिक्कलमा मंगलबार दिउँसो शंकास्पद वस्तु फेला परेको छ। फिक्कलस्थित पेट्रोल पम्पनजिकै सडकमा शंकास्पद वस्तु फेला परेको हो। सडक बीचमा तारसहितको शंकास्पद वस्तु भेटिएको हो।

शंकास्पद वस्तु फेला परेपछि प्रहरी घटनास्थलमा पुगेको थियो। फिक्कल प्रहरी चौकीका प्रहरी नायब निरीक्षक शम्भु बस्नेतले त्रास फैलाउनका लागि कसैले प्लास्टिकको पोकामा तार बाँधेर बमजस्तो बनाएर फ्याँकेको पाइएको जानकारी गराए। बम भएको शंका गरिए पनि बम नभएको प्रहरीले स्पष्ट पारेको छ। मंगलबार विप्लव माओवादीको बन्द भएकाले कार्यकर्ताले मानिसलाई त्रास देखाउन त्यसो गरेको हुनसक्ने प्रहरीको भनाइ छ।

# झापा कारागारमा कैदी फरारपछि ६ जना प्रहरी जिल्ला तानिए

**नेपाल समाचारपत्र**

भद्रपुर

झापा कारागारबाट १ कैदीबन्दी फरार भएपछि सुरक्षामा रहेका १ सइसहित ६ जनालाई जिल्ला प्रहरी कार्यालय झापा तानिएको छ। भद्रपुरस्थित कारागारमा सुरक्षार्थ सइ हस्तबहादुर श्रेष्ठ, असइ गणेश राईसहित ड्युटीमा खटिएका १ प्रहरी हवल्दार र ४ जना प्रहरी जवानलाई जिल्ला प्रहरी कार्यालय झापा तानिएको झापा जिल्ला प्रहरी प्रवक्ता जितेन्द्रकुमार बस्नेतले जानकारी दिए। सइ श्रेष्ठ बिदामा बसेको समयमा असइ राइले इन्चार्जको कार्यभार सम्हालेका थिए।

प्रहरी कर्मचारीको लापरबाहीले कारागारबाट कैदी भागेकाले तत्काल कारागारको सुरक्षाबाट हटाइएको डीएसपी बस्नेतको भनाइ छ। संगठनको नीति तथा कानुनअनुसार उनीहरूलाई कारबाही हुने उनले जनाए। कैदीबन्दी फेला नपरेको खण्डमा ६ जना प्रहरी जागिरबाट समेत बर्खास्त हुन सक्ने उनले बताए। घटनाबारे छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा छानबिन समिति गठन गरिएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ। समितिले काम शुरू गरिसकेको बुझिएको छ।

कारागारबाट गौरादह नगरपालिका-८ का २४ वर्षीय उमेश माझी आइतबार दिउँसो फरार भएका थिए। कर्तव्य ज्यान मुद्दामा जन्मकैद भोग्दै आएका उनी

तत्कालीन जुरोपानी गाविसकी अन्दाजी १४ वर्षीया बालिकालाई करणीपश्चात् हत्या गरेको अभियोगमा २०७१ असार ५ मा गारागार चलान भएको प्रहरीले जनाएको छ। कारागारमा रहेर बिजुली मर्मतको काम गर्दै आएका माझी भऱ्याङको सहायताले कारागारको पर्खालबाट फरार भएका थिए।

कारागारबाट फरार भएका माझी बिर्तामोडतर्फ भागेका थिए। उनलाई आइतबार राति करिब ९ बजे गरामनीमा खटिएको प्रहरी टोलीले सडकमा भेटाएको प्रहरीले जनाएको छ। त्यस बेला उनले २ जना प्रहरीमाथि ढुंगा प्रहार गरी त्यहाँबाट पनि भाग्न सफल भएको प्रहरीको भनाइ छ। ड्युटीमा खटिएका असइमाथि ढुंगा प्रहार गर्दै गरामनी उत्तर जंगलतर्फ भागेकाले प्रहरीले रातभर खोजतलास गरे पनि फेला पार्न नसकेको प्रहरीको भनाइ छ।

# आवश्यकताका आधारमा काम गर्न आग्रह

सुर्खेत, (नेस)

कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री दल रावलले गैर सरकारी संस्थालाई कर्णालीको आवश्यकता र प्रथामिकताका आधारमा काम गर्न आग्रह गरेका छन् ।

मंगलबार सुर्खेतको वीरेन्द्रनगरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक ) कर्णाली प्रदेशको कार्यालय उद्घाटन कार्यक्रममा मन्त्री रावलले कर्णाली प्रदेशमा काम गर्ने गैससलाई कर्णालीको आवश्यकता र प्राथमिकताका आधारमा काम गर्न आग्रह गरेका हुन्।

कार्यालय उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री रावलले कर्णाली प्रदेशमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कर्णालीको आवश्यकता र प्राथमिकताका आधारमा काम गर्नुपर्ने बताए । कर्णालीको विकासमा सरकार र नागरिक सगंठनको साझेदारी आवश्यक भएको बताउँदै मन्त्री रावलले कर्णाली प्रदेश सरकारका सबै पक्षसँग सहकार्य गरेर अगाडि बढ्न चाहेको बताए। 'कर्णालीको आवश्यकता र यहाँका जनताको पक्षमा गैससले काम गर्नुपर्छ, एकद्वार प्रणालीबाट गैससलाई सञ्चालन र परिचालन गरेपछि मात्र दोहोरोपन हट्छ' -उनले भने।

मन्त्री रावलले कर्णाली प्रदेशले सरकार नागरिक तथा मानवअधिकारमैत्री कानुन बनाउन लागेको जानकारी दिए। संघीय कानुनलाई आधार मानेर कर्णाली प्रदेशको कानुन बनाउन लागेको बताउँदै मन्त्री रावलले सरकारलाई रचनात्मक सल्लाह र सुझाव दिन सबै पक्षलाई आग्रह गरे। सबैको सुझाव र सल्लाहले मात्र अबको कानुन नागरिक तथा मानवअधिकारमैत्री कानुन निर्माण हुने उनको भनाइ थियो।

कार्यक्रममा बोल्दै मन्त्री रावलले सामाजिक न्यायसहितको समृद्धि कर्णाली प्रदेश सरकारको पहिलो प्राथमिकता भएको बताए।

# ज्यान मार्ने उद्योगमा वडासचिव पक्राउ

खोटाङ, (नेस)

ज्यान मार्ने उद्योगले कुटपिट गरेको आरोपमा खोटाङका वडासचिव पक्राउ परेका छन्। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङका कर्ण राईमाथि ज्यान मार्ने नियतले कुटपिट गरेको आरोपमा सोही नगरपालिका वडा नम्बर-५ का सचिव गोपीकृष्ण बस्नेत पक्राउ परेका हुन्।

बस्नेतले २०६७ असार ७ गते स्थानीय आहालडाडाँमा कुटपिट गरेपछि राई अचेत बनेका थिए। हाल पीडित राईको चेत आएको र ज्यान मार्ने उद्योगमा उजुरी परेपछि सोही अभियोगमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका सइ मनोज यादवले जानकारी दिनुभयो। बस्नेतको साथमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका कर्मचारी रामकुमार थापा समेत संलग्न रहेको उजुरी परेको सइ यादवको भनाइ छ।

थापा पक्राउ परेको केही दिनमै छुटेका थिए। त्यस समय कर्ण अचेत अवस्थामै भएका कारण किटानी नपरेको बताइएको छ।

# विप्लव समूहका दुई कार्यकर्ता झापामा पक्राउ

**नेपाल समाचारपत्र**

भद्रपुर

प्रहरीले नेत्रविक्रम चन्द (विप्लव) समूह, नेपाल कम्युनिस्ट पार्टीमा आवद्ध २ जना कार्यकतालाई झापाको दमकबाट सोमबार पक्राउ गरेको छ।

पक्राउ पर्नेमा नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) का मेची ब्युरो सदस्य साथै विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) का मेची ब्युरो संयोजक जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका-३ हाङपाङ घर भएका २६ वर्षीय राजु दास र इलामको साधारण सदस्य जिल्ला ताप्लेजुङ सिदिङवा गापा-४ साब्लाखु घर भएका २५ वर्षीय सक्कल उपनामका असल पन्धाक लिम्बु रहेको झापाका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले जानकारी दिए।

उनीहरूलाई दमक-५ स्थित बेलडाँगी रोडमा प्रहरीले नियमित चेकजाँच गर्ने क्रममा चन्दा रसिद र पर्चा, दस्तावेजसहित पक्राउ गरिएको उनले बताए। पक्राउ परेका कार्यकर्तालाई इलाका प्रहरी कार्यालय दमकमा राखेर थप अनुसन्धान भइरहेकोले प्रहरी कार्यालय झापाका एसपी भीमप्रसाद ढकालले जानकारी दिए।

पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता प्रकाण्डसहित ३ जना कार्यकर्तालाई पक्राउ गरेको विरोधमा विप्लव समूह नेकपाले मंगलबार नेपाल बन्दको आह्वान गरेकाले जिल्लाको शान्ति सुरक्षालाई मध्यनजर गरी २ जना कार्यकर्तालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## फोहोर व्यवस्थापनमा नयाँ तरिका

# डम्पिङ साइड नचाहिने

**दुर्गाप्रसाद शर्मा, पर्वत**

कुस्मा नगरपालिकाभित्रको फोहोर व्यवस्थापन भदौदेखि नयाँ ढंगले हुने भएको छ।

कुस्मा बजारको फोहोरलाई डम्पिङ साइड नचाहिने गरी फोहोर व्यवस्थापन गर्न कुस्मा नगरपालिका र सामुदायिक स्रोत तथा वातावरणीय विकास केन्द्र (सेक्रेड नेपाल) बीच सम्झौता भएको हो। कुस्माको फोहोर व्यवस्थापन गर्नका लागि सेक्रेडसँग ५ वर्षलाई जिम्मा दिइएको छ।

कुस्मा बजारको फोहोर अहिलेसम्म जंगल र नदी किनारमा फाल्ने अवस्था रहेको थियो भने कुहिने र नकुहिने फोहोर एकै ठाउँमा मिसाएर संकलन हुँदै आएको थियो। भदौपछि भने घरमै कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था गर्न लागिएको छ। घर-घरमै छुट्टाछुट्टै संकलन गरिएको कुहिने र नकुहिने फोहोर व्यवस्थापन गर्न लागिएको सेक्रेड नेपालका कार्यक्रम संयोजक टीकाराम भुसालले बताए। 'अब कुहिने फोहोर र नकुहिने फोहोर छुट्याएर मात्रै संकलन गरिन्छ', उनले भने- 'अब फोहोर पनि अलग-अलग मात्रै उठाउँछौ, सबै मिसाएर फोहार नउठाउने नीति रहन्छ।'

घर-घरबाट उठाएर ल्याएको फोहोरमध्ये कुहिनेबाट कम्पोस्ट मल उत्पादन गरिन्छ। यसरी उत्पादित मल फोहोर उत्पादक उपभोक्तालाई नि:शुल्क दिने योजना रहेको कार्यक्रम संयोजक भुसालले जानकारी दिए। यस्तो मल घरमै खान तरकारी उत्पादन गर्ने करेसाबारी र गमलमा प्रयोग गर्ने फोहोर उत्पादक उपभोक्तालाई नि:शुल्क दिने व्यवस्था गरिने भएको छ। संकलित नकुहिने फोहोरलाई वर्गीकरण गरिन्छ। बिक्री हुने फोहोर बिक्री गर्ने र कतै बिक्री नहुने फोहोरलाई खाल्डो खनेर गाड्ने र वायुमण्डल प्रदूषण नहुने गरी जलाएर नष्ट गरिन्छ।

संकलित कुहिने र नकुहिने फोहोर व्यवस्थापन गर्न कुस्मा नगरपालिका-११ सिल्मीमा ७ रोपनी जग्गा भाडामा लिएको छ।

यसरी फोहोर व्यवस्थापन गर्दा जल, जमिन, जंगल र वायुमण्डल प्रदूषण नहुने गरी व्यवस्थापन गरिने भुसालले बताए। फोहोर संकलनका लागि नगरपालिकाले संकलनको काम नगरपालिकाले गर्ने, सेवा शुल्क नगरपालिकाले लिने, सबैसँग सेवा शुल्कसमेत नगरपालिकाले उठाउने सम्झौता भएको छ। छिमेकी वालिङमा यो प्रविधिबाट ४ वर्षदेखि फोहोर व्यवस्थापन गरिएको र सफल पनि देखिएको छ। ५ वर्ष काम गर्दा खर्च गर्नेभन्दा बढी पैसा बचाउने भुसालको लक्ष्य छ।

सफा कुस्माका लागि सामूहिक अभियानले विगत १५ वर्षदेखि फोहोर संकलनको काम गरिरहेको छ। २०६० असोजदेखि संकलनको काम गरेको अभियानले गत वर्ष नै व्यवस्थापन गर्न नसकेर नगरपालिकालाई जिम्मा लगाउने निर्णयसमेत गरेको थियो। अहिले तत्काल कुस्माका वडा नं ४,५,६,७,८ र ९ सम्मको फोहोर संकलन गरिने र विस्तारै सबै वडामा कुहिने फोहोर वडा-वडाबाट पनि संकलन गर्ने लक्ष्य राखिएको छ। अन्य वडामा महिनामा १ दिन गाडी पठाउने सोच भुसालको छ।

कुस्मामा अभियान सञ्चालन गरेपछि मोदीमा पनि यसरी नै गर्ने प्रस्ताव आएको छ भने जलजला, पैंयुमा पनि कुराकानी भएको संयोजक भुसालले जानकारी दिए।

# मोदीखोलामा अवैध दोहन



**नेपाल समाचारपत्र**

पर्वत

कालीगण्डकी नदीमा अवैधरूपमा दोहन हुने कुरा त नौलो रहेन, तर पछिल्लो समय पर्वतको मोदीखोलाबाट पनि अवैधरूपमा ढुंगा, गिटी, बालुवा दोहन हुन थालेको छ।

पर्वतको मोदी गाउँपालिका वडा नं. ६ स्थित डिमुवा बजारनजिकैदेखि मोदीखोलाबाट अवैधरूपमा जथाभावी गिटी, बालुवा निकाल्ने गरिएका कारण नदी आसपासका स्थानीय त्रसित बनेका छन्।

मध्यराति नदीबाट जथाभावी गिटी, बालुवा निकालेर लैजाने गरेका कारण मोदी गाउँपालिका वडा नबर ६ तिलाहर डिमुबाको पूरै बस्ती नै जोखिममा परेको छ। नदीबाट जथाभावी बालुवा निकाल्दा वर्षात्को समयमा जुनसुकै बेला नदी किनारमा रहेको बस्तीमा पस्न सक्ने खतरा बढेको छ। मोदी गाउँपालिकाको ६ नम्बर वडामा पर्ने बागलुङ-पोखरा राजमार्गसँगैको तल्लो डिमुवा बजार खतरामा परेको हो। सो क्षेत्रमा रहेको डिमुवा चौकीभन्दा १ सय मिटरको दूरीमा रहेको मोदीखोलाबाट राति डोजर लोडर प्रयोग गरि निकाल्ने गरिएको छ।

रातारात बालुवा चोरी निकासी हुँदासम्म स्थानीय प्रशासन भने मौन बसेको स्थानीय बताउँछन्। नदीमा बालुवा निकालिएका ठूला खाल्डा पनि देख्न सकिन्छ। यही खोलाबाट सञ्चालित ३ वटा जलविद्युत् आयोजना सञ्चालित छन् जसमा तल्लो मोदीखोला-१ जलविद्युत् आयोजना, देउपुर गाविसमा रहेको मोदीखोला जलविद्युत् आयोजना र देउराली गाविसमा रहेको पातीखोला जलविद्युत् आयोजना सञ्चालित छन्। वर्षात्का बेला यिनै आयोजनासमेत प्रभावित हुने गरेकामा पछिल्लो पटक विभिन्न स्थानबाट जथाभावी बालुवा निकाल्ने कार्य तीव्र बन्दा झन् ठूलो जोखिम बढेको हो।

यसरी डोजर र लोडरको प्रयोगबाट नदी नै छेक्ने गरी गिटी बालुवा निकाल्ने कार्य जारी राखिए नदी नै बस्तीमा पस्न सक्ने स्थानीय बताउँछन्। मोदी खोलाका कारण सो क्षेत्रका ९५ घरसहित प्रहरी चौकीसमेत जोखिममा छ। पछिल्लो पटक शुक्रबार राति मात्रै पनि सो क्षेत्रबाट बालुवा निकालिएको स्थानीय बताउँछन्। खोलाबाट यसरी वालुवा निकाल्ने कार्य बन्द गराउन आग्रह गर्दै गाउँपालिकामा निवेदन दिने तयारी गरेको पनि बताइएको छ।


यसैबीच डिमुवा बजार टोल विकास समितिले गाउँपालिकालाई निवेदन दिँदै बजारको सुरक्षाका लागि अवैध दोहन रोक्न माग गरेको छ। समितिका अध्यक्ष दीपेन्द्रजंग लामिछाने र स्थानीयवासी समेतले बजारको सुरक्षाका लागि पहल गरिदिन माग गरेका हुन्।

# विश्व

**दुर्घटना**
इटाली शहर जिनोवामा मंगलबार मोटरबाटोको एउटा पुल भाच्चिँदा कम्तीमा बाइस जनाको ज्यान गएको छ।



**विवाद**
जापानको फुकुसिमा शहरका बासिन्दाले रक्षात्मक पहरिनमा रहेका एक बालकको प्रतीमाप्रति आक्रोश व्यक्त गरेका छन्।



2018, AUG
Wednesday
15

विश्व २ मिनेट

**अमेरिका**

## एफबीआई एजेन्ट बर्खास्त

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध टेक्स्ट सन्देश पोस्ट गर्ने आफ्नो एक एजेन्ट पिटर स्ट्रजोकलाई संघीय जाँच ब्युरो (एफबीआई) ले बर्खास्त गरेको छ। पिटरले अमेरिकी राष्ट्रपति चुनाव-२०१६ का क्रममा एक टेक्स्ट सन्देशमा उनले ट्रम्पलाई ह्वाइट हाउस पुग्नबाट रोक्नमा मद्दत गर्ने उल्लेख गरेका थिए। एफबीआईका उपनिर्देशक डेविड एल बोडिचले शुक्रबार पिटरलाई निकालेको एक विज्ञप्तिमा उल्लेख गरेका छन्। यद्यपि एफबीआईको आन्तरिक कार्यालयले पिटरलाई डिमोसन गर्ने र ६० दिनका लागि जिम्मेवारीबाट निलम्बित गर्ने निर्णय गरेको थियो। पिटरलाई निकाल्ने फैसला उनको निजी सन्देश भाइरल भएको महिनौंपछि आएको हो।

**थाइल्यान्ड**

## भिक्षु मोटाएर समस्या

बैंकक, (एजेन्सी)

बौद्ध भिक्षुहरुको मोटापनाबाट चिन्तित थाइल्यान्ड सरकारले देशभरि चेतावनी जारी गरेको छ। उक्त चेतावनीमा भक्तलाई भिक्षुलाई स्वास्थ्यमा हानी पुऱ्याउने खालको भोजन नदिन भनेको छ। सरकारको स्वायत्त संस्था भिक्षुको स्वास्थ्य सुधार्ने काममा जुटिसकेको बताइएको छ। यसका लागि खाद्य तथा पोषणका पोफेसर जोङजिटलाई खटाइएको छ। भिक्षुको स्वास्थ्यमा सुधार ल्याउन शिक्षा र फिजिकल फिटनेसको सहारा लिइनेछ। सर्वेक्षणमा आधाभन्दा धेरै भिक्षुमा मोटापनको समस्या रहेको र ४० प्रतिशतमा कोलेस्ट्रल बढेको पाइएको थियो।

**जापान**

## प्रतीमा विवाद

फुकुसिमा, (एजेन्सी)

जापानको फुकुसिमा शहरका बासिन्दाले रक्षात्मक पहरिनमा रहेका एक बालकको प्रतीमाप्रति आक्रोश व्यक्त गरेका छन्। तिनीहरुले सन् २०११ मा त्यहाँ भएको आणविक भट्टी चुहावटका कारण अझै पनि फुकुसिमा असुरक्षित रहेको भन्ने सन्देश सो प्रतीमाले दिन सक्ने भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। त्यस बेला आएको भयानक सुनामीका कारण सो आणविक भटी क्षतिग्रस्त भएपछि त्यसबाट विकिरण चुहावट भएको थियो। यस घटनालाई युक्रेनको चेनोर्विलको आणविक भट्टीपछिको अर्को ठूलो विपत्तिका रूपमा लिइएको थियो।

**इटाली**

## पुल खस्यो

रोम, (एजेन्सी)

उत्तर पश्चिमी इटाली शहर जिनोवामा मंगलबार मोटरबाकेको एउटा पुल भाच्चिँदा कम्तीमा २२ जनाको ज्यान गएको सरकारी अधिकारीहरुले जनाएका छन्। दुर्घटनाका बेला गुडिरहेका सवारीसाधन ९० मिटर तल जमिनमा खसेका थिए। इटालियन यातायात मन्त्री ड्यानिलो टोनिनेल्लीले यो निकै दु:खद घटना भएको बताएका छन्। प्रहरीले मृतकको संख्या अझै बढ्न सक्ने अनुमान गरेको छ। भिडियो फुटेजमा खराब मौसमको समय झोलुंगे पुलको एउटा टावर अचानक ढलेको देखिन्छ। फ्रान्सका राष्ट्रपति इमान्युयल म्याक्रोनले यस घटनाप्रति दु:ख प्रकट गरेका छन्।

# भारतीय मुद्रा चिनियाँ कम्पनीले छाप्ने समाचार गलत

नयाँदिल्ली, (एजेन्सी)

भारत सरकारले भारतीय मुद्रा नोट एक चिनियाँ कम्पनीले छाप्न लागेको समाचारलाई गलत ठहऱ्याएको छ। सामाजिक सञ्जालमा उक्त खबर भाइरल भएपछि भारतले यसलाई निराधार भएको बताए। साउथ चाइना मर्निङ पोस्टको एक समाचारमा एक चिनियाँ कम्पनीलाई अन्तर्राष्ट्रिय मुद्रा छाप्ने ठेक्का दिइएको र त्यसमा भारतीय रुपियाँ पनि रहेको दाबी गरिएको थियो।



सामाजिक सञ्चारमाध्यममा तीव्ररूपमा फैलिएपछि नागरिकमा असन्तोष देखिएको र यसबाट राष्ट्रिय सुरक्षामा खतरा पुग्न सक्नेमा चिन्ता व्यक्त गरिएको थियो। आर्थिक मामिलासम्बन्धी विभागका एक अधिकारीले भने- 'चिनियाँ कम्पनीलाई भारतीय मुद्रा छाप्न अर्डर दिइएको विषयमा आएको समाचार निराधार हो। भारतीय नोट भारत सरकार र रिजर्भ बैंकको छापाखानामा छाप्ने गरिन्छ।'

**कोटेशन आव्हान**

शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालयलाई Science Lab सामाग्रीको आवश्यकता भएकोले इच्छुक फर्महरुले निम्न मिति र स्थानमा कोटेशन प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ।

स्थान – शान्ति शिक्षा मन्दिर मा.वि. ठहिटी, काठमाडौं
मिति – १५ दिन भित्र
सम्पर्क नं.- ०१-४२२०३६५, ९८५११७०२१९, ९८४१२२४३९३

अदालती कार्यविधि नियमावलीको १०३ नं. तथा जिल्ला अदालत नियमावलीको नियम ३२(क) नं. बमोजिम
मुद्दा नं. ७५-२७४-०५२७४ (074-CP-1073)
मोरङ जिल्ला अदालतबाट जारी भएको ३० दिने इतलायनामा म्याद
[illegible]

# शान्ति सन्धिमा हस्ताक्षर गर्न आह्वान



प्योङयाङ, (एजेन्सी)

उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले मंगलबार शान्ति सन्धिमा हस्ताक्षर गर्न आह्वान गर्दै कोरियाली प्रायद्विपमा परमाणु नि:शस्त्रीकरण प्रक्रियालाई अगाडि बढाउनका लागि पारस्परिक विश्वास आवश्यक भएको उल्लेख गरेको छ।

सरकारको मुखपत्रका रूपमा चिनिएको उत्तर कोरियाली साप्ताहिक समाचारपत्र 'टोंगिल सिम्बो' ले युद्धको अन्त्य भएको घोषणा जस्तो कुनै प्रभावकारी कदम अमेरिकाले नउठाएसम्म परमाणु नि:शस्त्रीकरणको दिशामा प्रगतिको अपेक्षा गर्न नसक्ने उल्लेख गरेको समाचार एजेन्सी एपीले जनाएको छ। 'दक्षिण कोरिया र अमेरिकासँग उत्तर कोरियाको सम्बन्ध विस्तारमा एक सफलता मिलेको छ। तर, कोरियाली प्रायद्विपमा युद्धको समाप्ति अहिले पनि एक समाधानविहीन मुद्दा हो।' -साप्ताहिकले जनाएको छ। कोरियाली प्रायद्विपमा स्थायी शान्ति स्थापित गर्नका लागि युद्ध अन्त्यको घोषणामा एक जिम्मेवार पार्टीका रूपमा प्रस्तुत हुनुपर्ने जनाएको छ। अमेरिकाले सिंगापुरमा जुन १२ को उत्तर अमेरिकी शिखर सम्मेलनको सम्झौता लागू गर्नका लागि व्यावहारिक उपाय गर्नुपर्ने अखबारले उल्लेख गरेको छ।

उत्तर कोरियाली नेता किम जोङ उन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सिंगापुरमा आफ्नो ऐतिहासिक बैठकमा कोरियाली प्रायद्विपमा पूर्ण परमाणु नि:शस्त्रीकरणको दिशामा प्रतिबद्धता व्यक्त गरेका थिए। उनीहरुबीच एक निश्चित शान्ति सम्झौतासम्म पुग्ने सहमति भएको थियो।

# बेलायतको संसद् भवनबाहिर कार दुर्घटना

लन्डन, (एजेन्सी)

बेलायतको लन्डनस्थित संसद् भवनबाहिर मंगलबार एउटा कार दुर्घटना गराउने व्यक्तिलाई आतंककारी गतिविधिको आशंकामा प्रहरीले गिरफ्तार गरेको सरकारी सञ्चारमाध्यमले जनाएको छ।

यस घटनामा दुई जना व्यक्ति घाइते भएका छन्। स्थानीय समयअनुसार बिहान करिब साढे सात बजे सुरक्षाकर्मीहरुले दुर्घटनाग्रस्त कारलाई घेराबन्दी गरी करिब २० वर्षीय युवकलाई हिरासतमा लिएका थिए।

लन्डन एम्बुलेन्स सेवाले सो कारले साइकल चालकहरुलाई हानेको र त्यति गम्भीर चोट नलागेका घाइतेलाई अस्पताल लगिएको जानकारी दिएको छ। स्कटल्यान्ड यार्डको प्रतिआतंकवाद इकाइले यस घटनाबारे गम्भीर छानविन गरिरहेको छ।



एक प्रत्यक्षदर्शीले लन्डनको मध्य भागमा चाँदी रंगको एउटा कारले जानी-जानी सर्वसाधारणलाई हानेको बताएका छन्। घटनाको लगत्तै प्रहरीले वेस्टमिनिस्टर ट्व स्टेसनबन्द गर्दै मिल बैंक, पार्लियामेनट स्क्वायर र भिक्टोरिया टावर गार्डेन्स वरपरका सडक आफ्नो नियन्त्रणमा लिएको थियो।

हाल संसद्मा अधिवेशन चलिरहेको छैन। बेलायती प्रधानमन्त्री टेरिजा मेले यस घटनामा घाइते हुनेमाथि सहानुभूति व्यक्त गर्दै तत्काल आपत्कालीन सेवा उपलब्ध गराउने उद्धारकार्यमा संलग्न सम्पूर्ण व्यक्तिलाई धन्यावाद ज्ञापन गरेकी छिन्।

**लमही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
लमही, दाङ

**सवारी साधन खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : २०७५/०४/३० गते।)

यस कार्यालयको लागि आ. व. २०७५/०७६ मा आवश्यक पर्ने तपसिलमा उल्लेख भएबमोजिमको सवारी साधन सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. बोलपत्र फारम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी वा संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र चालु आ. व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, मु. अ. कर दर्ता प्रमाण पत्र, आ. व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्र वा आय विवरण दाखिला गरेको प्रमाणित प्रतिलिपी, उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारिक एजेण्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधन गरिएको सक्कलै Manufacturer's Authorization Letter तथा अन्यको हकमा [illegible] आधिकारिक एजेण्ट (Importer) बाट स्थानीय एजेण्ट (Authorized Dealer) लाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अख्तियार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी नियमानुसार लाग्ने रु. ३,०००/- राजस्व बक्सुर फिर्ता नहुने गरी। [illegible] लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङबाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका शिलबन्दी बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र यस नगर कार्यालयको नाममा सम्बोधन गरी फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी [illegible] शिलबन्दी [illegible] कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्र दर्ता गराई सक्नुपर्नेछ। सो शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २:०० बजे [illegible] कार्यालयका प्रतिनिधी र बोलपत्रदाता/[illegible] वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनी बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित स्वघोषणा गरेको कागजात शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

३. बोलपत्र पेश गर्दा आफुले उपलब्ध गराउन चाहेको सवारी साधनको लागि छुट्टै बोलपत्र खरिद गरी बाहिर खाममा सम्बन्धित सवारी साधनको विवरण स्पष्ट खुलाई छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

४. शिलबन्दी बोलपत्रसाथ जमानत बापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम लमही नगर कार्यपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको धरौटी खाता नं. ग-३, [illegible] मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको बोलपत्र/दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी १२० दिन अवधी (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत बापतको भौचर, [illegible] वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

५. दररेट अक्षर र दुवैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा [illegible] मान्यता दिइनेछ।

६. म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

७. शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन।

८. शिलबन्दी बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यालय [illegible] कार्यालय खुलेको अर्को दिन हुनेछ।

९. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ।

| ठेक्का न. | कामको विवरण | आवश्यक संख्या | फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| १ | RHD Hatchback Car type Vehicle, Engine Power Output Not less than 80 BHP, Displacement 1200±5% CC & others are as per approved technical specification. | थान १ (एक) | ३,०००/- | [illegible] न्यूनतम [illegible]% |


# भाइब्रेटरलाई स्वीकृति दिइएन

नयाँदिल्ली, (एजेन्सी)

भारतको पेटेन्ट कार्यालयले एउटा क्यानाडाली कम्पनीले भारतमा महिलाका लागि यौन खेलौना भाइब्रेटर बिक्रीका लागि पेटेन्ट पाउन दिएको निवेदन अस्वीकार गरेको छ।

उक्त कार्यालयले यस्ता खेलौनाका कारण सामाजिक मर्यादार नैतिकतामा विचलन आउन सक्ने चिन्ता व्यक्त गरेको छ।

भारतको अश्लीलतासम्बन्धी कानुनलाई उद्धित गर्दै पेटेन्ट कर्यालयले यस कानुनले यौन आनन्दको



मामिलालाई कहिल्यै पनि सकारात्मकरूपमा नलिएको जनाएको छ।

साथै सो कार्यालयले यौन खेलौनालाई छाडा वस्तुका रूपमा लिइने गरिएको र तिनीहरु भारतमा वैध हुन नसक्ने जनाएको छ। तर, सन् २०११ मा एउटा भारतीय अदालतले यौन खेलौनालाई अश्लील वस्तुका रूपमा लिन नसकिने आदेश जारी गरेको थियो।

ओन्टारियोस्थित सो भाइब्रेटर निर्माण कम्पनीले स्थानीय डुप्लिकेट भाइब्रेटर बिक्री विस्थापन गर्न पेटेन्ट अधिकार लिन खोजेको स्पष्ट पारेको छ।

नेपाल सरकार
**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**
**केन्द्रीय आयोजना कार्यान्वयन इकाई**
**जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
गोरखा

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी राय सुझावको लागि सार्वजनिक सूचना**

(प्रकाशित मिति: २०७५/०४/३०)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) अन्तर्गत नेपाल सरकारको लगानीमा तथा स्वीस विकास सहयोग नियोगको प्राविधिक सहयोगमा स्थानीय सडक पुनर्निर्माण तथा पुनर्स्थापना गर्न जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), गोरखा प्रस्तावक रहेको द्रव्यशाह सडक खण्ड सडकको मस्यौदा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गरि सो कार्यान्वयन गर्ने सिलसिलामा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्यांकन कार्यविधि २०७२ (दोस्रो संसोधन २०७४) को दफा १२, उपदफा-२ अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावक**: जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), गोरखा
**प्रभावित गाउँपालिका**: सिरानचोक गाउँपालिका वार्ड नं ८, १ र अजिरकोट गाउँपालिका वार्ड नं २ र ३
**प्रस्तावको विवरण**: प्रस्तावित सडक गोरखा जिल्लाको नयागाउँ, सिरानचोक गाउँपालिका वार्ड नं. ८, भन्ने ठाउँबाट सुरु भएर सिलामे गाउँ, भच्चेक बजार, नम्कि गाउँ हुँदै सिरानडाँडा, अजिरकोट गाउँपालिका वार्ड नं. १ मा टुंगिन्छ। यस सडकको जम्मा लम्बाई १४.४२ कि.मि. र नाली सहितको चौडाई ६.२५ मि. रहेको छ।

उक्त प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभाव, पुनर्निर्माण, पुनर्बास र स्थानान्तरणको बारे जानकारी लिन सोहि कार्यविधिको दफा १२, उपदफा-३ अनुसार सम्बन्धित गाउँपालिका, विद्यालय, स्वास्थ्य चौकी, वन उपभोक्ता समिति तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाहरुलाई तल उल्लेखित मिति, स्थान र समयमा उपस्थित हुन अनुरोध गरिन्छ। साथै सोहि कार्यविधिको दफा १२, उपदफा ५ अनुसार उक्त प्रस्तावको मस्यौदा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), गोरखा र केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), ललितपुरबाट सरोकारवाला व्यक्ति वा संस्थाहरुले उतार गरि लैजान सक्नेछन्।

**भेला हुने स्थान** : सिरानचोक गाउँपालिका वार्ड नं ८, वलेखु
**मिति** : २०७५/०५/०३ गते
**समय** : दिवा १:०० बजे

यो सूचना नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो राय सुझाव पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ र यसै बमोजिमको राय सुझाव राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौंमा पनि पठाउन सकिनेछ।

**राय सुझाव पठाउने ठेगाना :**

जिल्ला आयोजना कार्यान्वयन इकाई
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) गोरखा।
टेलिफोन नं: ०६४-४२००२९
इमेल : nragorkha@gmail.com

केन्द्रीय आयोजना कार्यान्वयन इकाई
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), ललितपुर।
टेलिफोन नं.: ०१-५२६०५६५
इमेल : eeapdolidar@gmail.com

'सोल्टी' नाम राखिएको भालेलाई अघिल्लो वर्षको साउनमा आएको बाढीले बगाउँदा भारतीय सीमा नवलपरासीको त्रिवेणीबाट उद्धार गरी ल्याएर सौराहामा राखिएको थियो। नेपाल सरकारले यसअघि एक जोडी 'भङ्ग' र 'रूपसी'लाई चीन पठाइसकेको छ।



छिमेकी मुलुक पाकिस्तानले मंगलबार विविध कार्यक्रमका साथ आफ्नो मुलुकको ७१औं स्वतन्त्रता दिवस मनाएको छ। यही सिलसिलामा काठमाडौंस्थित पाकिस्तानी दूतावास परिसरमा आफ्नो मुलुकको झण्डा झन्डोत्तलन गर्दै सो मुलुकका राजदूत डा. मजार जावेद।
तस्वीर : अनिल आङ्देम्बे/काठमाडौं

# नापी कार्यालयमा शक्तिशाली बम विष्फोट

कालीबहादुर मल्ल
कालिकोट

जिल्ला सदरमुकाम खाँडाचक्र नगरपालिका-१ मान्ममा रहेको नापी कार्यालय र खाँडाचक्र नगरपालिका-२ कालेखोलामा प्रेसर कुकर बम विष्फोटन भएको छ।

दुई ठाउँमा भएको बम विष्फोटवाट कुनै मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख विनोद शर्माले बताएका छन्। उनले बम विष्फोट गराउने विप्लव निकट नेकपाका कार्यकर्ताहरू हुनसक्ने आशंका गरेका छन्। नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका प्रवक्ता खडकबहादुर विकको रिहाइको माग गर्दै सो पार्टीले मंगलबार नेपाल बन्दको आह्वान गरेको थियो।

विष्फोटमा संलग्न भएको आशंकामा सान्नीत्रिवेणी-८ निवासी कालिकोटबाट सुर्खेत जाँदै गरेका यात्रु २२ वर्षीय कासे दर्जी र ग्रिल ल्याउन मान्म सदरमुकाम आएका नरहरिनाथ गाउँपालिका- २ निवासी २३ वर्षीय अनिपाल विकलाई प्रहरीले पक्राउ गरेको छ।

यता विप्लव नेकपा कालिकोटका सेक्रेटरी मनिलाल ऐडीले बन्दकर्ताहरूले बिहान नेपाल बन्द सफल पार्ने प्रयास गरे पनि बम विष्फोटन नगरेको बताएका छन्।

# चीन पठाइयो थप एक जोडी गैंडा

चितवन, (नेस)

छिमेकी राष्ट्र चीनलाई उपहारस्वरूप पठाउन लागिएको थप एक जोडी एक सिंगे गैंडा मंगलबार काठमाडौं पठाइएको छ। सौराहामा राखिएको जोडी गैंडा 'सोल्टी' र 'मितिनी'लाई मंगलबार साँझ पाँच बजे चितवनबाट काठमाडौं पठाइएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी नुरेन्द्र अर्यालले जानकारी दिए। जोडी गैंडा 'सोल्टी' र 'मितिनी'लाई यही साउन ३१ गते चीन पठाउने कार्यक्रम तय भएको छ।

सूचना अधिकारी अर्यालका अनुसार गैंडा छोड्न चितवनबाट प्रमुख संरक्षण अधिकृत वेदकुमार ढकाल, १० जना सुरक्षाकर्मी, केयर टेकर ३ जना, भेटेनरी सहायक १ जना गैंडासँगै काठमाडौं गएका छन्। गैंडाको उत्पत्तिको प्रमाणपत्र, स्वास्थ्यसम्बन्धी प्रमाणपत्र, क्वारेनटाइन प्रमाणपत्र, साइटिस निर्यात सम्बन्धी प्रमाणपत्रलगायतका सबै कानुनी प्रक्रिया पुरा भईसकेको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ। 'मितिनी'लाई निकुञ्जको पश्चिम सेक्टरबाट गत वैशाखमा नियन्त्रणमा लिइएको थियो।

'सोल्टी' नाम राखिएको भालेलाई अघिल्लो वर्षको साउनमा आएको बाढीले बगाउँदा भारतीय सीमा नवलपरासीको त्रिवेणीबाट उद्धार गरी ल्याएर सौराहामा राखिएको थियो। नेपाल सरकारले यसअघि एक जोडी 'भङ्ग' र 'रूपसी'लाई चीन पठाइसकेको छ। सो गैंडालाई चीनको ग्वान्झाओस्थित चिमे लाङग पार्कमा राखिएको छ भने अहिले पठाउन लागिएको सोल्टी र मितिनीलाई चीनको संघाई चिडियाखानामा राखिने जनाइएको छ।

# तापखोला मोटरेबल पुलको डीपीआर तयार

खोटाङ, (नेस)

खोटाङस्थित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका र उत्तरी क्षेत्रको केपिलासगढी गाउँपालिका जोड्ने तापखोलाको मोटरेबल पुलको डीपीआर तयार पारिएको छ। केपिलासगढी गाउँपालिकालाई सडक सञ्जालमा जोड्ने हुर्लुङ-जालपा-बाक्सिला सडक खण्डमा पर्ने तापखोलामा मोटरेबल पुल निर्माणका लागि डीपीआर तयार पारिएको हो।

केपीलासगढी गाउँपालिका-५ सप्तेश्वर र दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मी जोड्ने २५ मिटर लम्बाइ भएको पुलको काम आगामी मंसिर पहिलो सातादेखि शुरु गर्ने जनाइएको छ। केपिलासगढी गाउँपालिका प्रवेश गर्ने मुख्य मार्गमा पर्ने तापखोलामा मोटरेबल पुल निर्माणका लागि डीपीआर तयार पारिएको केपीलासगढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश राईले बताउनुभयो।

७ दशमलब २ मिटर चौडाइ भएको पुल ५ करोड १२ लाख ३३ हजारको लागतमा निर्माण हुने जनाइएको छ। पुल निर्माणका लागि १५ लाख ४३ हजारको खर्चमा डीपीआर तयार पारिएको हो। आगामी २ वर्षभित्र पुल निर्माणको काम सम्पन्न गर्ने लक्ष्यका साथ ई-बिडिङको प्रक्रिया अघि बढाइएको गाउँपालिकाले जनाएको छ।

# केशलिया खोलामा डुबेर बालक बेपत्ता

विराटनगर, (नेस)

विराटनगरस्थित केशलिया खोलामा डुबेर १ जना बालक बेपत्ता भएका छन्। विराटनगर-१ पोखरीया बुद्धचोकका बालक सजेश रौनियार डुबेर बेपत्ता भएका हुन्।

विराटनगरको बरगाछी पश्चिम वडानम्बर ४ स्थित केशलिया खोलामा ९ जना साथीहरूको समूहमा नुहाउन गएका बालक नुहाउने क्रममा गहिरो दहमा डुबेर बेपत्ता भएका हुन्। डुबेका बालक पोखरीया माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत रहेको रौनियारसंगै समूहमा गएका विराटनगर ४ का जनम राईले जानकारी दिए।

आफूले बचाउने प्रयास गरे पनि बचाउन नसकिएको उनले बताएका छन्। बालक डुबेको होहल्ला भएपछि स्थानीयसहित प्रहरीको टोलीले खोलाको २ सय मिटर क्षेत्रमा पौडिएर खोजतलास गरे पनि फेला पार्न सकेको छैन। डुबेको बालक खोज्न सशस्त्र प्रहरी बराह बाहिनी मुख्यालय पकलीबाट गोताखोर झिकाइएको प्रहरीले जानकारी दिएको छ।

# खानेपानी समितिको विवाद मिलाउन अघि सरे नगरप्रमुख

महेश न्यौपाने, रोल्पा

उपभोक्ता समितिमा भागवण्डा नमिलेपछि अवरुद्ध तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना भागवण्डाका आधारमा कार्यसमिति पुनर्गठन गरेसंगै अघि बढ्ने भएको छ।

जिल्ला सदरमुकाम लिवाङमा रहेको लिवाङ बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना सञ्चालन गर्ने भनिए पनि कार्यसमिति गठनमा विवाद हुँदा कार्यक्रम अघि बढ्न सकेको थिएन। सोमबार रोल्पा नगरपालिकाको आह्वानमा भएको सर्वपक्षीय छलफलका आधारमा मौजुदा कार्यसमिति विघटन गरी सबै पक्ष समेटिने गरी कार्यसमिति गठन गर्ने सहमति भएसंगै आयोजनाको काम पनि अगाडि बढ्ने भएको हो।

नगरपालिकाले नगरक्षेत्रभित्रका राजनीतिक दल, खानेपानी तथा सरसफा उपभोक्ता समिति, स्थानीय समाजसेवी र विभिन्न वडाका वडाध्यक्षहरूको उपस्थितिमा सर्वपक्षीय छलफल आयोजना गरेको थियो। सर्वपक्षीय निर्णयका आधारमा नयाँ कार्यसमिति गठनको सहजीकरणका लागि नगर उपप्रमुख मनकुमारी घर्तीको संयोजकत्वमा ९ सदस्यीय समिति गठन गरिएको थियो। सोही समितिले सबै पक्ष समेटिने गरी लिवाङ बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको मौजुदा कार्यसमितिमा हेरफेर गरी ९ सदस्यीय कार्यसमिति गठनका लागि सिफारिस गरेको थियो।

सहमतिअनुसार लिलाधर आचार्य अध्यक्ष रहने गरी ९ सदस्यीय कार्यसमिति पुनर्गठन गरिएको छ। नवगठित कार्यसमितिमा पूर्वमाओवादी केन्द्रबाट उपाध्यक्ष, सचिव र केही सदस्यहरू राखिएको अध्यक्ष लिलाधर आचार्यले जानकारी दिए। बाँकी पदमा अन्य दल निकटबाट प्रतिनिधित्व भएको छ आचार्यले भने- 'गत वैशाखमा भएको अधिवेशनमा आफूले अध्यक्ष पाउनुपर्ने दाबी गरेको तत्कालीन माओवादी केन्द्रलाई अन्य दलले अध्यक्ष दिन नमानेपछि माओवादी केन्द्रले समर्थक उपभोक्ताहरूले निर्वाचन वहिष्कार गरेका थिए।'

# विजयलाई 'आइफोन' ४ जनालाई 'ट्याब'

काठमाडौं, (नेस)

मर्सी एजुकेसन कन्सलटेन्सीले फुटबल वर्ल्डकप २०१८ मा सही अनुमान मिलाउने ५ जना विजेतालाई उपहार प्रदान गरेको छ।

मंगलबार राजधानीमा आयोजित एक कार्यक्रममा प्रतियोगिताका ६४ वटा खेलमध्ये ४० खेलमा सही अनुमान गरी 'ग्रान्ड प्राइज' विजेता विजय खत्रीलाई नेपाल शैक्षिक परामर्श संघ (इक्यान)का अध्यक्ष विष्णुहरि पाण्डेले आइफोन एक्स प्रदान गर्नुभएको हो।

खत्रीसँगै अन्य ४ जना विजेतालाई ट्याब उपहार प्राप्त गरिएको उक्त कन्सलटेन्सीका अध्यक्ष राम टण्डनले जानकारी दिनुभयो। प्रतियोगितामा ६ हजारभन्दा बढी प्रतिष्पर्धी सहभागी थिए।

गोल्डेन ग्लाब प्रेडिक्सनमा सरोज कार्की, गोल्डेन बुटमा रस्मित पोखरेल, बेस्ट प्लेयरमा आशिष श्रेष्ठ र वर्ल्ड कप विजेतामा सही अनुमान गरेर आश्विन अधिकारीले एक-एक वटा ट्याब उपहार पाउनुभयो।

प्रतियोगिताभर हरेक दिनका खेलमा सही अनुमान लगाउने एक जना विजेतालाई प्रत्येक दिन विभिन्न उपहार तथा रिचार्ज कार्डहरू प्रदान गरिएको थियो।

गत १८ जुन २०१८ देखि १५ जुलाई २०१८ सम्म रसियामा आयोजित 'विश्वकप फुटबल २०१८' प्रतियोगिता भर कम्पनीको फेसबुक पेजमार्फत 'प्रेडिक्ट एन्ड विन' कार्यक्रम सञ्चालन गरेको थियो।

## नाबालकले...

झूटो विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिएमा वा लिन प्रयत्न गरेमा, राहदानी वा अनुमतिपत्र नलिई विदेश भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा कारबाही गर्न सक्ने प्रावधान छ।

सरकारले दिएको आदेश वा निर्देशन पालना नगरेमा, अर्को उद्देश्यले राहदानीको प्रयोग गरेमा, आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अरूको प्रयोग गरेमा पनि कारबाही गर्ने व्यवस्था छ। त्यसै गरी राहदानीको फोटो वा विवरण सच्याएमा, कसैको राहदानी मञ्जुरी नलिई बदनीयतपूर्वक नियन्त्रणमा लिएमा, राहदानी ऐन र ऐनअन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी अन्य कुनै काम कारबाही गरेमा त्यस्तो कसूर गर्नेलाई नगद र जेल सजाय तोकिएको छ। त्यस्तो कसुर गर्नेलाई २ लाख रुपियाँदेखि ५ लाख रुपियाँसम्म जरिवाना वा १ वर्षदेखि ३ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

## बन्दको...

नवलपरासीको गैंडाकोटमा दुईवटा ट्रकमा मंगलबार बिहानै आगजनी गरिएको छ। कपिलबस्तुको चनौटाबाट पराल बोकेर हेटौंडातर्फ जाने क्रममा भृकुटीचोकमा रोकिएका दुईवटा ट्रकमा आगजनी गरिएको इलाका प्रहरी कार्यालय गैंडाकोटले जनाएको छ।

नुवाकोटबाट काठमाडौं आउने छहरे-टोखा सडक खण्डमा अज्ञात समूहले तीन वटा ट्रिपरमा आगजनी गरेको छ। शिवपुरी गाउँपालिका ८ स्थित बोहरे खोलाबाट बालुवा बोकी काठमाडौंतर्फ जाँदै गरेको ट्रिपरमा मंगलबार बिहानै आगजनी गरिएको बताइएको छ। नेपाल पत्रकार महासंघ झापाको कार्यालयनजिक बम विष्फोट भएको थियो। पूर्वीरोल्पाको व्यापारिक केन्द्र सुलिचौर बजारनजिक बम विष्फोट भएको थियो।

## मुद्दा...

यस्तै अबदेखि तारिख जुधाउन पाइनेछैन। तारिखसम्बन्धी व्यवस्थाअनुसार कानुनबमोजिम वारेस दिएको मुद्दामा बाहेक कुनै पक्षको मुद्दा परेको अदालतदेखि १५ किलोमीटर बाहिरको अर्को अदालतमा मुद्दा परेमा त्यस्तो पक्षले अदालतलाई सोको जानकारी गराएमा अदालतले दुबै तारिख नजुध्ने गरी पेशी तोक्नुपर्दछ।'

स्मरणीय छ, भदौदेखि मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४, मुलुकी देवानी (संहिता) ऐन २०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ कार्यान्वयनमा आउँदै छ।

## दुर्घटनामा भारतीय मृत्यु

हुम्ला, (नेस)

हुम्लाको हिल्सामा अवतरण गर्ने क्रममा भारतीय तीर्थयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा भारतीय नागरिक नगेन्द्रकुमार कात्तिक मेहता रहेका छन्।

मनाङ एअरको हेलिकप्टरबाट तिब्बतसँग जोडिएको हुम्लाको हिल्सा नाकामा रहेका हेलिप्याडमा अवतरण गर्दै गर्दा सेल्फी फोटो खिच्ने क्रममा हेलिको पछाडिको पंखाले लाग्दा घटनास्थलमै मृत्यु भएको सिमाना प्रहरी चौकीलाई उद्धृत गर्दै सिमिकोट विमानस्थल श्रोतले जनाएको छ।

मानसरोवर कैलास यात्राका लागि हुम्लाको सिमिकोट एयरपोर्टबाट तिब्बतसँग जोडिएको हिल्सा नाकामा रहेको हेलिप्याडमा हेलिकप्टरको पंखाले काट्दा भारतीय नागरिक मेहताको मृत्यु भएको हो।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय, तनहुँ

बोलपत्र छनौटको आशयको सूचना

प्रकाशित मिति :-२०७५/०४/३०

यस कार्यालयको मिति २०७५/०१/२३ को सूचना नं. ०१ ०७४/७५ अनुसार निम्न कार्यको लागि सिलबन्दी बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| DPO/Tanahun/Works/NCB/074/75-01 | Construction of office Building of District Post Office, Tanahun | Ganesh Kunda/I.S. Nirman Sewa J.V, Bidur-01, Nuwakot | १,६२,२२,३०४।०५ |

हुलाक अधिकृत

हार्दिक श्रद्धाञ्जली



जन्म-
वि.सं. २०३४ असोज १८

स्वर्गारोहण:
विसं २०७५ साउन १८

स्व. नम्रता कार्की

यस कामना न्यूज पब्लिकेसन्स्को, नेपाल समाचारपत्र राष्ट्रिय दैनिकका रौतहट संवाददाता सञ्जय कार्कीकी धर्मपत्नी **नम्रता कार्की**को गोसाईंकुण्ड जाने क्रममा पहिरोमा परी अल्पायुमै स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै दुःखको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्तिका लागि भगवान्सँग प्रार्थना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं।

प्रधान सम्पादक
पुष्करलाल श्रेष्ठ
तथा
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि. परिवार

# अर्थ

2018, AUG
Wednesday
15

'भारतबाट आयात हुनेमध्ये करिब ७० प्रतिशत हिउँदको विद्युत् माग व्यवस्थापनका लागि आपूर्ति हुन्छ, जसको खरिद दर हामीले नेपालका निजी ऊर्जा उत्पादकलाई हिउँदका लागि दिँदै आएको प्रतियुनिट ८ रुपियाँ ४० पैसाभन्दा कम छ।'

# विद्युत् चुहावटमा प्राधिकरणको छलाङ, सय करोडभन्दा बढी नाफा

नेपाल समाचारपत्र
काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले विद्युत् चुहावटलाई २० प्रतिशतमा सीमित गर्दै आर्थिक वर्ष २०७४/७५ मा पनि खुद नाफा १ अर्ब १ करोड रुपियाँ खुद नाफा गरेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार अन्तिम लेखा परीक्षण सम्पन्न भएपछि वार्षिक खुद नाफा अझै बढ्न सक्ने छ। गत आवमा प्राधिकरणको सञ्चालन नाफा ७ अर्ब ८६ करोड रुपियाँको हाराहारीमा भएको थियो। प्राधिकरणले गत आवमा प्रणालीमा रहेको २२ दशमलव ९० प्रतिशत विद्युत् चुहावटलाई २० दशमलव ५० प्रतिशतमा झार्ने लक्ष्य राखेको थियो। गत आवमा विद्युत चुहावट २० दशमलव ४५ प्रतिशतमा सीमित भएको छ, जुन प्राधिकरणको इतिहासमा सबैभन्दा कम चुहावट हो।




चुहावट नियन्त्रणबाट प्राधिकरणलाई झण्डै ४ अर्ब रुपियाँ थप आम्दानी भएको छ। चुहावट नियन्त्रण भारतबाट आयात र निजी क्षेत्रका उत्पादकसँगको विद्युत्को औसत खरिद दरमा आएको कमी, मर्मत तथा प्रशासनिक खर्चमा गरिएको नियन्त्रण, लोडसेडिङ अन्त्य, वित्तीय पुनःसंरचनाको प्रभावकारी कार्यान्वयलगायतबाट प्राधिकरण खुद नाफामा जान सफल भएको घिसिङको दाबी छ। प्राधिकरणको सञ्चित नोक्सानी अझै २८ अर्ब १२ करोड रुपियाँ रहेको छ। 'प्राधिकरणको गत आवको वार्षिक बजेटमा खुद नोक्सानी करिब २ अर्ब ५० करोड रुपियाँ हुने प्रक्षेपण गरेको थियौं। तर, प्रशासनिक र वित्तीय सुधारका लागि चालिएका कदमबाट संस्थालाई नाफामा लैजान सफल भएका छौं,' कार्यकारी निर्देशक घिसिङले भन्नुभयो-'मैले जिम्मेवारी सम्हाल्दा संस्था ८ अर्ब ८९ करोड रुपियाँ वार्षिक घाटामा थियो, सबैको निरन्तर सहयोगबाट गत वर्ष पनि संस्था नाफामा गएको हो, यद्यपि, हामीले सोचेजति सफलता हासिल गर्न भने अझै सकिरहेको अवस्था छैन।'

प्राधिकरणले निर्माण गरिरहेको १४ मेगावाटको कुलेखानी तेस्रो, ६० मेगावाटको माथिल्लो त्रिशूली-३'ए' र सहायक कम्पनीमार्फत निर्माण भइरहेको ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले चालू आवभित्रै विद्युत् उत्पादन थाल्ने भएकाले प्राधिकरणको आम्दानी झनै बढ्ने घिसिङको भनाइ छ। 'ती आयोजना आएपछि हामीले सहायक कम्पनीमार्फत निर्माण गर्ने जलविद्युत् आयोजनामा लगानीका लागि सरकारमाथि भर पर्नु पर्दैन प्राधिकरण आफैंले लगानी गर्न सक्छ,' घिसिङले बताउनुभयो।

प्राधिकरणले आव २०७३/७४ मा विद्युत् बिक्री र ब्याज लगायतबाट ५१ अर्ब ७० करोड रुपियाँ आम्दानी गरेकोमा आव २०७४/७५ मा यसलाई बढाएर ६० अर्ब ४८ करोड रुपियाँ पुर्‍याएको छ। आव २०७४/७५ को विद्युत् औसत आयात दर ७ रुपियाँ ४७ पैसा रहेको छ। प्राधिकरणको उपभोक्ता औसत महशुल दर प्रतियुनिट १० रुपियाँ ४ पैसा छ। गत आवमा २ अर्ब ५८ करोड युनिट विद्युत् आयात भएको थियो। आव २०७३/७४ मा २ अर्ब १७ करोड युनिट आयात गरिएको थियो।

'भारतबाट आयात हुनेमध्ये करिब ७० प्रतिशत हिउँदको विद्युत् माग व्यवस्थापनका लागि आपूर्ति हुन्छ, जसको खरिद दर हामीले नेपालका निजी ऊर्जा उत्पादकलाई हिउँदका लागि दिँदै आएको प्रतियुनिट ८ रुपियाँ ४० पैसाभन्दा कम छ,' कार्यकारी निर्देशक घिसिङले भन्नुभयो। जलवायु परिवर्तनका कारण गत आवमा खोला तथा नदीनालामा पानीको बहाव घट्दा प्राधिकरण र निजी क्षेत्रको स्वामित्वमा रहेका विद्युत् गृहबाट गत वर्ष करिब २० प्रतिशत उत्पादन घट्दासमेत विद्युत आपूर्ति भने बढेको छ।

३० मेगावाटको चमेलिया जलविद्युत आयोजना सञ्चालनमा आएका कारण विद्युत आपूर्ति बढेको हो। गत आवमा ७० मेगावाटको मध्यमर्स्याङ्दी विद्युत् गृह मर्मतसम्भारकालागि पाँच दिन र आवको अन्त्यतिर कुलेखानी दोस्रोको एउटा युनिट (१६ मेगावाट)मा समस्या आउँदा उत्पादन बन्द भएको थियो। त्यस्तै त्रिशूलीको विद्युत गृहमा आगो लाग्दा सो केन्द्र र देवीघाटबाट विद्युत् उत्पादन करिब २० दिन बन्द भएको थियो।

# स्टक डेरिभेटिभ औजार विकास गर्न नेप्सेलाई परिपत्र

नेपाल समाचारपत्र
काठमाडौं

नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा बजार मुल्य प्रवृत्तिको सही एवम् यथार्थपरक विश्लेषणका लागि अब कारोबारीय शेयर अर्थात 'ट्रेडेबल शेयर'लाई मात्र आधार मानी फ्लोट सूचकांक र फ्लोट बजार पूँजीकरणको तथ्यांक दैनिक अद्यावधि गरिने भएको छ।

नेपाल धितोपत्र बोर्डले स्टक एक्सचेन्जलाई मंगलबार जारी गरेको परिपत्रअनुसार करिब ६५ प्रतिशत संस्थापक शेयर अर्थात गैरकारोबारीय शेयरको भारले गर्दा समष्टिगत नेप्से परिसूचक बेला-बेलामा अस्थिरसमेत हुने गरेको भन्दै कारोबारीय शेयरको मात्र छुट्टै तथ्यांक सार्वजनिक गर्ने तयारी नेपाल स्टक एक्सचेन्जले गरेको हो। ६५ प्रतिशत गैरकारबारीय शेयरका कारण ३५ प्रतिशत कारोबारीय शेयरमा अस्थिरता आउने अहिलेको अवस्थालाई दृष्टिगत गरी कारोबारीय शेयर मूल्यको आधारमा मात्र गणना गर्ने तयारी नेप्सेले गरेको हो।

फ्लोट सूचकांकले बजार मूल्य प्रवृत्तिको सही एवम् यथार्थ प्रतिनिधित्व गर्ने हुँदा यस सूचकांकका साथै फ्लोट बजार पुँजीकरणलाई समेत आवश्यक महत्त्व दिई स्टक एक्सचेञ्जले आफ्नो वेबसाइट, नियमित दैनिक प्रकाशन तथा अन्य सम्बन्धित दस्तावेजमा समावेश गरी प्रकाशन गर्न लागेको हो।

त्यसैगरी अबदेखि दैनिक शेयर कारोबारको शुरू, उच्चतम्, न्युनतम्, अन्तिम र तिनीहरूको औसतसमेतको तथ्यांक नेप्सेले नै सार्वजनिक गर्ने भएको छ। हाल लगानीकर्तालाई धितोपत्रको दोस्रो बजारमा हुने हरेक कारोबार दिनको सूचकांकमा अन्तिम बिन्दूको मात्रै सूचकांक दिने गरिको छ। तर, अबदेखि नेप्से र फ्लोट सूचकांकको शुरू, उच्चतम, न्यून र औसतको समेत नियमित जानकारी दिने कार्य अगाडि बढाउने बोर्डले जनाएको छ।

धितोपत्रको दोस्रो बजारमा आर्थिक वर्ष २०६९/७० देखि सामूहिक लगानी योजनाको प्रवेश भएसँगै पछिल्लो समय दोस्रो बजारमा यस्ता योजनाको संख्या १३ पुगेको छ भने दोसो बजारमा लगानीकर्ताको सहभागिता पनि बढ्दै गएको देखिन्छ। हाल सामूहिक लगानी योजनाले विशेष संस्थागत लगानीकर्ताको संलग्नताको अभावमा संस्थागत लगानीकर्ता जस्तै कार्य गरिरहेका छन्। सामूहिक लगानी योजना व्यावसायिक एवम् दक्ष कोष व्यवस्थापकद्वारा व्यवस्थापन हुने र यसमार्फत् संकलित रकम विशेष अध्ययन तथा विश्लेषण गरी पोर्टफोलियो व्यवस्थापनको सिद्धान्तअनुसार लगानी गरिन्छ। शेयर खरिद बिक्री मूल्यको सूचकांकभन्दा सामूहिक लगानी योजना खरिद बिक्री मूल्यको सूचकांकमा आउने उत्तारचढाव बढी तथ्यपरक हुने भएका कारण पनि समग्रमा सामूहिक लगानी योजना प्रभावकारी देखिन्छ। अब समूहको कारोबार मूल्यको वास्तविक अवस्थाको जानकारीका लागि यस समूहको पनि एक छुट्टै सूचकांकको विकास गरिने बोर्डले जनाएको छ। यसबाट सामूहिक लगानी योजना समूहको यथार्थ स्थितिको जानकारी लिन, लगानीकर्ता तथा अन्य सरोकारवालाले सामूहिक लगानी योजना समूहलाई समग्र बजार सूचकांक तथा अन्य समूहको सूचकांकसँग तुलना गर्न र समग्र बजार प्रवृत्तिलाई उपयुक्त रुपमा विश्लेषण गर्न सक्ने अवस्थासमेत सिर्जना हुने देखिन्छ।

सामूहिक लगानी योजनाको समेत सूचकांकको विकास गरी नेप्सेको वेबसाइट र सम्बन्धित दस्तावेज र राष्ट्रिय दैनिक पत्रिका तथा अनलाइन पोर्टलहरूमा समावेश गरी प्रकाशन गर्न पहल गर्ने पनि बोर्डले जनाएको छ। धितोपत्रको दोस्रो बजार कारोवारको २५ वर्ष पूरा गरिसकेको नेपाल स्टक एक्सचेञ्जले बजारको स्तर अभिवृद्धि गर्न स्टक वस्तु बजार (डेरिभेटिभ मार्केट) को समेत शुरूवातका लागि स्टक डेरिभेटिभ परिसूचकको कारोबारको सम्भावना सम्बन्धमा अध्ययन गरिरहेको जनाएको छ।

बोर्डको चालू आर्थिक वर्षको धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा लगानीकर्तालाई बजारसम्बन्धी तथ्यपूर्ण एवम् विश्वसनीय सूचना उपलब्ध गराउन सूचना प्रवाह सुदृढ गर्दै जाने र स्टक डेरिभेटिभ मार्केटको विकास गर्ने कार्यक्रम रहेको छ। सोही वार्षिक नीति तथा कार्यक्रम बमोजिम बोर्डले उक्त काम अगाडि बढाएको हो।

## SHARE MARKET

14 AUGUST TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 6036.00 | 324.00 | 317.00 | 324.00 | 7.00 |
| 2 | Api Power Company Ltd. | 1610.00 | 266.00 | 258.00 | 264.00 | 3.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 660.00 | 902.00 | 836.00 | 902.00 | 82.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1515.00 | 248.00 | 243.00 | 244.00 | -1.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3647.00 | 137.00 | 135.00 | 137.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 455.00 | 618.00 | 610.00 | 618.00 | 11.00 |
| 7 | Bank of Kathmandu Ltd. | 5035.00 | 266.00 | 258.00 | 262.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 32.00 | 136.00 | 135.00 | 135.00 | -3.00 |
| 9 | Best Finance Company Ltd. | 710.00 | 110.00 | 104.00 | 106.00 | 0.00 |
| 10 | Bishal Bazar Company Limited | 339.00 | 1725.00 | 1698.00 | 1725.00 | 60.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 30.00 | 5410.00 | 5410.00 | 5410.00 | 100.00 |
| 12 | Butwal Power Company Limited | 1220.00 | 440.00 | 434.00 | 438.00 | 1.00 |
| 13 | Central Finance Co. Ltd. | 562.00 | 115.00 | 114.00 | 115.00 | 1.00 |
| 14 | Century Commercial Bank Ltd. | 5800.00 | 168.00 | 165.00 | 166.00 | 1.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 4138.00 | 910.00 | 896.00 | 900.00 | 6.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 106.00 | 124.00 | 122.00 | 124.00 | 0.00 |
| 17 | Chilime Hydropower Company Limited | 2347.00 | 728.00 | 716.00 | 728.00 | 3.00 |
| 18 | Citizen Bank International Limited | 8700.00 | 233.00 | 229.00 | 233.00 | 1.00 |
| 19 | Citizen Investment Trust | 1048.00 | 2410.00 | 2386.00 | 2410.00 | 0.00 |
| 20 | City Express Finance Co. Limited | 960.00 | 108.00 | 102.00 | 108.00 | 6.00 |
| 21 | Civil Bank Ltd | 8369.00 | 150.00 | 147.00 | 149.00 | 1.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 50.00 | 670.00 | 665.00 | 670.00 | 0.00 |
| 23 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 1448.00 | 674.00 | 672.00 | 672.00 | -13.00 |
| 24 | Deva Bikas Bank Limited | 3506.00 | 128.00 | 126.00 | 128.00 | 0.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 30.00 | 107.00 | 105.00 | 105.00 | 0.00 |
| 26 | Everest Bank Limited | 7244.00 | 655.00 | 646.00 | 650.00 | 0.00 |
| 27 | Everest Insurance Co. Ltd. | 276.00 | 1285.00 | 1260.00 | 1265.00 | 5.00 |
| 28 | Excel Development Bank Ltd. | 600.00 | 320.00 | 318.00 | 320.00 | 5.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 4206.00 | 442.00 | 430.00 | 436.00 | 1.00 |
| 30 | Forward Comm.y Mi. Bittiya Sanstha Ltd. | 723.00 | 2092.00 | 2050.00 | 2092.00 | 32.00 |
| 31 | Gandaki Bikas Bank Limited | 3059.00 | 197.00 | 192.00 | 194.00 | 1.00 |
| 32 | Garima Bikas Bank Limited | 6924.00 | 187.00 | 183.00 | 185.00 | 2.00 |
| 33 | Global IME Bank Limited | 14185.00 | 296.00 | 288.00 | 295.00 | 4.00 |
| 34 | Global IME Lag. Bittiya Sanstha Ltd. | 131.00 | 1080.00 | 1029.00 | 1080.00 | 10.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 21000.00 | 8.44 | 8.44 | 8.44 | -0.16 |
| 36 | Goodwill Finance Co. Ltd. | 3902.00 | 128.00 | 124.00 | 127.00 | 5.00 |
| 37 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 5032.00 | 574.00 | 549.00 | 574.00 | 16.00 |
| 38 | Green Development Bank Ltd. | 20.00 | 138.00 | 136.00 | 138.00 | 0.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 2250.00 | 807.00 | 784.00 | 801.00 | -14.00 |
| 40 | Gurkhas Finance Ltd. | 9174.00 | 115.00 | 107.00 | 115.00 | 6.00 |
| 41 | Hathway Finance Company Limited | 410.00 | 127.00 | 123.00 | 127.00 | 4.00 |
| 42 | Himalayan Bank Limited | 190.00 | 563.00 | 555.00 | 555.00 | 0.00 |
| 43 | Himalayan Distillery Limited | 590.00 | 1343.00 | 1264.00 | 1343.00 | 103.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 2199.00 | 432.00 | 420.00 | 432.00 | 10.00 |
| 45 | Himalayan Power Partner Ltd. | 500.00 | 259.00 | 247.00 | 249.00 | -5.00 |
| 46 | ICFC Finance Limited | 2964.00 | 168.00 | 161.00 | 164.00 | 5.00 |
| 47 | IME General Insurance Ltd. | 220.00 | 825.00 | 810.00 | 812.00 | 3.00 |
| 48 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5122.00 | 167.00 | 161.00 | 163.00 | -1.00 |
| 49 | Janaki Finance Ltd. | 10.00 | 188.00 | 188.00 | 188.00 | 3.00 |
| 50 | Janata Bank Nepal Ltd. | 20874.00 | 155.00 | 150.00 | 154.00 | 1.00 |
| 51 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 26.00 | 2810.00 | 2755.00 | 2810.00 | 55.00 |
| 52 | Jebils Finance Ltd. | 2100.00 | 102.00 | 100.00 | 100.00 | 0.00 |
| 53 | Jyoti Bikas Bank Limited | 4247.00 | 139.00 | 138.00 | 138.00 | -1.00 |
| 54 | Kabeli Bikas Bank Limited | 115.00 | 215.00 | 215.00 | 215.00 | 4.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 7050.00 | 226.00 | 221.00 | 226.00 | 3.00 |
| 56 | Kalika Microcredit Development Bank Ltd. | 770.00 | 1250.00 | 1210.00 | 1250.00 | 40.00 |
| 57 | Kamana Sewa Bikas Bank Limited | 3115.00 | 143.00 | 141.00 | 143.00 | 2.00 |
| 58 | Kankai Bikas Bank Ltd. | 162.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 59 | Karnali Development Bank Limited | 100.00 | 108.00 | 106.00 | 108.00 | 3.00 |
| 60 | Khanikhola Hydropower Co. Ltd. | 186.00 | 108.00 | 104.00 | 108.00 | 2.00 |
| 61 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 113.00 | 1545.00 | 1520.00 | 1545.00 | 25.00 |
| 62 | Kumari Bank Limited | 8357.00 | 196.00 | 194.00 | 196.00 | 2.00 |
| 63 | Lalitpur Finance Ltd. | 220.00 | 167.00 | 167.00 | 167.00 | -3.00 |
| 64 | Laxmi Bank Limited | 1936.00 | 241.00 | 237.00 | 241.00 | 1.00 |
| 65 | Laxmi Equity Fund | 10000.00 | 8.10 | 8.10 | 8.10 | 0.05 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 592.00 | 1005.00 | 995.00 | 1005.00 | 5.00 |
| 67 | Laxmi Value Fund-1 | 9970.00 | 10.00 | 10.00 | 10.00 | -0.01 |
| 68 | Life Insurance Co. Nepal | 2669.00 | 1585.00 | 1550.00 | 1566.00 | -14.00 |
| 69 | Lumbini Bikas Bank Ltd. | 5114.00 | 155.00 | 152.00 | 155.00 | 1.00 |
| 70 | Lumbini General Insurance Co. Ltd. | 1092.00 | 515.00 | 510.00 | 515.00 | 5.00 |
| 71 | Machhapuchhre Bank Limited | 4314.00 | 206.00 | 204.00 | 206.00 | 0.00 |
| 72 | Mahalaxmi Bikas Bank Ltd. | 3020.00 | 192.00 | 187.00 | 192.00 | 4.00 |
| 73 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 76.00 | 665.00 | 652.00 | 652.00 | -4.00 |
| 74 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 195.00 | 2365.00 | 2300.00 | 2365.00 | 30.00 |
| 75 | Manjushree Finance Ltd. | 1788.00 | 123.00 | 120.00 | 123.00 | 4.00 |
| 76 | Mega Bank Nepal Ltd. | 26874.00 | 167.00 | 158.00 | 160.00 | -1.00 |
| 77 | Mero Microfinance Bittiya Sanstha Ltd. | 634.00 | 1020.00 | 995.00 | 1000.00 | 0.00 |
| 78 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd. | 96.00 | 1470.00 | 1450.00 | 1465.00 | 20.00 |
| 79 | Miteri Development Bank Limited | 638.00 | 263.00 | 257.00 | 260.00 | 0.00 |
| 80 | Mithila LaghuBitta Bittiya Sanstha Ltd. | 100.00 | 853.00 | 853.00 | 853.00 | -17.00 |
| 81 | Muktinath Bikas Bank Ltd. | 10305.00 | 384.00 | 374.00 | 378.00 | 0.00 |
| 82 | Multipurpose Finance Company Limited | 30.00 | 201.00 | 194.00 | 194.00 | -11.00 |
| 83 | Nabil Bank Limited | 6383.00 | 907.00 | 900.00 | 907.00 | 0.00 |
| 84 | NABIL Bank Limited Promotor Share | 3995.00 | 710.00 | 707.00 | 707.00 | -3.00 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 150.00 | 1112.00 | 1070.00 | 1084.00 | -7.00 |
| 86 | National Hydro Power Company Limited | 3160.00 | 81.00 | 78.00 | 80.00 | 0.00 |
| 87 | National Life Insurance Co. Ltd. | 3501.00 | 730.00 | 720.00 | 730.00 | 10.00 |
| 88 | National Microfinance Bittiya Sanstha Ltd. | 386.00 | 2109.00 | 2080.00 | 2109.00 | 9.00 |
| 89 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 62.00 | 655.00 | 650.00 | 655.00 | 5.00 |
| 90 | Neco Insurance Co. Ltd. | 360.00 | 517.00 | 515.00 | 517.00 | 10.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 8988.00 | 205.00 | 200.00 | 205.00 | 0.00 |
| 92 | Nepal Bank Limited | 6060.00 | 290.00 | 283.00 | 285.00 | 4.00 |
| 93 | Nepal Community Development Bank Ltd. | 500.00 | 122.00 | 122.00 | 122.00 | -1.00 |
| 94 | Nepal Credit And Comm. Bank Limited | 27960.00 | 178.00 | 172.00 | 178.00 | 5.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 1890.00 | 732.00 | 724.00 | 726.00 | -4.00 |
| 96 | Nepal Hydro Developers Ltd. | 80.00 | 163.00 | 162.00 | 162.00 | 0.00 |
| 97 | Nepal Insurance Co. Ltd. | 2824.00 | 525.00 | 510.00 | 515.00 | 4.00 |
| 98 | Nepal Investment Bank Limited | 13694.00 | 633.00 | 622.00 | 625.00 | 4.00 |
| 99 | Nepal Investment Bank Ltd. Pro. Share | 8935.00 | 566.00 | 556.00 | 559.00 | 4.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. | 8502.00 | 954.00 | 934.00 | 946.00 | -1.00 |
| 101 | Nepal SBI Bank Limited | 3259.00 | 500.00 | 496.00 | 499.00 | 3.00 |
| 102 | Nerude Laghubita Bikas Bank Limited | 1348.00 | 565.00 | 555.00 | 565.00 | -9.00 |
| 103 | Ngadi Group Power Ltd. | 258.00 | 163.00 | 155.00 | 163.00 | 7.00 |
| 104 | NIBL Pragati Fund | 14798.00 | 8.00 | 7.75 | 7.75 | -0.15 |
| 105 | NIC Asia Bank Ltd. | 2453.00 | 313.00 | 307.00 | 312.00 | 3.00 |
| 106 | NIC Asia Growth Fund | 1000.00 | 8.89 | 8.89 | 8.89 | 0.00 |
| 107 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 1727.00 | 969.00 | 940.00 | 969.00 | 29.00 |
| 108 | NLG Insurance Company Ltd. | 423.00 | 825.00 | 819.00 | 825.00 | 19.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 317.00 | 1498.00 | 1442.00 | 1498.00 | 56.00 |
| 110 | NMB Bank Limited | 12295.00 | 320.00 | 311.00 | 320.00 | 9.00 |
| 111 | NMB Hybrid Fund L-1 | 416.00 | 9.28 | 9.28 | 9.28 | 0.18 |
| 112 | Om Development Bank Ltd. | 40623.00 | 193.00 | 185.00 | 193.00 | 8.00 |
| 113 | Oriental Hotels Limited | 1046.00 | 505.00 | 495.00 | 498.00 | 2.00 |
| 114 | Pokhara Finance Ltd. | 4208.00 | 146.00 | 140.00 | 146.00 | 8.00 |
| 115 | Prabhu Bank Limited | 9049.00 | 190.00 | 184.00 | 188.00 | 1.00 |
| 116 | Prabhu Insurance Ltd. | 3719.00 | 494.00 | 472.00 | 494.00 | 17.00 |
| 117 | Premier Insurance Co. Ltd. | 1921.00 | 1030.00 | 1000.00 | 1015.00 | 3.00 |
| 118 | Prime Commercial Bank Ltd. | 24323.00 | 291.00 | 285.00 | 289.00 | 8.00 |
| 119 | Prime Life Insurance Company Limited | 1948.00 | 510.00 | 501.00 | 510.00 | 9.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 3464.00 | 724.00 | 704.00 | 720.00 | 10.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 1088.00 | 158.00 | 155.00 | 158.00 | 6.00 |
| 122 | Radhi Bidyut Company Ltd | 310.00 | 224.00 | 220.00 | 222.00 | 1.00 |
| 123 | Rairang Hydropower Dev. Co. Ltd. | 1080.00 | 153.00 | 148.00 | 153.00 | 4.00 |
| 124 | Rastriya Beema Company Limited | 85.00 | 10400.00 | 10300.00 | 10400.00 | 0.00 |
| 125 | Rastriya Beema Co. Limited Pro. Share | 10.00 | 9450.00 | 9450.00 | 9450.00 | 50.00 |
| 126 | Reliance Finance Ltd. | 383.00 | 122.00 | 119.00 | 122.00 | 2.00 |
| 127 | Ridi Hydropower Dev. Company Ltd. | 33.00 | 116.00 | 116.00 | 116.00 | -1.00 |
| 128 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1497.00 | 640.00 | 633.00 | 640.00 | 5.00 |
| 129 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1236.00 | 498.00 | 490.00 | 493.00 | 4.00 |
| 130 | Sagarmatha Insurance Co. Ltd. | 4567.00 | 1310.00 | 1290.00 | 1310.00 | 0.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 1483.00 | 1125.00 | 1104.00 | 1120.00 | 5.00 |
| 132 | Sanima Bank Limited | 8736.00 | 317.00 | 307.00 | 315.00 | 6.00 |
| 133 | Sanima Mai Hydropower Ltd. | 7532.00 | 304.00 | 300.00 | 304.00 | 4.00 |
| 134 | Shangrila Development Bank Ltd. | 10953.00 | 147.00 | 141.00 | 146.00 | 2.00 |
| 135 | Shikhar Insurance Co. Ltd. | 560.00 | 904.00 | 892.00 | 903.00 | 13.00 |
| 136 | Shine Resunga Development Bank Ltd. | 3547.00 | 275.00 | 270.00 | 275.00 | 5.00 |
| 137 | Shree Investment Finance Co. Ltd. | 2100.00 | 150.00 | 148.00 | 150.00 | 4.00 |
| 138 | Siddhartha Bank Limited | 4642.00 | 308.00 | 304.00 | 307.00 | 2.00 |
| 139 | Siddhartha Equity Fund | 22500.00 | 9.35 | 9.20 | 9.35 | -0.01 |
| 140 | Siddhartha Equity Orineted Scheme | 134800.00 | 11.50 | 11.30 | 11.50 | 0.07 |
| 141 | Siddhartha Insurance Ltd. | 699.00 | 662.00 | 656.00 | 662.00 | 4.00 |
| 142 | Soaltee Hotel Limited | 3194.00 | 248.00 | 240.00 | 248.00 | 0.00 |

Total Amount Rs. 189,586,735 Total Quantity 732,725 Total No of Transactions 3,278












मधुराई तामिलनाडुमा शुरू भएको भाईवरेन्ट तामिलनाडु ग्लोबल एक्पो सम्मेलन २०१८ मा भाग लिन महासंघका उपाध्यक्ष किशोर कुमार प्रधानको नेतृत्वमा महासंघको १५ सदस्यीय व्यावसायिक प्रतिनिधिमण्डल हाल भारत भ्रमणमा रहेको छ। एक्सपोमा १० देशका विभिन्न प्रकारका कृषिसँग सम्बन्धी १ सय ८० स्टल राखिएको छ। एक्सपोमा ३० देशका ४ सय भन्दा बढी उद्योगी व्यवसायीको सहभागिता रहेको जनाइएको छ।

# मेगा बैंकको खुद नाफा अर्ब नाघ्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

मेगा बैंक नेपालको नाफा पहिलोपटक एक अर्ब रुपियाँ नाघेको छ। गत आर्थिक वर्षको तुलनामा बैंकको खुद नाफा ३२ प्रतिशतले बढेर १ अर्ब ४ करोड ६६ लाख पुगेको प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले बताउनुभयो।

'मेगा बैंक स्थापनाको भर्खरै ८ वर्ष भएको छ। तर, यति छोटो अवधिमै वार्षिक नाफा एक अर्ब नाघ्नुलाई हामीले ऐतिहासिक सफलताको रुपमा लिएका छौं।' सीईओ खुञ्जेलीले भन्नुभयो-'अब हामी गर्वका साथ बिलिनियर क्लबमा प्रवेश गरेका छौं। टुरिजम डेभलपमेन्ट बैंकसँग मर्जर भएको हुनाले ९ महिनाको खुद मुनाफाबाट १४ करोड रुपियाँ रिजर्भमा लगेर राखेका छौं। योसहित जोड्ने हो भने मेगा बैंकले गत आर्थिक बर्षमा १ अर्ब १९ करोड रुपियाँ खुद मुनाफा आर्जन गरेको छ।'

मेगा बैंकको ग्राहक संख्या ९० प्रतिशतले वृद्धि हुँदै ४ लाख ९६ हजार पुगेको बैंकले जनाएको छ। आर्थिक वर्ष २०७३/७४ मा कुल निक्षेप ३८ अर्ब ९४ करोड रुपियाँ भएकोमा २०७४/७५ मा ६२ अर्ब पुगेको छ। जुन २४ अर्ब ३ करोड रुपियाँले बढी हो। यसैगरी सोही अवधिमा कर्जा २२ अर्ब ७ करोड रुपियाँले बढेको छ। कुल कर्जा ३५ अर्ब १९ करोड रुपियाँले वृद्धि भई ५७ अर्ब २६ करोड रुपियाँ पुगेको बैंकले जनाएको छ।

मेगा बैंकको शाखा संख्या १०१ वटा पुगेको छ। गत आर्थिक वर्षमा बैंकको ४७ वटा शाखा मात्र थियो। त्यस्तै १४ वटा एक्टेनसन काउन्टर, ११९ वटा शाखारहित बैंकिङ सेवा, २ हजारभन्दा बढी मेगा रेमिट सञ्जाल र ७४ वटा एटीएम छन्। यसैबीच मेगा बैंक नेपालका ग्राहकलाई ललितपुरको सानेपास्थित स्टार अस्पतालले १५ प्रतिशतसम्म छुट दिने भएको छ।

मेगा बैंक नेपालका वरिष्ठ नायब महाप्रबन्धक महेश शर्मा ढकाल र स्टार अस्पतालका प्रमुख सञ्चालन अधिकृत डा. सन्देश जिसीबीच सोमबार सम्झौतापत्रमा हस्ताक्षर भएको छ। सोही सम्झौता बमोजिम मेगा बैंकका ग्राहकलाई स्टार अस्पतालले स्वास्थ्य उपचारमा विशेष छुट र प्राथमिकता दिने भएको हो। सम्झौताअनुसार, मेगा बैंकका डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकले स्टार अस्पतालमा उपचार गराउँदा आईसीयू, क्याबिन र वार्डमा १५ प्रतिशतसम्म छुट पाउने भएका छन्। यसैगरी, ल्याब टेष्ट, एक्सरे, इसिजी, इन्डोस्कपी, क्लोनोकपी, यूएसजी, इइजी, सिटी स्क्यान, पीएफटीलगायतका परीक्षण, औषधि र शल्यक्रियामा १०-१० प्रतिशत छुट पाउने भएका छन्।

## महासंघको प्रदेश नम्बर ५ र तामिलनाडु चेम्बर फाउन्डेसनबीच सम्झौता

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश नम्बर ५ र भारतको तामिलनाडु चेम्वर फाउन्डेसनबीच आर्थिक व्यावसायिक क्षेत्रमा सहकार्य गर्ने उद्देश्यलेसहमती पत्रमा हस्ताक्षर भएको छ। नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष किशोर कुमार प्रधानको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा सहमतिपत्रमा महासंघको प्रदेश नम्बर ५ का अध्यक्ष गुणनिधि तिवारी र टीएनसीएफका तर्फबाट अध्यक्ष एस. रेथिनाभेलुले हस्ताक्षर गर्नुभयो। सहमतीपत्र अनुसार आपसी लाभका क्षेत्रहरूको पहिचानसहित लगानी प्रवर्द्धन, व्यापार तथा आर्थिक सम्बन्ध विस्तार, व्यापारिक प्रतिनिधिमण्डलको आदान प्रदान, प्रवर्द्धनात्मक कार्यक्रम जस्तो लगानी तथा व्यापारसम्बन्धी सम्मेलन, व्यापार मेला, बायरसेलर मिटिङ, वानटुवान विजनेस मिटिङ, आर्थिक व्यावसायिक लगानीलगायतका विषयमा सभा सम्मेलनको आयोजना, बजार अध्ययन, प्राविधिक ज्ञान तथा विकासका मोडलहरू आदान प्रदान गर्ने प्रतिबद्धता जनाइएको छ।

साथै आर्थिक व्यावसायिक र समग्रमा अर्थतन्त्रसँग सम्बन्धी दस्तावेज, नीतिगत दस्तावेजको आदान प्रदान, आयात निर्यातसम्बन्धी वस्तु तथ्यको जानकारी, आयात निर्यात प्रवर्द्धन, यस क्षेत्रका विद्वान तथा विज्ञको भ्रमण आदान प्रदानलगायतमा सहकार्य गर्ने कुरा सहमतीपत्रमा उल्लेख गरिएको छ।

# टाटा मोटर्स कार मेला हुँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले वार्षिक रुपमा आयोजाना गर्दै आएको टाटा मोटर्स कार मेलाको सिजन-६, भदौ १ गतेदेखि काठमाडौंको नक्साल ब्यांक्वेटमा शुरू हुँदैछ।

तीन दिनसम्म चल्ने मेला प्रत्येक दिन बिहान ११ बजेदेखि बेलुका ७ बजेसम्म हुनेछ। कार मेला सिजन ६ का मुख्य आकर्षणहरूमा टाटा प्यासेन्जर गाडीको बृहत् प्रदर्शनी, ४ लाखसम्मको विषेश छुट, २ लाखसम्मको एक्सेन्ज बोनस, अन द स्पट फाइनान्स र बीमा सुविधा, टेस्ट ड्राइभलगायत विभिन्न सांगीतिक एवम् मनोरन्जनात्मक कार्यक्रमका साथै रिफ्रेसमेन्टको समेत व्यवस्था रहेको छ। उक्त मेला अवधिभर बुकिङ गर्दा गोला प्रथामार्फत एक जोडीलाई युरोप टुर, एक जोडीलाई थाइल्यान्ड टुर, एक थान हिराको औंठी, दुई जनालाई २ वर्षको निःशुल्क सर्भिसिङ, तीन जनालाई कम्प्रिहेन्सिभ इन्स्योरेन्स, एक जनालाई ६ महिनाको निःशुल्क इन्धन उपहार रहेको छ।




त्यस्तै प्रत्येक टेस्ट ड्राइभमा एउटा उपहार र लक्की ड्र मार्फत होलिडे प्याकेज, प्रत्येक भ्यालुयेसनमा २ जनाको लागि फिल्म टिकट र गोला प्रथामार्फत वासिङ कुपन एक जनालाई, फुल ट्यांक इन्धन एक जनालाई र फेसबुक प्रतियोगिताअन्तर्गत लक्की ड्रमा प्रत्येक दिन मोबाइल रहेको छ।

# रियल स्कुल अफ नेपालको काठमाडौं अडिसन सम्पन्न



काठमाडौं, (नेस)


रियल स्कूल अफ नेपाल २०१८ अन्तर्गत नवौं क्षेत्रीय फाइनल मध्यमाञ्चलको काठमाडौं पूर्वको प्रतियोगिता सम्पन्न भएको छ। उक्त प्रतियोगिताबाट विजयी विद्यालय ग्यालेक्सी पब्लिक स्कूल घोषित भएको छ। विजयी विद्यालयका सहभागी विद्यार्थी क्रिस्टोफरराज पौडेल, जिज्ञासा सोनम, सक्षम छत्कुली, निरन्जना मानन्धर, रिचन सरगमयामफु र दीपबहादुर शाह रहेका छन्। विजयी विद्यार्थीले काठमाडौंमा हुने रियल स्कूल अफ नेपाल २०१८ को अन्तिम चरणको प्रतियोगितामा अन्य विजयी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्नेछन्।

# सिटिजन्स बैंकको टोखामा शाखा खुल्यो



काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनको ७९औं शाखा काठमाडौंको टोखामा सञ्चालनमा आएको छ। मंगलबार बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले बैंकिङ कारोबारको शुरूवात गर्नुभयो। सिटिजन्स बैंक इन्टरनेसनलले ७९ वटा शाखा, ७१ वटा एटीएम र ९९ वटा शाखारहित बैंकिङ इकाईबाट करिब ३ लाख ५० हजार ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको छ।








# क्रिकेटलाई राष्ट्रपतिको बधाई



**नेपाल समाचारपत्र**

काठमाडौं

क्रिकेटको इतिहासमा नेपालले पहिलोपटक एकदिवसीय (वानडे) अन्तर्राष्ट्रिय खेल खेलेको नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीलाई राष्ट्रपति विद्यादेवी भण्डारीले बधाई दिनुभएको छ।

मंगलबार राष्ट्रपति भवन शीतल निवासमा नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई बधाई दिने क्रममा राष्ट्रपति भण्डारीले सञ्चार माध्यममार्फत् क्रिकेटलाई नियालिरहेको बताउनुभयो। राष्ट्रपति भण्डारीले खेलकुदलाई विद्यालय तहदेखि नै विकास गर्न आवश्यक रहेको बताउँदै क्रिकेट टोलीले हासिल गरेको उपलब्धीको प्रशंसा गर्दै बधाई दिनुभएको थियो।

वहाँले यस खेललाई मलजल गरी फल प्राप्त गर्नेतर्फ सम्बन्धित निकायले चासो दिनुपर्ने धारणा पनि व्यक्त गर्नुभयो। वहाँले बताउनुभयो- 'क्रिकेट समस्या समाधान गर्न आवश्यक परे मेरोतर्फबाट सहयोग हुन्छ। यो मेरो इच्छा हो। आश्वासन होइन। किनकि म खेलकुदको विकास भएको हेर्न चाहन्छु। क्रिकेटको समस्या चाँडो समाधान होस्। समस्याको विषय नबनाऊँ।'

नेपालले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलसँग आबद्ध भए यता २२ वर्षपछि पहिलोपटक वानडे क्रिकेट खेलेको हो। नेपालले नेदरल्यान्डस्मा हालै भएको दुई खेलको वानडे सिरिजमा १-१ बराबरीको सानदार उपलब्धि हासिल गरेको छ। नेपालले पहिलो वानडे खेलमा हार बेहोरे पनि दोस्रो वानडेलाई भने १ विकेटले जित्दै स्मरणीय बनाएको थियो।

## पारस ब्रान्ड एम्बेसडर

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्कालाई एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेजले ब्रान्ड एम्बासेडर बनाएको छ। एक्सपर्ट एजुकेसनले मंगलबार गरेको सम्झौताअनुसार पारस ३ वर्षका लागि ब्रान्ड एम्बासेडर हुनेछन्।

सम्झौतापत्रमा एक्सपर्ट एजुकेसनका प्रमुख कार्यकारी अधिकृत सञ्जीव शर्मा र कप्तान पारसले हस्ताक्षर गरेका थिए। ब्रान्ड एम्बेसडरबापतको रकम भने खुलाइएको छैन। नेपाललाई एकदिवसीय (वानडे) अन्तर्राष्ट्रिय मान्यता दिलाउन सफल भएको र घरेलु प्रतियोगितामा समेत उत्कृष्ट प्रदर्शन गरिरहेका कारण पारसलाई ब्रान्ड एम्बेसडर चयन गरेको एक्सपर्ट एजुकेसनले जनायो। एक्सपर्टले विगत ३ वर्षदेखि नेपाली क्रिकेटको उत्थान र विकासका लागि स्कुल प्रिमियर लिग र कलेज प्रिमियर लिग गर्दै आइरहेको छ।

## एक्सपर्टद्वारा स्टार क्रिकेटलाई रकम

*एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेजले मंगलबारै स्टार क्रिकेट एकेडेमीलाई आर्थिक सहयोग प्रदान गरेको छ।*

*एक्सपर्ट एजुकेसनले शक्ति गौचनको स्टार क्रिकेट एकेडेमीलाई १ लाख ५० हजार नगद सहयोग गरेको हो। स्थानीय स्तरबाटै क्रिकेट खेलाडीलाई प्रशिक्षण गरिरहेको र नयाँ खेलाडी उत्पादनमा क्रियाशील गरिरहेको एकेडेमीले भविष्यमा अझ क्षमतावान् र प्रतिभावान् खेलाडी उत्पादन गराउन एक्सपर्टले आर्थिक सहयोग गरेको बताएको छ। भेट्रान क्रिकेटर शक्तिले रूपन्देहीको पर्सरीमा क्रिकेट एकेडेमी सञ्चालन गर्दै आइरहेका छन्।*


**सवारी चालकका लागि स्वर्णिम अवसर**

यस कामना न्यूज पब्लिकेशन्स्का लागि एकजना सवारी चालको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क राख्न सकिनेछ।

**सुविधा**

१) घरमा बस्ने व्यवस्था। पानी बिजुली निःशुल्क।
२) कम्तिमा मासिक रु १५०००/- तलब।
३) श्रीमती हुनेलाई घरमा काम गर्ने अवसर।
४) भान्छा र बगैंचामा काम गर्ने अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।
५) सवारी चालकको हकमा गाडी सम्बन्धि प्राविधिक ज्ञान भएकालाई विशेष प्राथमिकता दिइनेछ।
६) सवारी चालकका एकजना बच्चालाई कक्षा १० सम्मको छात्रवृत्ति।

सम्पर्क फोन: ४-२६११७९
भीमसेनस्थान, काठमाडौं।


# सुटिङ टोलीको बिदाइ

काठमाडौं, (नेस)

इन्डोनेसियामा हुने १८औं एसियाली खेलकुदअन्तर्गत सुटिङमा सहभागी हुने ६ सदस्यीय नेपाली टोली बुधबार पालेम्वाङ प्रस्थान गर्ने भएको छ। अगस्ट १९ र २० तारिखमा पालेम्वाङमा हुने सुटिङमा एक पुरुष र दुई महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। पुरुषमा सुशे चौधरी तथा महिलामा सुस्मिता नेपाल र कल्पना परियार छन्। खेलाडी त्रयले १० मिटर एयर राइफलमा प्रतिस्पर्धा गर्नेछन्। एसियाडमा एमक्युएस (मिनिमम क्वालिफिकेसन स्कोर) अन्तर्गत ६ सय पूर्णाङ्कमा ५ सय ७० अंक प्राप्त गरे ओलम्पिकमा सहभागी हुन 'वाइल्ड कार्ड' का लागि अप्लाई गर्न सकिने नेपाल सुटिङ संघले जनाएको छ। १९८२ को नयाँ दिल्लीमा आयोजित एसियाडदेखि सुटिङमा नेपालको सहभागिता लगातार भएको छ।



### एथलेटिक्स टोलीको बिदाइ

इन्डोनेसियामा हुने १८औं एसियाली खेलकुदमा सहभागी हुने नेपाली एथलेटिक्स टोलीलाई नेपाल एथलेटिक्स संघले मंगलबार बिदाइ गरेको छ। अगस्ट २५ र २७ तारिखमा हुने एथलेटिक्समा नेपालबाट ४ पुरुष र २ महिला गरी ६ खेलाडी सहभागी हुनेछन्। पुरुषमा यामसाजन सुनार, सोमबहादुर कुमाल, गोपीचन्द्र पार्की र कृष्ण बस्नेत रहेका छन्। महिलामा विश्वरूपा बुढा र सरस्वती भट्टराई छन्। सोही अवसरमा खेलाडीलाई पोशाक खर्चबापत् राष्ट्रिय खेलकुद परिषद्ले उपलब्ध गराएको रकम पनि खेलाडीलाई प्रदान गरिएको थियो। नेपाल एथलेटिक्स संघका अध्यक्ष राजिवविक्रम शाहले खेलाडीलाई जनही १० हजार नगद हस्तान्तरण गरे। खेलाडीलाई ट्र्याकसुट पनि प्रदान गरिएको थियो।

# नेपाल जापानसँग पराजित

काठमाडौं, (नेस)

भाद्र २ गतेदेखि शुरू हुन अगावै १८औं एसियाली खेलकुदअन्तर्गत आयोजित पुरुष फुटबलतर्फ नेपालको खराब शुरूआत भएको छ।

इन्डोनेसियाको सिकाराङस्थित विबावा मुक्ति रंगशालामा मंगलबार भएको खेलमा नेपालको यु २३ राष्ट्रिय फुटबल टोली जापानको युवा टोलीसँग १-० गोलअन्तरले पराजित भयो। समूह डी मा भएको खेलमा नेपालले शुरूआतमै गोल बेहोरेको थियो। सातौं मिनेटमा मिटोमा काउरुले गोल गरेपछि नेपाली टोली १-० ले पछि परेको थियो। यसपछि बाँकी समयमा गोल फर्काउन नसक्दा नेपालले हार आत्मसात गर्नुपरेको थियो। एसियाली खेलकुदकै लागि नेपालले यसअघि थाइल्यान्डमा दुई अभ्यास खेल खेलेको थियो। तर दुबै खेलमा नेपाल पराजित भएको थियो। नेपालको समूहमा जापानसहित भियतनाम, पाकिस्तान रहेका छन्। नेपालले बिहीबार भियतनामसँग खेल्नेछ।

# अन्तर्राष्ट्रिय कराँतेमा नेपालको सहभागिता

**नेपाल समाचारपत्र**

काठमाडौं

भारतमा हुने अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा नेपाली खेलाडीले भाग लिने भएका छन्। सो प्रतियोगितामा भाग लिने खेलाडीको टोली भारत प्रस्थान गरेको छ। भारतको कर्नाटक राज्यको सिभागोमा जिल्लाको नेहरु इन्डोर स्टेडियममा भदौं १ देखि ३ गतेसम्म हुन गइरहेको प्रतियोगितामा २० जना खेलाडीले सहभागीता जनाउने भएका हुन्।

तोयाकान नेपाल बादोरिया कराँते डो संघको संयोजनमा संघका वरिष्ठ तथा प्रमुख प्रशिक्षक अरूणकुमार कार्कीको नेतृत्वमा प्रतिनिधिमण्डल सोमबार प्रस्थान गरेको थियो। सो प्रतियोगितामा अमेरिका, भारत, नेपाल, बंगलादेश, मलेसियासहितका विभिन्न राष्ट्रका खेलाडीबीच प्रतिस्पर्धा हुनेछ।



२० जना खेलाडी र ४ जना अफिसियल रेफ्रीहरु अजय भक्त श्रेष्ठ, मनिस तामाङ, केशर सुब्बा र रञ्जन सापकोटालाई शुक्रबार एक कार्यक्रमको आयोजना गरी विदाई गरिएको थियो।

सो बिदाई कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. ६ का वडाअध्यक्ष रमेश अर्याल, वडा नं. ८ का वडाअध्यक्ष मनोज ढुंगाना, तोयाकान नेपाल बादोरिया कराँते डो संघका अध्यक्ष सञ्जय लामा, प्रतिनिधिमण्डलका सहभागी रेफ्री मनिष तामाङ लगायतले प्रतियोगितामा सहभागीता जनाउने खेलाडीलाई खेल सफलताका लागि कामना गरे।

## धरहरा

### पत्रकारिताको नयाँ व्याख्या



हिन्दू परम्पराअनुसार बिहेको निम्तो गर्दा आफन्तजन र छरछिमेकीलाई सुपारी दिने पुरानै चलन हो। नेवारी समुदायमा वरबधुका अभिभावकबीच सुपारी आदान-प्रदान गरेपछि बिहे पक्का हुन्छ, अर्थात् बिहेको कुरो छिनिन्छ।

तर पत्रकारिता क्षेत्रमा पनि 'सुपारी' शब्द जोडिँदोरहेछ, धरहरालाई यो शब्द नौलो लाग्यो। खोजी पत्रकारिता, विधागत पत्रकारिता, पीत पत्रकारिताजस्ता शब्द र अभ्यासबारे धरहरा पुरै जानकार छ तर शहरमा त सुपारी पत्रकारिता पनि चल्तीमा रहेछ, त्यो भर्खर सुनियो। पत्रकारितालाई नयाँ ढंगले परिभाषित गर्दै ललितपुरकी एक माननीयले उच्चारण गरेपछि सुन्ने/बुझ्ने मौका पायो।

ललितपुरको धापाखेलमा अवस्थित नागदहको प्रचार-प्रसार गर्न आयोजित जमघटका बीच माननीयले पत्रकारलाई लक्षित गर्दै भनिन्-'तपाईंहरु सुपारी पत्रकारिता नगर्नुस्।' माननीयले पटक-पटक त्यस्तो शब्द उच्चारण गरेपछि पत्रकारहरु एक आपसमा कानेखुशी गर्न थाले- 'हैन पत्रकारिताको नयाँ परिभाषा आएछ, हाम्लाई थाहा नभएको परिभाषा माननीयलाई कसरी थाहा भयो ?'

हरिसिद्धि ईंटा तथा टायल कारखानामा आफ्नो पनि लगानी भएको भन्ने व्यहोराको समाचार केही दिनअघि सार्वजनिक भएपछि उनलाई धेरै खटपटी भएको रहेछ। त्यही भएर उनले मनको बह पोखेकी रैछिन्। दानापानी लिएर गरिने 'चेकबुक पत्रकारिता' लाई उनले आफ्नै ढंगले सुपारी पत्रकारिताका रूपमा व्याख्या गरेको प्रष्ट भयो। धरहरा चाहन्छ- 'समृद्ध नेपाल, सुखी नेपाली' अभियानका लागि सुपारी पत्रकारिता बाधक नबनोस्।


# आवश्यकता

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.** का लागि तल उल्लेखित भाषा विज्ञ तथा पत्रकारहरुको आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ।

**पद: भाषा सम्पादक** (विषय: नेपाली) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा सम्बन्धित विषयमा स्नातक उत्तीर्ण।
**प्राथमिकता** : नेपाली भाषामा शुद्धसँग पुनर्लेखन/सम्पादन गर्न सक्ने। पत्रकारिता विषयमा अध्ययन गरी अंग्रेजी भाषाबाट नेपालीमा अनुवाद गर्न सक्नेलाई विशेष प्राथमिकता।

**पद: संवाददाता** (विषय: अर्थ) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।
**प्राथमिकता** : अर्थशास्त्रको अध्ययन गरी नेपाली भाषामा दखल भएको।

**पद: संवाददाता** (विषय: राजनीति) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।
**प्राथमिकता** : राजनीति शास्त्रमा अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: विकास/समाज) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।
**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: स्वास्थ्य) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।
**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: अपराध) **संख्या: १**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।
**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: मनोरञ्जन) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।
**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: सम्पादक** (अनलाइन) **संख्या: १**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।
**प्राथमिकता** : अनलाइन सम्बन्धी प्राविधिक ज्ञान भएकोलाई विशेष प्राथमिकता।

**नोट :**
१. राजनीतिक पार्टीको संघसंगठनमा आबद्ध भएका व्यक्तिको दरखास्त स्वीकृत गरिने छैन।
२. कम्प्यूटर सीप अनिवार्य।
३. दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति २०७५/०५/१५ गते।

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
ठेगाना: भीमसेनस्थान, काठमाडौं। फोन नं. ०१-४२६११७९। hrkamana@gmail.com


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ